# तिला गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

## (आ.व. २०८०/८१ — २०८२/८३)

# Medium-Term Expenditure Framework

## (Fiscal Year 2023/24 – 2025/26)



तिला गाउँपालिका

कार्यपालिकाको कार्यालय
डुन्डेलि, जुम्ला
कर्णाली प्रदेश

“समृद्ध, समतामूलक र सुन्दर भूमी तिला: जैविक कृषि, पर्यटन र पुर्वाधार आधारशिला”

**मध्यमकालीन खर्च संरचना (आ.व. २०८०/८१ — २०८२/८३)**

प्रकाशक : तिला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, डुन्डेलि, जुम्ला
सर्वाधिकार : प्रकाशकमा
प्रकाशन मिति : २०८०

**प्राविधिक सहयोग : स्थानीय पुर्वाधार सहयोग कार्यक्रम (LISP)/ युरोपेली संघ समावेशी संघीयता सहयोग परियोजना-युसिफ**

सम्पर्कका लागि : गाउँ कार्यपालिकाको कार्यालय
डुन्डेलि, जुम्ला कर्णाली प्रदेश, नेपाल
फोन नं. : 9858320479
ईमेल : ito.tilamun@gmail.com

## तिला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### डुण्डेली, जुम्ला

---



**मन्तब्य**

मध्यकालिन खर्च संरचना स्थानीय सरकारको अनिवार्य दायित्वका रुपमा रहेको छ। आवधिक योजना र बार्षिक बजेट बीच तालमेल नहुँदा सरकारले गर्ने योजना बहुविकासमा चुनौतिहरु थपिरहने आयोजना कामकाज र प्रतिफल नतिजामुखि नदेखिने हुँदा नेपालको संविधान,अन्तर सरकारी वित्त व्यावस्थापन ऐन, २०७४ दफा (१७) संघ,प्रदेश र स्थानीय सरकारले मध्यकालिन खर्च संरचना बनाउन अनिवार्य व्यवस्था गरेको छ।

मध्यकालिन खर्च संरचनाले जनचाहाना र विद्यमान सम्भावनामा आधारित रही विद्यमान समस्याहरुलाई व्यवस्थित रुपमा संबोधन गर्त तर्जुमा तरिने आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वाङ्गीण विकासको दिर्घकालिन सोच तर्फ उन्मुख गराउने भएकाले मध्यकालिन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व मात्र नभई गाउँपालिका स्वयम्का लागि पनि विशेष महत्व र आवश्यकताको विषयका रुपमा रहेको छ। यसर्थ, यस मध्यकालीन खर्च संरचनाले यस गाउँपालिकाको आवधिक योजना र वार्षिक योजनाका बीचमा पुलको रुपमा कार्य गरी आवधिक योजनाका लक्ष्य उद्देश्यहरु हासिल गर्ने तर्फ गाउँपालिकाको वित्त व्यवस्थापनलाई डोर्याउने अपेक्षा गरेको छ।

मध्यकालिन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सफल सिद्ध भएको एउटा महत्वपूर्ण औजार भएको नाताले यसले दिगो विकासका लक्ष्यहरुमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छु। तिला गाउँपालिकाले कार्यभार सुरु गरेको छ बर्ष पुरा गरी सातौ वर्षमा प्रवेश गर्दै गर्दा ढिलै भए पनि २०८०-०८१ बाट लागु गर्ने गरी बनाईएको,यस मध्यकालिन खर्च संरचना पक्कै पनि तिलाको योजनाबद्ध विकासमा र नेपाल ,प्रदेश सरकारले परिलक्षित गरेको सोच लक्ष्यमा पुग्नको लागि मद्दत गर्ने अपेक्षा गरीएकोछ।

अन्त्यमा,यो दिगो विकास लक्ष्यमैत्री मध्यकालिन खर्च संरचना तर्जुमा गर्नका लागि पर्ने सम्पूर्ण कर्मचारी,सघाउने पदाधिकारी, परामर्शदातारु र प्राविधिक सहयोग गर्नु हुने स्थानिय पूर्वाधार सहयोग कार्यक्रमलाई समेत आभार व्यक्त गर्दछु। मध्यकालिन खर्च संरचनाको आधारमा अबको विकासले गति लिनेमा पनि आफु विश्वत रहेको छु।

==================

मोतिलाल रोकाया

तिला गाउँपालिका अध्यक्ष

# तिला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डुण्डेली, जुम्ला

---

## मन्तब्य



नेपाल सरकार र प्रदेश सरकारको दिर्घकालिन नीति र आवधिक योजना तिला गाउँपालिकाको प्रथम पञ्चवर्षिय आवधिक योजनाले परिलक्षित गरेका लक्ष्य उद्देश्य प्राप्त गर्न आवधिक योजना र बार्षिक बजेटको तादाम्यता मिलाई प्राथमिकतामा परेका कार्यक्रमहरुको बजेटको सुनिश्चितता दिदै समग्र विकासको लक्ष्य प्राप्तिमा मध्यकालिन खर्च संरचनाको महत्वपूर्ण भुमिका रहने अपेक्षा सहित "समृद्ब,समतामुलक,सुन्दर भूमि,तिला" "जैविक, कृषि पर्यटन र पूर्वाधारको आधारशिला" नारालाई सार्थकता दिनको लागि पनि मध्यमकालिन खर्च संरचना मार्ग निर्देशन बन्ने अपेक्षा गरिएको छ ।

मध्यकालिन खर्च संरचना क्षेतगत खर्च तथा स्रोतको त्रिबर्षिय बजेटको अनुमान तथा प्रक्षेपण गर्न तयार पारिएको छ । विभिन्न विषयगत शाखा तगायत तिला गाउँपालिकाको आवधिक योजनाको तथ्याङ्कलाई आधार मानी यथार्थ परक बनाउने प्रयास गरिएको छ ।

मध्यमकालिन खर्च संरचना तयार पार्न अनवरत रुपमा खट्नु हुने गाउँपालिका अध्यक्षज्यू,प्रमुख प्रशासकिय अधिकृतज्यू, लगायत कार्यपालिका सदस्यज्यूहरु, तथा अन्य कर्मचारीहरु र परामर्शदाताहरुमा विशेष आभार व्यक्त गर्दछु । मध्यमकालिन खर्च संरचनाको आधारमा अबको विकासको गति लिनेमा पनि आफु विश्वत रहेको छु ।

==================

गोरिकला बुढा

तिला गाउँपालिका उपाध्याक्ष

# तिला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
डुण्डेली, जुम्ला


### दुई शब्द



मध्यमकालिन खर्च संरचना विकासको आवधिक योजना र बार्षिक योजनाकाव बीचमा तालमेल गराउने प्रमुख साधन हो। बार्षिक बजेट तर्जुमा गर्दा आगामी ३ वर्षको खर्च प्रक्षेपण गरी ३ बर्षिय बजेट र आयोजनाहरुको छनौट एवम् प्रक्षेपण गर्ने कार्य यसमा पर्दछ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ दफा (१७) मा संघ,प्रदेश र स्थानिय तहले बार्षिक बजेट तर्जुमा गर्दा मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्ने बाध्यकारी प्रावधान रहेको छ। तिला गाउँपालिकाको उक्त प्रावधान अनुरुप आगामी ३ वर्षको खर्च संरचना र आयोजनाहरुको छनौट गरी प्रथामिकिकरण समेत गरी यो संरचना तयार गरेको छ।

गाउँपालिकाको पाँच वर्षिय आवधिक योजना, प्रदेशको आवधिक योजना समेतलाई आधारमानी यो खर्च संरचना तयार गरिएको हो। आगामी ३ वर्षमा गाउँपालिकाले सबै विषयगत क्षेत्रहरुमा लिएको उद्देश्य चुनौती अवसर प्रमुख रणनीति र प्रमुख आयोजना/ कार्यक्रम तथा ती आयोजनाहरुमा बजेटको व्यवस्था समेत उल्लेख गरी त्रिवर्षिय खाका तयार गरिएको छ।

जनप्रतिनिधिहरुज्यूहरुको प्रत्यक्ष संलग्नतामा मध्यमकालिन खर्च संरचना तयार गर्न सहभागी हुने अवसर प्रदान गर्नु भएकोमा अध्यक्षज्यू,उपाध्यक्षज्यू,वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत सबै जनप्रतिनिधिज्यूहरुमा हार्दिक धन्यावाद ज्ञापन गर्दछु। तथ्याङ्क संकलन विश्लेषण लगायतमा सहयोग गर्ने कर्मचारी साथीहरुमा धन्यावाद प्रकट गर्दै मध्यमकालिन खर्च संरचना पूर्ण रुपमा कार्यन्वयन भई सफलता हासिल हुने विश्वास प्रकट गर्दछु।

अन्तमा, रास्कोट गाउँपालिकाको यस मध्यमकालीन खर्च संरचनाको तर्जुमाका लागि प्राविधिक सहयोग प्रदान गर्ने स्थानीय पुर्वाधार सहयोग कार्यक्रम(lक्क्ए)संस्था सपोर्ट एवम् संलग्न विज्ञहरुलाई यो सत्कार्यका लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

..............................

मोहन बहादुर विष्ट

नि.प्रमुख प्रसाकीय अधिकृत

# विषयसूची

परिच्छेद १ : परिचय ....................1
१.१ पृष्ठभूमि 1
१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा ....................1
१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य....................1
१.४ संस्थागत व्यवस्था ....................2
१. ५ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु ....................2
१. ६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ....................2
२.१ पृष्ठभूमि 5
२.२ चूनौति तथा अवसर ....................5
२.३ सोच, उद्देश्य तथा रणनीति ....................6
२.४ मध्यमकालीन आर्थिक खाका ....................7
२.५ मध्यमकालीन नतिजा खाका ....................7
२.६ मध्यमकालीन बजेट खाका ....................8
२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ....................11
२.८ विषय उपक्षेत्रगत बाँडफाँट ....................13
परिच्छेद ३ : आर्थिक विकास क्षेत्र ....................16
३.१ कृषि तथा खाद्य सुरक्षा ....................16
३.१.१ पृष्ठभूमि 16
३.१.२ समस्या तथा चूनौति ....................16
३.१.४ लक्ष्य 17
"कृषि उपजमा अर्गानिक उत्पादन, व्यावसायिक र सम्मानित कृषि व्यवसाय" ....................17
३.१.५ रणनीति 17
१। मार्शिधान, फापर, सिमि, गहत, आलु, स्याउ तथा ओखरको उत्पादन अभिवृद्दी गर्न पकेट क्षेत्रमा उपयुक्त प्रविधि, सिप र दिगो सिचाई सुविधा लगायतका आवश्यक पूर्वधारको पहुँच बढाईनेछ। ....................17
२। सरकारी गैसस, निजी क्षेत्र र समुदायको साझेदारिमा उन्नत प्रबिधिको प्रसार, सिप हस्तान्तरण, क्षमता बिकासद्वारा उत्पादन बृद्दी तथा व्यबसायिकरण गरिनेछ। ....................17
३। उपलब्ध बहुमुल्य जडिबुटिबाट अधिकतम फाईदा लिन जडिबुटी प्रशोधन तथा जडिबुटिमा आधारित उधोग र निकासिमा विशेष जोड दिईनेछ। ....................17
४। प्रमुख स्थानियबालिहरुको ब्यबसायिकरणद्वारा उत्पादन बृद्दी गरी खाधान्नको आयातलाई कम गर्दै लग्ने निती लिइनेछ। ....................17
५। स्थानिय भु-उप योग प्रणाली लाई प्रबर्दन गरी खेतियोग्य जमिनको संरक्षण गरिनेछ। ....................17
३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....................17
३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....................17
३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....................17
३.१.९ जोखिम पक्ष तथा अनुमान ....................19
३.२ सिंचाई 19
३.३ पशु विकास 20
३.४ उद्योग तथा व्यापार....................22
३.५ पर्यटन विकास 24
३.६ भूमि व्यवस्था, बैंक, वित्त तथा सहकारी ....................26
३.७ श्रम, रोजगारी तथा गरिवी निवारण....................27
परिच्छेद ४ : सामाजिक विकास क्षेत्र....................30
४.१ शिक्षा, कला, भाषा तथा साहित्य....................30

४.२ स्वास्थ्य तथा पोषण ........................................ 36
४.३ खानेपानी तथा सरसफाइ ........................................ 40
४.४ महिला, बालबालिका तथा लक्षित वर्ग ........................................ 42
४.५ युवा तथा खेलकुद ........................................ 45
परिच्छेद ५ : पूर्वाधार विकास क्षेत्र ........................................ 47
५.१ आवास, भवन तथा शहरी विकास ........................................ 47
५.२ सडक, पुल तथा यातायात ........................................ 48
५.३ जलस्रोत, विद्युत तथा उर्जा ........................................ 50
५.४ सूचना तथा सञ्चार ........................................ 52
परिच्छेद ६ : वातावरण तथा विपद व्यवस्थापन क्षेत्र ........................................ 54
६.१ वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण ........................................ 54
६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ........................................ 55
६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन ........................................ 56
परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र ........................................ 59
७.१ नीति, कानून, न्याय तथा सुशासन ........................................ 59
७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह ........................................ 60
७.३ राजस्व तथा स्रोत परिचालन ........................................ 62
७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ........................................ 64
अनुसूची १: मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल ........................................ 66
अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन ........................................ **Error! Bookmark not defined.**
अनुसूची ३ : तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण ........................................ 73
अनुसूची ४ : मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यशालाको उपस्थिति विवरण तथा कार्यक्रमका तस्वीरहरु ........................................ **Error! Bookmark not defined.**

## तालिका सूची

तालिका २.**1** मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य **(**प्रचलित मूल्यमा**)** ........................................
तालिका २.2 प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य ........................................
तालिका **२.3** : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (हजारमा .रकम रु) ........................................
तालिका **२.4** : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (हजारमा .रु) ........................................
तालिका **२.5** : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (हजारमा .रु) ........................................
तालिका २.6 : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (हजारमा .रु) ........................................
तालिका **२.7** : लैंङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (हजारमा .रु) ........................................
तालिका **२.8** : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (हजारमा .रु) ........................................
तालिका **२.9** : आगामी तीन आ(हजारमा .रकम रु) को विषय उपक्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण.व. ........................................

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

तिला गाउँपालिका कर्णाली प्रदेश अन्तर्गत जुम्ला जिल्लाको मध्यबिन्दुमा रहकिो छ। साविक घोडेमहादेव, मालिकाठाँटा, रारालिही र कुडारी गा.वि.स. मिलेर बनेको यो गाउँपालिका १७५.४९ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ। समुन्द्री सतहबाट करिब २५०० मिटर उचाईमा रहेको यस गाउँपालिकामा ९ वटा वडाहरु तथा १४९१६ जनसंख्या रहेको छ।

संघीय शासन व्यवस्था अनुसारको नयाँ राजनीतिक तथा प्रशासनिक परिवेशमा गाउँ विकासको प्रयासहरुलाई दिशानिर्देश गर्न गाउँ सभा तथा कार्यपालिकाका निर्वाचित पदाधिकारी, कार्यालयका कर्मचारी, गाउँपालिकामा क्रियाशिल राजनीतिक दलहरू तथा अन्य सरोकारवालाबाट आवधिक योजना तर्जुमाको आवश्यकता महशुस गरी सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अनुसार एकीकृत स्वरुपको आवधिक योजना तर्जुमा गर्ने र सोको आधारमा बार्षिक योजना तथा बजेट तर्जुमा गर्ने गाउँ सभाबाट स्वीकृत आर्थिक ऐनमा व्यवस्था गरिएको छ।

यसकालागि गाउँ कार्यपालिकाले संवैधानिक व्यवस्था, स्थानीय तहको अधिकार क्षेत्र तथा संघीय ऐन (स्थानीय सरकार संचालन ऐन, २०७४) मा भएका प्रावधान अनुसार योजनाबद्ध, एकीकृत तथा सहभागितामूलक विकासको अवधारणामा आधारित भई आवधिक योजना तर्जुमा कार्यविधि तयार तथा स्वीकृत गरेको छ। गाउँपालिकाले आवधिक योजना तर्जुमा गर्नु पूर्व संघीय सरकारबाट नमूनाको रुपमा उपलब्ध गाउँ/गाउँ वस्तुगत विवरण तयारी स्तरीय कार्यविधि बमोजिम गाउँपालिकाको अधिकार क्षेत्र र आवश्यकताको आधारमा गाउँ वस्तुगत विवरण तयारी कार्यविधि स्वीकृत गरी सो बमोजिम विषयगत सूचना तथा श्रोत नक्शा समावेश गरी गाउँ वस्तुगत विवरण तयार समेत गरिएको छ। जुन आवधिक योजनाको प्रथम खण्डको रुपमा रहनेछ। स्वीकृत कार्यविधि अनुसार गाउँपालिकाले तयार गरेको वस्तुगत विवरणको आधारमा गाउँ विकासको वर्तमान अवस्था, संभावना तथा समस्या विश्लेषण गरी तिला गाउँपालिकाको एकीकृत स्वरुपको प्रथम आवधिक योजना (२०७५/०७६-२०७९/८०) तर्जुमा गरिएको छ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सिमित स्रोत-साधनको वस्तुनिष्ठ आँकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ। यस संरचनामा मुख्यत: समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरू समावेश गरिएको हुन्छ। चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework – MTFF) निर्धारण गरिन्छ। स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आँकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework – MTBF) तयार गरिन्छ। यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework – MTEF) तयार गरिन्छ।

मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट

प्रक्षेपण गरिन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन गर्नुपर्ने हुन्छ। यसप्रकार मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

तिला गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तयार गरेको यो पहिलो प्रयास हो। यस मध्यमकालीन खर्चसंरचनाबाट गाउँपालिकाको समग्र विकासको प्राथमिकता प्राप्त कार्यक्रमहरूको निरन्तरता र लगानी तथा कार्यान्वयनको सुनिश्चितताको माध्यमद्धारा दिगो विकास लक्ष्य हासिल हुने अपेक्षा गरिएको छ। यस मध्ययमकालीन खर्च संरचनाले गाउको दीर्घकालीन सोँच **"समृद्ध, समतामूलक र सुन्दर भूमी तिला: जैविक कृषि, पर्यटन र पुर्वाधार आधारशिला"**, ले प्रदेश तथा राष्ट्रिय लक्ष्य र दिगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने विश्वास लिइएको छ। यस मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत उपलब्धिका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी सोही बमोजिम स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ। यसबाट गाउँलाई आगामी आर्थिक वर्षहरूको बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थ परक र वस्तुनिष्ठ बनाउन सहयोगी हुने अपेक्षा गरिएको छ।

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो । यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाको तयारीबाट देहायअनुसारको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ :

क) नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउनु ।

ख) मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री वनाई नेपालले निर्धारण गरेका लक्ष्य सन २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्ने ।

ग) आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चितता गर्नु ।

(घ) गाउँपालिकामा उपलब्ध हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई ययार्थपरक बनाउनु ।

(ङ) दिगो विकास लक्ष्य हासिल गर्न सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

## १.४ संस्थागत व्यवस्था

मध्ममकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादत्म्यता अपनाउने उपकरण भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ। यसको लागि संस्थागत व्यवस्थाका रुपमा देहाय बमोजिमका विभिन्न स्तरका समितिहरुको व्यवस्था गरिएको छ।

१. स्रोत अनुमान तथा बजेटको सीमा निर्धारण समिति

२. मध्ममकालीन खर्च संरचना कार्यदल

३. बजेट तथा वार्षिक कार्यक्रम तर्जुमा समिति

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

स्थानीय तहले मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा नेपालको संविधानले व्यवस्था गरेका प्रावधानहरु एवम् स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु पर्दछ । सो बमोजिम यस मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित विषयवस्तुलाई प्रमुख आधारको रुपमा लिइएको छ :

- नेपालको संविधान,
- दिगो विकासका लक्ष्यको अवस्था / मार्गचित्र (२०१५-२०३०),
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- राष्ट्रिय दीर्घकालिन सोँच, २०२१ तथा पन्ध्रौ राष्ट्रिय योजना (२०७६/७७-२०८१/८२),
- कर्णाली प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७-२०८१/८२),
- स्थानिय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ परिमार्जित्
- स्थानिय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब २०७७
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.०७८/७९),
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- तिला गाउँपालिकाको प्रथम आवधिक योजना
- गाउँपालिकाको अन्य विषय क्षेत्रगत नीति र योजनाहरु
- गाउँपालिकाको पार्श्वचित्र -प्रोफाईल)

## १. ६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

तिला गाउँपालिकाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको (१) “स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन २०७८, (परिमार्जित)”, (२) “स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सांङ्केतीकरण स्रोत पुस्तिका, २०७९” र (३) “स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका,

२०७९" लाई आधारमानी यो मध्यमकालीन खर्च संरचना तयार गरेको छ। यस मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा देहाय बमोजिमको चरण तथा प्रक्रियाको अवलम्बन गरिएको छ :

**प्रक्रिया १ : प्राविधिक सहयोगका लागि टोली परिचालन**

तिला गाउँपालिकामा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्य नितान्त नौलो र प्राविधिक विषय भएको हुँदा गाउँपालिकाले परामर्शदाताको रुपमा LISP कर्मचारी र पालिका कर्मचारीहरुलाई परिचालन गरेको छ । तसर्थ प्रस्तुत मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यमा परिचालन भएका कर्मचारीहरुको महत्वपूर्ण भूमिका रहेको छ । मध्यमकालीन खर्च संरचना तयारी कार्यमा LISP कर्मचारी परामर्शदाताबाट गाउँपालिकाको कार्यालयमै बसेर गाउँकार्यपालिका पदाधिकारीहरु तथा कर्मचारीलाई अभिुमखीकरण गर्ने, कार्यदल निर्माण गर्ने, गत विगत वर्षको आधारमा आगामी तीन आर्थिक वर्षको स्रोत र खर्चको अनुमान तथा प्रक्षेपण गर्ने, बजेट सीमा निर्धारण तथा विषयगत शाखा तथा समितिसँग राय परामर्श गरी विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गर्ने र बजेट तथा कार्यक्रम तर्जुमा समितिको नेतृत्वमा मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयार गर्ने कार्यमा सहयोग तथा सहजीकरण गरिएको छ ।

**प्रक्रिया २ : नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवम् अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा**

गाउँपालिकाको मार्गनिर्देशनमा कर्मचारीद्धारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवम् अध्ययन गरियो । दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवम् समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहाय बमोजिम रहेका छन् ।

- नेपालको संविधान,
- दिगो विकासका लक्ष्यको अवस्था / मार्गचित्र (२०१५-२०३०),
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- राष्ट्रिय दीर्घकालिन सोँच, २०२१ तथा पन्ध्रौ राष्ट्रिय योजना (२०७६/७७-२०८१/८२),
- कर्णाली प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७-२०८१/८२),
- स्थानिय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ परिमार्जित्
- स्थानिय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब २०७७
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.०७८/७९),
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- तिला गाउँपालिकाको प्रथम आवधिक योजना
- गाउँपालिकाको अन्य विषय क्षेत्रगत नीति र योजनाहरु
- गाउँपालिकाको पार्श्वचित्र -प्रोफाईल)

**प्रक्रिया ३ : मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा**

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवम् कार्ययोजना सम्बन्धमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा, सूचना प्रविधि शाखा प्रमुख लगाएतको सहभागितामा छलफल तथा सहमति गरियो । छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो। साथै, छलफलमा आएका सुझाव तथा पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा गरी सोही बमोजिम यो दस्तावेज तयार गरिएको छ।

**प्रक्रिया ४ : अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना**

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत जिम्मेवारी सम्बन्धमा सरोकारवालासँग छलफल गरी साझा बुझाइ तयार गर्ने उद्देश्यले युरोपेली सङ्घ समाबेशी सहयोग परियोजना (EUSIF/UNDP)को प्राबिधिक सहयोगमा मुगू गमगढिमा ४ दिने मध्यमकालिन खर्च संरचना निर्माण सम्बन्धी कार्यशाला गोस्ठी सम्पन्न भयो । सो कार्यशालामा गाउँपालिकाका अधक्ष्य , उपाधक्ष्य, प्रमुख प्रशासकिय अधिकृत लगायत सम्पूर्ण बिषयगत शाखा प्रमुखको उपस्थिती थियो । कार्यशालामा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो । सोही कार्यशालाबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेवारी तथा भूमिका समेत स्पष्ट गरियो । यसका साथै मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन गरी आवश्यक कार्य सम्पादन समेत गरिएको छ । कार्यदलको विवरण अनुसूची १ मा प्रस्तुत छ .

**प्रक्रिया ५ : विषयगत समिति तथा शाखासँग परामर्शको आयोजना**

दीर्घकालीन सोच, विषयगत रणनीतिक योजना, प्रथम आवधिक योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समिति तथा ईकाइसँग परामर्श तथा छलफल गरिएको छ । यस परामर्शबाट प्रमुख उपलब्धि, चालु आयोजना, सालवसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान विवरण तयार गरिएको छ । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयारी एवम् हरेक आयोजना तथा उपक्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरिएको थियो ।

**प्रक्रिया ६ : श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण**

राजश्व बाँडफाँड, अन्तर-सरकारी वित्तीय हस्तान्तरण लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरियो भने आन्तरिक श्रोतलाई राजश्व परामर्श समितिको प्रतिवेदनका आधारमा अनुमान तथा प्रक्षेपण तयार गरिएको छ । विगत आर्थिक वर्षहरुको खर्च सहित गाउँपालिकाका रुपान्तरणकारी आयोजना, चालु तथा बहुवर्षीय आयोजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरी सबै विषयगत शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराएको थियो ।

**प्रक्रिया ७ : विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना तर्जुमा**

विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा वैठक गरिएको थियो । यी छलफल तथा वैठकहरुमा विषयगत शाखा तथा एकाइका कर्मचारीहरुको सहभागिता रहेको र छलफलबाट प्रत्येक उपक्षेत्रमा आगामी तीन वर्षमा सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने एवम् आयोजना/कार्यक्रम तथा उपक्षेत्रको दिगो विकास लक्ष्य, लैङ्गिक तथा जलवायु संकेतका आधारमा साँकेतीकरण गर्ने कार्य गरिएको थियो ।

**प्रक्रिया ८ : विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी**

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारीका लागि विषयगत शाखा तथा एकाइलाई कर्मचारीको  सहयोग तथा सहजीकरण गरिएको थियो । यसरी तयार भएको विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषय क्षेत्रगत रुपमा योजना तर्जुमा कार्यशालाको आयोजना गरी कार्यशालाको निष्कर्षको रुपमा एकीकृत गरी विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरिएको थियो । यस कार्यशालामा विषयगत शाखा प्रमुख तथा विषयगत समितिका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

**प्रक्रिया ९ : मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी**

निर्धारित ढाँचामा तयार भएको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई बजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठकमा छलफल गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरिएको थियो । यस कार्यमा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदलले आवश्यक समन्वय गरेको थियो । मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) एवम् राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्त खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषय क्षेत्रगत रुपमा योजना र कार्यक्रम/आयोजनाको सारांश समावेश गरिएको छ ।

**प्रक्रिया १० : मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला**

उल्लेखित प्रक्रियाबाट तयार गरिएको मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर छलफल गरी सुझाव संकलनका उद्देश्यले एकदिने कार्यशाला आयोजना गरिएको थियो । कार्यशालामा  अध्यक्ष, उपाध्यक्ष प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरु तथा सम्बद्ध अन्य कर्मचारीहरुको सहभागिता रहेको थियो । कार्यशालामा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरु प्रस्तुति गरी सुझाव प्राप्त गर्नुका साथै नपुग देखिएका सूचना तथा तथ्यांक समेत संकलन गरिएको थियो ।

**प्रक्रिया ११ : मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी**

मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला तथा गाउँपालिकाका विभिन्न शाखाहरुबाट प्राप्त सुझावहरु समेटी मस्यौदा दस्तावेजलाई आवश्यक परिमार्जन गरिएको छ । यसरी तयार भएको मस्यौदालाई यस विषयका विज्ञद्वारा पुनरावलोकन गराई मस्यौदालाई अन्तिम रुप प्रदान गरिएको छ ।

**प्रक्रिया १२ : मध्यमकालीन खर्च संरचनाको स्वीकृति :** बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना दस्तावेज गाउँ कार्यपालिकाको बैठकमा छलफल गरी स्विकृत गरिएको छ । साथै उक्त मध्यमकालीन खर्च संरचना दस्तावेज आगामी गाउँसभाबाट अनुमोदन गराउने निर्णय समेत गाउँकार्यपालिकाबाट गरिएको छ ।

# परिच्छेद २ : मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो । सामाजिक तथा आर्थिक विकास र समृद्धिकालागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ। यी तीनवटै पक्षहरूमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ ।

सङ्घीय संरचना अनुरुप अन्तर-सरकारी वित्त व्यवस्थापन सम्बन्धी सङ्घीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरूमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने व्यवस्था रहेको छ । उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार यस गाउँपालिकाले तय गरेको दीर्घकालिन सोँच सहितको आवधिक योजना तयार गर्न आवश्यक छ ।

नेपाल सरकारले घोषणा गरेको समृद्ध नेपालः सुखी नेपालीको दीर्घकालीन सोँचअनुरुप तयार चालु पन्धौं योजना, कर्णाली प्रदेश सरकारको दीर्घकालीन योजना र नगरको नीति तथा कार्यक्रमलाई आत्मसात गर्ने प्रयास गरिएको छ । योजना तथा विकास उपलब्धिको सफलता वित्तीय सङ्घीयताको कुशल व्यवस्थापन, तीव्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ । मध्यमकालीन खर्च संरचनाले यसतर्फ गाउँपालिकालाई मार्गदर्शन गर्नेछ ।

आर्थिक वर्ष (२०८०/८१-२०८२/८३) का लागि तुर्जमा गरिएको मध्यमकालीन खर्च संरचनाले नेपाल सरकारले गरेको प्रतिवद्धता अनुसार दिगो विकासका १७ वटा लक्ष्य लाई स्थानीय तहबाट नै प्रभावकारी रुपमा कार्यान्वयन गराउने उद्देश्यका साथ विषयगत क्षेत्र, उप-क्षेत्रहरू र योजनाहरूको सोँच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकतामा नेपाल सरकार तथा प्रदेश सरकार र गाउँपालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ । गाउँका प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्र भित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेट्ने प्रयास गरिएकोछ ।

## २.२ चूनौति तथा अवसर

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य, पन्धौ योजना, कर्णाली प्रदेशको प्रथम आवधिक योजना र गाउँपालिकाको प्रथम आवधिक योजना एवम् नीति तथा कार्यक्रमले लिएका उद्देश्य हासिल गर्न, उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्दै समतामूलक तथा उन्नत समाजको निर्माण गर्ने कार्य आफैमा चूनौतिपूर्ण छ । यसका साथै विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ महाव्याधी लगायतका महामारीका अतिरिक्त वातावरणीय ह्रास र जलवायु परिवर्तनको कारण सिर्जित विपदको बढ्दो जोखिमलाई न्यूनीकरण गरी नागरिकको स्वास्थ्य, शिक्षा, उत्पादन, रोजगारी र आयमा परेको नकारात्मक असरलाई न्यूनीकरण, पुनरुत्थान र उत्थानशील विकास हासिल गर्दै नागरिक जीवनलाई थप सुरक्षित र परिष्कृत बनाउनु गाउँपालिकाको निमित्त थप चूनौतिको विषय हो ।

यसका साथै व्यवस्थित पुर्वाधार, सुविधायुक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा उर्जाको उपलब्धता, सरसफाई सुविधा र सूचना प्रविधि, कृषि तथा वनजन्य उद्यमको विविधिकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धिका साथै उत्पादनशील रोजगारीका अवसरमा अभिवृद्धि र जनसाङ्ख्यिक लाभको उपयोग पनि गाउँ विकासको चूनौतिको रुपमा रहेका छन् । वित्तीय सङ्घीयताको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र उपलब्ध सार्वजनिक स्रोतको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नु समेत चूनौतिपूर्ण कार्य हो ।

सङ्घीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरु क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु, स्थानीय सरकारहरु बीच दिगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनु यस गाउँपालिका लागि अहिलेका प्रमुख अवसरहरु हुन् । गाउँपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धिको माध्यमद्वारा हरित र समावेशी स्थानीय अर्थतन्त्र विकास, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन् ।

वैदेशिक रोजगारी तथा अध्ययनबाट फर्किएका युवामार्फत विश्वस्तरको ज्ञान, सीप, अनुभव तथा प्रविधि हस्तान्तरण, वित्तीय सेवा र स्थानीय स्रोत परिचालन गरी गाउँपालिकामा उद्यमशीलता विकास, रोजगारी, उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडी बढ्ने समेत अवसर सिर्जना भएको छ । यसका साथै कोभिड १९ लगायतका महामारी

र अन्य विपद्ले गर्दा अझ राम्रो अझ बलियो सुरक्षिण निर्माण, उत्थानशील विकास र वातावरणीय सन्तुलनका दिशामा यस मध्यमकालीन खर्च संरचनाले केन्द्रित हुन थप प्रेरणा दिने अपेक्षा गरिएको छ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

मध्यमकालीन खर्च संरचना तयार गर्दा तिला गाउँपालिकाको दीर्घकालीन सोँच, गाउँका प्राप्त उपलब्धीहरू, वार्षिक र आवधिक योजनालाई प्रमुख आधारको रुपमा लिइएको छ। गाउँ विकासको सोँच, लक्ष्य उद्देश्य तथा रणनीतिलाई यस मध्यमकालीन खर्च संरचनामा समावेश गरिएको छ। आयोजनामा उल्लेख नभएका विवरण नगरको समावेशी स्थानीय आर्थिक विकास योजना र अन्य क्षेत्रगत रणनीतिक योजनाहरूका साथै चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, पन्ध्रौ राष्ट्रिय योजना, कर्णाली प्रदेश सरकारका दीर्घकालीन योजना एवं संघ, प्रदेश र गाउँका विषयगत नीतिको समेत उपयोग गरिएको छ। मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोँच, लक्ष्य, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेकोछ।

### २ .१.३. दीर्घकालीन सोच

गाउँपालिका को दीर्घकालीन सोच देहायअनुसार रहेको छ :

<u>**"समृद्ध, समतामूलक र सुन्दर भूमी तिला: जैविक कृषि, पर्यटन र पुर्वाधारको आधारशिला"**</u>

### २२.३. लक्ष्य

गाउँपालिकाको दीर्घकालीन सोँचको आधारमा गाउँपालिकाको विकासको लक्ष्य देहायअनुसार छन् :
१. गाउँपालिकाबासीको जीवनस्तरमा गुणात्मक सुधार मार्फत जीवनयापन सहज तुल्याउने।
२. सार्वजनिक प्रशासनलाई संस्थागत विकास मार्फत चुस्त, पारदर्शी, जवाफदेही र उत्तरदायी बनाई प्रभावकारी सेवा प्रवाह गर्ने
।
३. लैङ्गिक, जातीय, वर्गीय तथा सामाजिक बहिष्करणमा परेका समुदायको मुल प्रवाहीकरण गर्ने।
४. दिगो विकासकालागि सार्वजनिक निजी साझेदारी प्रवर्द्धन गर्ने।
५. विज्ञान, प्रविधि, र सूचना तथा सञ्चार क्षेत्रको उच्चतम उपयोग गर्ने।
६. व्यावसायिक तथा प्राविधिक शिक्षा मार्फत स्वःरोजगारी सृजना गर्ने।
७. जनशक्ति विकास, ज्ञान तथा प्रविधिमा आधारित अर्थतन्त्रको विकास गर्ने।
८. सन्तुलित पर्यावरण तथा समावेशी र उत्थानशील पूर्वाधार विकास गर्ने।
।"

### २३.३. उद्देश्य

१। आर्थिक अवसरहरूलाई विविधीकृत, समावेशी र उत्थानशील बनाई आर्थिक वृद्धिको गतिलाई तीव्रता दिनु।

२। भवन तथा पूर्वाधार संरचनालाई सुरक्षित तथा सुव्यवस्थित बनाउँदै सेवा तथा सुबिधामा नगरबासीको सहज पहुँच स्थापित गर्नु।

३। गाउँपालिकाको प्राकृतिक सौन्दर्य तथा सांस्कृतिक सम्पदाको संरक्षण तथा संवर्द्धन गरी तिला गाउँपालिकालाई उत्कृष्ठ पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्नु।

४। गाउँपालिकाबासीमा सामाजिक सद्भाव, सहिष्णुता एवम् सहअस्तित्वको विकास गरी नगरलाई एक सुसस्कृत नगरका रूपमा स्थापित गर्नु।

५। गाउँपालिकाको विकास र समुन्नतिका लागि आवश्यक नीति तथा कानूनको तर्जुमा, संस्थागत संरचनाको निर्माण र दक्ष मानव संसाधन मार्फत सुशासन प्रत्याभूती गर्नु।

६। गाउँ क्षेत्रको सन्तुलित तथा समन्यायिक विकास गर्नु।

### २४.३. रणनीति

गाउँपालिका को आवधिक विकास योजनाको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न देहायअनुसारका प्रमुख रणनीति (स्तम्भ) हरू अवलम्बन गरिएका छन् :
१। जैबिक  कृषि तथा पशुपालनको ब्यबसायिकिकरण, पर्यटन, तथा उधोग ब्यबसायको बिस्तार द्वारा आर्थिक बृद्धी गर्ने
२। सामाजिक बिकास तथा सामाजिक सुरक्षाद्वारा स्वस्थ तथा सिपयुक्त मानव संसाधनको बिकास गर्ने

३। यातायात, आवास्, बजार्, उर्जा तथा संचारको पूर्वधारको बिकासद्वारा अन्तर समबन्ध तथा सेवाअ प्रबाहमा बृद्दी गर्ने
४। समावेशिकरण, बातावरण्, बिपद व्यब्स्थापन, सुशासन तथा सदाचार प्रबर्दनलाई बिकास प्रकृयामा एकिकृत गरी व्यबस्थापन गर्ने

## २.४ मध्यमकालीन आर्थिक खाका

"समृद्ध नेपाल र सुखी नेपाली" को राष्ट्रिय सोच तथा संकल्प, कर्णाली प्रदेशको "उच्च मानव विकास र पहिचान, समृद्ध कर्णाली प्रदेश" को सोच तिला गाउँपालिकाको विकासको **"समृद्ध, समतामूलक र सुन्दर भूमी तिला: जैविक कृषि, पर्यटन र पुर्वाधारको आधारशिला"**सोच तथा लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ। सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ।

तालिका २.*1* मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य (प्रचलित मूल्यमा)

| क्रस | सूचक लक्ष्य | एकाई | २०७८/७९ सम्मको लक्ष्य | २०७९/८० सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | वार्षिक उत्पादन | रु. लाखमा | | | | | |
| १.१ | कृषि | रु. लाखमा | १८३ | २०५ | २२९ | २४३ | २६५ |
| १.२ | गैर कृषि (उद्योग र सेवा) | रु. लाखमा | | | | | |
| २ | औषत पारिवारिक आय | रु. लाखमा | १३१९१७ | १३४५५५ | १३७१९४ | १३८५१३ | १३९८३२ |
| ३ | उद्योग, व्यापार र व्यावसाय | संख्या | १५० | २०० | २१० | २१५ | २२० |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | कार्यदिन | २५०० | ६५७०० | ७०००० | ७५००० | ८०००० |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ४७ | ५० | ५५ | ६० | ६५ |

## २.५ मध्यमकालीन नतिजा खाका

नेपाल सरकारको पन्ध्रौ योजना, कर्णाली प्रदेशको प्रथम आवधिक योजना तथा तिला गाउँपालिकाको प्रथम आवधिक योजनाको दीर्घकालीन सोच तथा लक्ष्य उद्देश्य हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ। सो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र आर्थिक वर्ष २०७९/८० को अनुमानित उपलब्धिको आधारमा आ.व. २०८०/८१ को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य आवधिक योजना, बार्षिक योजना र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ। मध्यमकालीन समष्टिगत नतिजा खाका तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २. प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य

| क्रस | सूचक लक्ष्य | एकाई | २०७८/७९ सम्मको लक्ष्य | २०७९/८० सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | ५ वर्षमुनिका कम तौल भएका बालबालिका | प्रतिशत | ७ | ६ | ५ | २ | ० |
| २ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० |
| ३ | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | २५० | ३०० | ३५० | ४०० | ४५० |
| ४ | प्राविधिक वा व्यवसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या | प्रतिशत | १ | १.२३ | २ | ३ | ५ |
| ५ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | १५ | १५.७५ | १७ | १८ | १९ |
| ६ | स्थानीय सडक (कालोपत्रे) | कि.मि. | १५ | १५ | १६ | १८ | २१ |
| ७ | स्थानीय सडक (खण्डास्मित) | कि.मि. | १५ | १८ | २० | २३ | २८ |
| ८ | स्थानीय सडक (धुले) | कि.मि. | ७० | ७५ | ९० | १०० | १२२ |
| ९ | ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएका जनसंख्या | प्रतिशत | ७० | ७६ | ८० | ९० | १०० |
| १० | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | ८५ | ९० | ९५ | १०० | १०० |
| ११ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ९६ | ९८ | १०० | १०० | १०० |

| क्रस | सूचक लक्ष्य | एकाई | २०७८/७९ सम्मको लक्ष्य | २०७९/८० सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १२ | ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको अनुपात | प्रतिशत | २५ | ३५ | ४० | ४५ | ५२ |
| १३ | आधारभूत खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | ८७ | ९० | ९६ | १०० | १०० |
| १४ | ५ वर्ष मुनीका बालबालिकाको जन्मदर्ता | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| १५ | विपद्का घटनाबाट प्रभावित परिवार | प्रति हजार | ०.३५ | ०.५ | ०.३५ | ०.२ | ०.१५ |
| १६ | जनजङ्गलको घनत्व (रुख प्रति हेक्टर) | संख्या | ३२३ | ३१२ | ३१७ | ३२६ | ३४६ |
| १७ | मातृभाषामा पठनपाठन हुने विद्यालय | संख्या | ० | ० | १ | ३ | ७ |
| १८ | सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | २१.२५ | २२ | २३ | २४ | २५ |
| १९ | पर्यटन आगमन | संख्या | ५ | ६ | ७ | ८ | ९ |
| २० | स्थानीय सेवा प्रवाहबाट सन्तुष्ट नागरिक | प्रतिशत | ८५ | ८७ | ८८ | ९९ | १०० |

## २.६ मध्यमकालीन बजेट खाका

गाउँपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा गाउँपालिकाको आवधिक योजना, दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित प्रथम आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य अधार लिइएको छ । गाउँपालिकाको प्रथम प्रयासमा तयार भएको यस मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीव्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत रुपमा प्राप्त हुने नतिजाका आधारमा खर्च तथा स्रोतको अनुमान गरिएको छ । यसका साथै कोभिड १९ लगायतका महामारी र जलवायुजन्य विपद् पश्चातको सामाजिक आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिइएको छ। महामारी र विपद्ले सिर्जना गरेका विकासका अवसरको उपयोग गर्ने विकास कार्यक्रमको तर्जुमालाई प्राथमिकता दिइएको छ ।

गाउँपालिकाका दीर्घकालीन आयोजना, विशेष आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित हुनेगरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ । क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ। मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, कोभिड १९ महामारी र अन्य विपदबाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई ध्यान दिइएको छ। त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन अनुसूची २ मा प्रस्तुत छ ।

आर्थिक वर्ष २०७९/८० को राजस्व तथा विनियोजन र असार मसान्त सम्मको उपलब्धीका आधारमा खर्च संरचनाको पहिलो वर्षको आय तथा ब्यय अनुमान गरिएको छ । दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गदा गाउँपालिकाको आवधिक योजनाले लिएको लक्ष्य, नीति तथा घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ । प्रक्षेपणका क्रममा गाउँपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई पर्याप्त स्रोतको व्यवस्था गरिएको छ । आन्तरिक श्रोत, राजस्व बाँडफाँट तथा उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ। नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँट स्वरूप प्राप्त हुने रकम, रोयल्टी र आन्तरिक श्रोत समेतका आधारमा गाउँपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम गत विगतको आयका आधारमा अनुमान गरिएको छ।

आन्तरिक आयको तथ्याङ्क विश्लेषणका लागि गाउँपालिकाको राजस्व सुधार योजना २०७६७७ लाई आधारको रुपमा लिइएको छ । त्यस्तै गाउँपालिकाको राजस्व परामर्श समितिको प्रतिवेदन तथा SuTRA मा प्रविष्ट सूचनालाई आधार मानी आन्तरिक आयको विवरणलाइ श्रोत मानी विश्लेषण गरिएको छ ।

उल्लेखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा गाउँपालिकाको कुल बजेट रु. १ अर्व ५३ करोड ६५ लाख ९२ हजार हुने अनुमान तथा प्रक्षेपण गरिएको छ। यस सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका २.घ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)

| क्र.सं. | बजेटका स्रोतहरु | २०७७/७८ को यथार्थ | २०७८/७९ को यथार्थ | २०७९/८० को संशोधित अनुमान | प्रक्षेपण | | | ३ बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| क. | **राजस्व तथा अनुदान** | ४६५४६२ | ५२६६८८ | ४९५६२८ | ४५५३२९ | ४८२०८० | ५३०३५३ | १४६७७६३ |
| १ | **आन्तरिक आय** | | ८४६ | ११२९ | १२४२ | १४२८ | १६४२ | ४३१२ |
| २ | **राजस्व बाँडफाँडबाट प्राप्त आय** | ५०९९० | ५८७८१ | ५२७५२ | ७७६०३ | ८५३४६ | ९३८८० | २५६८२९ |
| | *नेपाल सरकार (भ्याट र अन्तशुल्क)* | *५०५३८* | *५८७८१* | *५२७५२* | *७७२४८* | *८४९७३* | *९३४७०* | २५५६९१ |
| | *प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रेशन,* मनोरञ्जन कर आदि) | *४५२* | ० | ० | *३५५* | *३७३* | *४१०* | ११३८ |
| ३ | **रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व** | ० | ८२ | ९० | ९१ | ९३ | ९६ | २८० |
| | *वन रोयल्टी* | ० | *८२* | *९०* | *९१* | *९३* | *९६* | २८० |
| | *खानी तथा खनिज रोयल्टी* | ० | ० | ० | ० | ० | ० | ० |
| | *पर्वतारोहण रोयल्टी* | ० | ० | ० | ० | ० | ० | ० |
| | *विद्युत रोयल्टी* | ० | ० | ० | ० | ० | ० | ० |
| | *पानी तथा अन्य प्राकृतिक स्रोत* | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | २८६२३८ | ३४३२३३ | ३६९९०० | ३१९००० | ३३४९५० | ३६८४४५ | १०२२३९५ |
| | *वित्तीय समानीकरण अनुदान* | *७२२२५* | *१००३००* | *९२४००* | *९२७००* | *९७३३५* | *१०७०६९* | २९७१०४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | *सशर्त अनुदान* | *१९८९५४* | *२२७२५२* | *१९७३००* | *१८८३००* | *१९७७१५* | *२१७४८७* | ६०३५०२ |
| | *समपुरक अनुदान* | *७४६१* | *७०७९* | *३२२००* | *१३०००* | *१३६५०* | *१५०१५* | ४१६६५ |
| | *विशेष अनुदान* | *७५९८* | *८६०२* | *४८०००* | *२५०००* | *२६२५०* | *२८८७५* | ८०१२५ |
| ५ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | **३३२५४** | **२१५४५** | **५४०५७** | **५७३९४** | **६०२६३** | **६६२८९** | **१८३९४६** |
| | *वित्तीय समानीकरण अनुदान* | *१००९६* | *१०६३२* | *१०६३२* | *१३१००* | *१३७५५* | *१५१३१* | ४१९८६ |
| | *सशर्त अनुदान* | *१२४५३* | *९०८९* | *२१३००* | *२१७२६* | *२२८१२* | *२५०९४* | ६९६३२ |
| | *समपुरक अनुदान* | *६५४८* | *०* | *१७०१८* | *१७३५८* | *१८२२६* | *२००४९* | ३८२७५ |
| | *विशेष अनुदान* | *४१५७* | *१८२४* | *५१०७* | *५२०९* | *५४७०* | *६०१७* | १६६९५ |
| ६ | **अन्य अनुदान स्थानिय पूर्वधार सहयोग कार्यक्रम** | ० | ० | १६७०० | ० | ० | ० | ० |
| ७ | **अन्तर स्थानीय तहबाट साझेदारी रकम** | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | **जनसहभागिता** | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | **आन्तरिक ऋण** | ० | ० | ० | ० | ० | ० | ० |
| १० | **मौज्दात रकम** | ९४९८० | १०२२०१ | ० | ० | ० | ० | ० |
| **ख.** | **जम्मा खर्च** | ३९३७९० | ४०८७७१ | १०९०१२६ | ० | ० | ० | ० |
| १ | चालु खर्च | २६२२९४ | २८४२२१ | १२९७१८ | ० | ० | ० | ० |
| २ | पुँजीगत खर्च | १३१४९६ | १२४५५० | ९६०४०८ | ० | ० | ० | ० |
| | **बचत (+ वा -)** | -७१६७२ | -११७९१७ | ५९४४९८ | ० | ० | ० | ० |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ।

क . रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

यस गाउँपालिकाको आवधिक योजनामा तय गरिएका रणनीतिक स्तम्भको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट

**अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ।**

तालिका २. : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)

**रकम रु. हजारमा**

| रणनीतिक सङ्केत | रणनीतिक स्तम्भ | २०८०/८१ को विनियोजन | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | जैविक कृषि, पशुपालन तथा पर्यटन | १३१९५ | ३ | १३४३० | ३ | १३८५५ | ३ |
| २ | सामाजिक विकास | ७६०७३ | १७ | ७५५७८ | १८ | ७५८९१ | १४ |
| ३ | यातायात,आवास,उर्जा तथा संचारका पूर्वाधार | १०७३१९ | २३ | ११३६१७ | २८ | १२४९३९ | २३ |
| ४ | समावेशिकरण,वातावरण तथा विपद व्यवस्थापन एवं सुशासन | २६०८८४ | ५७ | २०७६५७ | ५१ | ३२७३३५ | ६० |
| **कुल जम्मा** | | ४५७४७१ | १०० | ४१०२८२ | १०० | ५४२०२० | १०० |

**ख . प्राथमिकताक्रमको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण**

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका २.५ मा प्रस्तुत गरिएको छ।

**तालिका २.: प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

**रकम रु. हजारमा**

| प्राथमिकताक्रम | आयोजना संख्या | गत आ.व.को यथार्थ | | चालु आ.व.को संशोधित अनुमान | | आगामी आ.व.को विनियोजन | | आ.व. २०८०/८१ को खर्च प्रक्षेपण | | आ.व. २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो (P1) | ७६ | २२२५५६ | ४८.६५ | २५८७३१ | ६३.०६ | ३७४७५१ | ६९.१४ | २२२५५६ | ४८.६५ | २५८७३१ | ६३.०६ |
| दोस्रो (P2) | ५६ | २३४९१४ | ५१.३५ | १५१५५० | ३६.९४ | १६७२६८ | ३०.८६ | २३४९१४ | ५१.३५ | १५१५५० | ३६.९४ |
| **कूल जम्मा** | | ४५७४७० | १००.०० | ४१०२८१ | १००.०० | ५४२०१९ | १००.०० | ४५७४७० | १००.०० | ४१०२८१ | १००.०० |

**ग दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण**

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ।

**तालिका २.ट : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

**रकम रु. हजारमा**

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | आयोजना कार्यक्रम संख्या | २०८०/८१ को विनियोजन | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ४ | १६७१३ | ४.५९ | १६७१३ | ५.३२ | १६७१३ | ५.०४ |
| २ | शून्य भोकमरी | ११ | ८०१४ | २.२० | ८१६५ | २.६० | ८३९० | २.५३ |
| ३ | स्वस्थ जीवन | २५ | २२१५१ | ६.०९ | २२१५१ | ७.०५ | १६२११ | ४.८९ |
| ४ | गुणस्तरीय शिक्षा | ६ | १००६३ | २.७७ | १००६३ | ३.२० | १००६३ | ३.०३ |
| ५ | लैङ्गिक समानता | ११ | ४९६२ | १.३६ | ५०५९ | १.६१ | ५२७५ | १.५९ |
| ६ | स्वच्छ पानी र सरसफाइ | २ | ७२६८ | २.०० | ७५३६ | २.४० | ८०१९ | २.४२ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | १ | ६०० | ०.१६ | ६०० | ०.१९ | ६०० | ०.१८ |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | ४६ | १६२३६६ | ४४.६२ | १०६४६८ | ३३.९० | ११८०१६ | ३५.५९ |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | ७ | ८८३३३ | २४.२७ | ९३१७९ | २९.६६ | १०१७७१ | ३०.६९ |
| १० | असमानता न्यूनीकरण | ० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| ११ | दिगो शहर र बस्ती | २ | २५०३४ | ६.८८ | २६२१२ | ८.३४ | २८३३६ | ८.५५ |
| १२ | दिगो उपभोग र उत्पादन | १ | ४५५३ | १.२५ | ४५५३ | १.४५ | ४५५३ | १.३७ |
| १३ | जलवायु परिवर्तन अनुकुलन | ५ | ५०७७ | १.४० | ५१६४ | १.६४ | ५१३७ | १.५५ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १५ | भूसतह स्रोतको उपयोग | ० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १६ | शान्ति, न्याय र सबल संस्था | ११ | ८७६९ | २.४१ | ८२४५ | २.६२ | ८४८८ | २.५६ |
| १७ | दिगो विकासको लागि साझेदारी | ० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| **कुल जम्मा** | | १३२ | ५०४०१५.७ | ३६३९०३ | १००.०० | ३१४१०८ | १००.०० | ३३१५७२ |

**घ. दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण**

लैङ्गिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत छ।

**तालिका २.ठ : लैंङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

**रकम रु. हजारमा**

| सङ्केत नम्बर | लैंगिक संकेत | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को विनियोजन | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ०१ | निर्दिष्ट | 69 | ९००० | ३ | ९१२६ | ४ | ९२६० | ३ |
| ०२ | सहयोगी | 13 | १९२७ | १ | १९०६ | १ | १९६७ | १ |
| ०३ | तटस्थ | 50 | २४९९५७ | ९६ | १९६६२३ | ९५ | ३१६१०८ | ९७ |
| | **जम्मा** | **132** | **२६०८८४** | १०० | **२०७६५५** | १०० | **३२७३३५** | १०० |

**ङ. जलवायु संकेतको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण**

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत छ।

**तालिका २.ङ : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| **सङ्केत नम्बर** | **लैङ्गिक सङ्केत** | | २०८०/८१ को विनियोजन | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **रकम** | **प्रतिशत** | **रकम** | **प्रतिशत** | **रकम** | **प्रतिशत** |
| ०१ | अत्यन्त सान्दर्भिक | 2 | ७९६८ | २ | ८४३७ | २ | ९२८२ | २ |
| ०२ | सान्दर्भिक | 12 | १०९३५० | २४ | १०७७४६ | २७ | ११८५३५ | २२ |
| ०३ | तटस्थ | 118 | ३४०१५३ | ७४ | २८११३८ | ७१ | ४०१६६२ | ७६ |
| **कुल जम्मा** | | **132** | ५०४५७३ | ४५७४७१ | १०० | ३९७३२१ | १०० | ५२९४७९ |

## २.८ विषय उपक्षेत्रगत बाँडफाँट

विषय उपक्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ । विषय उपक्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण अनुसूची ३ समावेश गरिएको छ ।

**तालिका २.ढ : आगामी तीन आ.व. मा .विषय उपक्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा)**

| क.स | विषय क्षेत्र | २०८०/०८१ व्यय अनुमान | | | २०८१/०८२ को खर्च प्रक्षेवण | | | २०८२/०८३ को खर्च प्रक्षेवण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत |
| १ | कृषि तथा खाद्य सुरक्षा | ४००७ | २६०४ | १४०२ | ४२४२ | २७५७ | १४८५ | ४६६७ | ३०३४ | १६३३ |
| २ | सिंचाई | ४५५३ | ० | ४५५३ | ४८२१ | ० | ४८२१ | ५३०४ | ० | ५३०४ |
| ३ | पशु सेवा | २१८६ | १७४८ | ४३७ | २३१४ | १८५१ | ४६३ | २५४६ | २०३७ | ५०९ |
| ४ | उद्योग, व्यापार तथा व्यावसाय | १३६६ | १३६६ | ० | १४४६ | १४४६ | ० | १५९१ | १५९१ | ० |
| ५ | पर्यटन तथा संस्कृति | ११३८ | ३४१ | ७९७ | १२०५ | ३६२ | ८४४ | १३२६ | ३९८ | ९२८ |
| ६ | भूमि व्यवस्था, | ११३८ | ९११ | २२८ | १२०५ | ९६४ | २४१ | १३२६ | १०६१ | २६५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सहकारी र वित्तीय सेवा | | | | | | | | | |
| ७ | श्रम, रोजगारी र गरिबी निवारण | ९११ | ४५६ | ४५५ | ९६४ | ४८२ | ४८२ | १०६१ | ५३० | ५३० |
| ८ | शिक्षा, कला, भाषा तथा साहित्य | ५४१३९ | ४६०१८ | ८१२१ | ५७३१९ | ४८७२१ | ८५९८ | ६३०५९ | ५३६०० | ९४५९ |
| ९ | स्वास्थ्य तथा पोषण | १७३०३ | १४७०७ | २५९५ | १८३१९ | १५५७१ | २७४८ | २०१५३ | १७१३० | ३०२३ |
| १० | खानेपानी तथा सरसफाइ | ४५५३ | ० | ४५५३ | ४८२१ | ० | ४८२१ | ५३०४ | ० | ५३०४ |
| ११ | महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण | २५०४ | २१२९ | ३७६ | २६५१ | २२५४ | ३९८ | २९१७ | २४७९ | ४३८ |
| १२ | युवा, खेलकुद तथा नवप्रवर्तन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १३ | बस्ती विकास, आवास, भवन तथा शहरी विकास | २००३४ | ० | २००३४ | २१२१२ | ० | २१२१२ | २३३३६ | ० | २३३३६ |
| १४ | सडक तथा यातायात | ७१९४२ | ० | ७१९४२ | ७६१६९ | ० | ७६१६९ | ८३७९६ | ० | ८३७९६ |
| १५ | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | ९१०७ | ० | ९१०७ | ९६४२ | ० | ९६४२ | १०६०७ | ० | १०६०७ |
| १६ | सूचना, सञ्चार तथा प्रविधि | ६८३ | ६८३ | ० | ७२३ | ७२३ | ० | ७९६ | ७९६ | ० |
| १७ | वन, पार्क, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण | ३४१५ | ३४१ | ३०७३ | ३६१६ | ३६२ | ३२५४ | ३९७८ | ३९८ | ३५८० |
| १८ | वातावरण तथा फाहोरमैला व्यवस्थापन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १९ | विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता | ४५५३ | १८२१ | २७३२ | ४८२१ | १९२८ | २८९२ | ५३०४ | २१२१ | ३१८२ |
| २० | नीति, कानून, न्याय तथा सुशासन | १८२१ | १८२१ | 0 | १९२८ | १९२८ | ० | २१२१ | २१२१ | ० |
| २१ | संगठन, मानव संशाधन र | १६३९१८ | १६३९१८ | ० | १७३५४९ | १७३५४९ | ० | १९०९२७ | १९०९२७ | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षमता विकास | | | | | | | | | |
| २२ | राजस्व तथा राजस्व परिचालन | ११३८ | ११३८ | ० | १२०५ | १२०५ | ० | १३२६ | १३२६ | ० |
| २३ | तथ्याङ्क, योजना तथा विकास परिचालन | ४५५ | ४५५ | ० | ४८२ | ४८२ | ० | ५३० | ५३० | ० |
| २४ | कार्यालय सञ्चालन तथा प्रशासनिक वडा सहित | ८४४६४ | ६७५७१ | १६८९३ | ८९४२६ | ७१५४१ | १७८८५ | ९८३८१ | ७८७०४ | १९६७६ |
| कूल जम्मा | | ४५५३२९ | ३०८०३० | १४७२९९ | ४८२०८० | ३२६१२६ | १५५९५३ | ५३०३५३ | ३५८७८४ | १७१५६९ |

आर्थिक वर्ष २०८०/८१ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय उपक्षेत्रगत नतिजा, विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय उपक्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ।

## परिच्छेद ३ : आर्थिक विकास क्षेत्र

कृषि तथा सिंचाई, पशु विकास, उद्योग तथा व्यापार, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था तथा सहकारी र श्रम तथा रोजगारी जस्ता उपक्षेत्रहरु यस परिच्छेदमा समेटिएको छ । यस परिच्छेदमा हरेक उपक्षेत्रको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएका छन् ।

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमि

यस गाउँपालिकामा मुख्यतः व्यवसायिक स्थानीय आलु तथा तरकारी, फलफूल तर्फ ओखर तथा स्याउ खेति, कोसेवाली तर्फ सिमी, अन्नबाली तर्फ मार्सीधान तथा फापर र वनपैदावरमा जडिबुटी आर्थिक विकासको प्रमुख साधनको रुपमा रहेको छ । आर्थिक विकास संभावनाका क्षेत्रहरु प्रचुर भएपनि कठिन भौगोलिक अवस्था, सडकको पहुँच, विद्युत उपलब्धता जस्ता पूर्वाधारको कमी, तिब्र वाह्य बसाईसराई, आवश्यक व्यवसायिक ज्ञान तथा सूचनाको कमी, सेवा सुविधा र बजारको कमिले कृषि तथा पशुपालन, घरेलु उद्योग, व्यापार र व्यवसायको सृजना र विकासका गतिवधीहरु फड्को मार्न सकेको छैन । गाँउवासीको प्रमुख पेशा कृषि भएतापनि अधिकांश कृषकहरू निर्वाहामुखी उत्पादनमा नै सिमित रहेको हुँदा उत्पादकत्वमा खास सुधार हुन सकेको छैन ।

अत्यन्त उत्कृष्ट र सुन्दर परम्परागत भूउपयोग प्रणाली रहेको जुम्ला जिल्लाको यस तिला गाउँपालिकाका पनि सबभन्दा तल नदी तथा खोला किनारमा धान खेत सो भन्दा माथि गाउँवस्ती, अनी पाखोबारी र त्यसमाथि वनजंगल र पाखो तथा अनी सो भन्दा माथि खर्क रहेको त्यसपछि पुन जंगल सहितको भूउपयोग प्रणाली विद्यमान रहेको छ । प्रशस्त वनजंगल तथा चरण क्षेत्र रहेको यस गाउँपालिकामा भेडाबाखा पालनको प्रचुर संभावना छ । चरन तथा खर्कमा परम्परा देखी नै घुम्ती चरीचरणको अभ्यास रहेकोमा हाल सो को अभ्यासमा ह्रास हुँदै गएको अवस्था छ । घुम्ती चरीचरण तथा खर्क व्यवस्थापन र पशुपालनलाई व्यवसायिक बनाई पशु तथा पशुजन्य उत्पादन बृद्धी तर्फ योजनामा विशेष ध्यान दिनु आवश्यक छ ।

यस गाउँपालिका क्षेत्रमा पर्यटकीय महत्व दृष्टिकोणले त्रिवेणी धाम, नदै भगवती, रादेउ डाँडा, आटरी गुफा तथा छहरा झर्ना लगायत अन्य रमणिय स्थान, स्थानीय भाषा, संस्कृती, भेषभुषा तथा जनजीवन लागयत पर्यापर्यटनका अनेकौ संम्भावना रहेको छ । पर्यटन पूर्वाधार, सूचना तथा प्रचारप्रसार र सम्बन्धित सेवा सुविधा लगायत पर्यटकीय सेवाहरुको व्यवस्थापनको कमीका कारण आन्तरिक तथा बाह्य पर्यटकहरूमा बृद्धी हुने सकेको छैन ।

### ३.१.२ समस्या तथा चूनौति

उच्च हिमाली क्षेत्र र जलवायु परिवर्तनको नकारात्मक प्रभावले कृषि क्षेत्रमा आशातित उपलब्धी हासिल गर्न चुनौतिपुर्ण रहेको छ । बजार केन्द्रित बसाइसराइका कारण उच्च जनसंख्या वृद्धिदर, बजार क्षेत्रमा घना बस्ती, बजार क्षेत्रमा खेतीयोग्य जग्गाको खण्डीकरण गरी आवास निर्माण तथा गाँउस्तरमा जग्गाको बढ्दो बाँझोको कारणले गर्दा कृषि उत्पादनमा कमी, साना खण्डित र भु-उपयोगको अवस्था, उत्पादनमा विविधिकरण, प्रतिस्पर्धी र बजारमुखी हुन सकेको छैन । उत्पादनका सामग्रीहरूको प्रर्याप्त आपूर्ति नहुनु, उत्पादित वस्तुलाई लामो समयसम्म भण्डारण गरी राख्न पर्याप्त चिस्यान केन्द्रको कमी रहेको छ । महँगो हवाई यातायात र लामो दुरीका यातायातबाट ढुवानी गर्दा स्थानीय उत्पादन बिग्रने र उचित मुल्य नपाउनु प्रमुख चुनौति रहेका छन् ।

कृषि उपजको उत्पादन मुल्य र उपभोक्ता मुल्यबीच अन्तर उच्च रहने गरेको छ । यसकालागि स्थानीय सरकारबाट स्थानीय उत्पादित कृषिजन्य उत्पादनहरूको संकलन, भण्डारण र बजारीकरणको व्यवस्थित अभ्यासमा कमी रहेको छ ।

### ३.१.४ सोच

## "कृषि उपजमा अर्गानिक उत्पादन, व्यावसायिक र सम्मानित कृषि व्यवसाय"

### ३.१.५ रणनीति

१। मार्शिधान, फापर, सिमि, गहत, आलु, स्याउ तथा ओखरको उत्पादन अभिवृद्दी गर्न पकेट क्षेत्रमा उपयुक्त प्रविधि, सिप र दिगो सिचाई सुबिधा लगायतका आवश्यक पूर्वधारको पहुँच बढाईनेछ।

२। सरकारी गैसस, निजी क्षेत्र र समुदायको साझेदारिमा उन्नत प्रबिधिको प्रसार, सिप हस्तान्तरण, क्षमता बिकासद्वारा उत्पादन बृद्दी तथा व्यबसायिकरण गरिनेछ।

३। उपलब्ध बहुमुल्य जडिबुटिबाट अधिकतम फाईदा लिन जडिबुटी प्रशोधन तथा जडिबुटिमा आधारित उधोग र निकासिमा बिशेष जोड दिईनेछ।

४। प्रमुख स्थानियबालिहरुको व्यबसायिकरणद्वारा उत्पादन बृद्दी गरी खाधान्नको आयातलाई कम गर्दै लग्ने निती लिइनेछ।

५। स्थानिय भु-उप योग प्रणाली लाई प्रबर्दन गरी खेतियोग्य जमिनको संरक्षण गरिनेछ।

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| कृषि पकेट कार्यक्रम | संख्या | ७ | ९ | १० | १२ | १४ |
| किसानलाइ सुचिकृत कार्यक्रक | वडा | ५ | ८ | ९ | ९ | ९ |
| रैथाने बाली प्रवर्दन कार्यक्रम | संख्या | ३ | ५ | ६ | ७ | ८ |
| कृषि तथ्यांक अध्यावधिक कार्यक्रम | प्रतिशत | ७५ | ८० | ९० | ९५ | १०० |
| फुजि स्याउ बगैचा स्थापना | संख्या | ० | ० | १ | १ | १ |
| cold store निर्माण | संख्या | ० | ० | १ | १ | १ |

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४००७ | २६०४ | १४०२ | 0 | 0 | २८५९ | ११४८ | 0 |
| २०८१/८२ | ४२४२ | २७५७ | १४८५ | 0 | 0 | ३०३७ | १२०५ | 0 |
| २०८२/८३ | ४६६७ | ३०३४ | १६३३ | 0 | 0 | ३३४१ | १३२६ | 0 |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | आ.व ०७९/८० मा स्थापना भएका स्याउ /ओखर पकेट विकास कार्यक्रमको निरन्तरता | व्यवसायिक खेतिलाई विस्तार गर्न साना व्यबसायिक कृषि उत्पादन केन्द्र स्थापना गर्नु | सालवसालि | ६०० | प्रत्येक वडामा पकेट स्थापना गर्ने |
| २ | किसान सूचीकरण कार्यक्रम | किसानहरूको पहिचान किसान परिचय पत्र वितरण गर्ने | सालवसालि | २४९ | पालिकाका प्रत्यक घरधुरिको किसानहरुको सुचिकृत गराउने |
| ३ | रैथाने बाली प्रवर्दन कार्यक्रम | लोपउन्ख तथा स्थानिय वालिको संरक्षण तथा प्रवध्दन | सालवसालि | ५०० | रैथाने वालिमा आत्मनिर्भर गराउने |
| ४ | कृषि ,पशुपन्छी तथा मत्स्य सम्बन्धि तथ्यांक अध्यावधिक कार्यक्रम | निति,नियम,योजना निर्माण गर्न सहायता गर्ने | सालवसालि | १०० | सम्पुर्ण तथ्याक हरु संकलन गराइ सक्ने |
| ५ | कृषि स्नातक करार | किसानहरूको खेत वारिमा प्रविधिक सेवा दिने | सालवसालि | ५०० | किसानहरूको खेत वारिमा प्रविधिक सेवा पाउने छन् |
| ६ | कृषि तथा पशु सेवाका एक गाउँ एक प्राविधिकहरुको तलव भत्ता | गाउँ स्तरमा प्रविधि हस्तान्तरण | सालवसालि | ४७६ | गाउँ स्थरमा प्रविधि हस्तान्तरण भइ रहने |
| ७ | फुजि स्याउ बगैचा स्थापना | फुजि स्याउमा उत्पादन वृध्दि | सालवसालि | ७८२ | फुजि स्याउको उत्पादन वृध्दि गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | कोल्ड स्टोर निर्माण | स्याउ भण्डारण गर्ने | सालवसालि | ८०० | स्याउको मुल्यश्रींखला बढाउने |
| | जम्मा | | | ४००७ | |

### ३.१.९ अनुमान तथा जोखिम

गाउँपालिकमा रहेका व्यवसायिक कृषकहरुको संख्या बृद्धि भई कृषि उत्पादकत्व बढ्ने र बजारीकरण सुदृढ भएको हुनेछ। कृषि उत्पादनमा उन्नत प्रविधि, मल, गुणस्तरीय बीउ, भरपर्दो सिंचाई प्रणाली, बजार प्रणालीमा सुधार ल्याउन नसकेमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ। यसैगरी कृषिजन्य उत्पादनमा प्राकृतिक प्रकोपहरु र रोगहरु आउन सक्ने सम्भावना समेत रहन्छ।

## ३.२ सिंचाई

### ३. २.१ पृष्ठभूमि

कृषि योग्य भुमिमा बार्है महिना सिचाई सुविधा पुर्याई कृषिको उत्पादकत्व बढाई सिचाईको दिगो व्यवस्था गर्न आवश्यक छ। परम्परागत सिचाई प्रणालीको मर्मत सम्भार र नयाँ प्रविधिमा आधारित सिचाई प्रणालीको माध्यम बाट सिचित कृषि क्षेत्रको विस्तर भएको छ। सिचाईको थप पुर्वाधार विकास र सम्पन्न सिचाँई प्रणालीको सुदृढीकरण गरि व्यवस्थित गर्न लगानी वृद्धि गर्न आवश्यक छ। जस्ले गर्दा कृषि उत्पादकत्व मा पनि बृद्दी आउछ।

### ३. २.२. समस्या तथा चुनौति

- सिचाइ सुविधाको कमी
- कृषि उपजहरुको उत्पादकत्वमा कमी, उन्नत जातको विउविजन, बालीनालीमा रोग नियन्त्रण हुन नसक्नु
- व्यवसायीक कृषि, प्राविधिक ज्ञानको कमी, सिपयुक्त जनशक्तीको न्यून उपलब्धता

### ३ .२. ३ सोच

## “कृषि योग्य भुमिमा दिगा एवंम भरपर्दो सिचाई सुविधा उपलब्ध गराउने।”

### ३ .२. ४ उद्देश्य

१। खाधान्न उत्पादन बृद्दी गर्न कृषि योग्य जमिनमा सिचाइ सुविधा विस्तार गर्नु

२। सम्भाव्यता हेरी सौर्य उर्जा एब अन्य प्रबिधिमा आधारित लिफ्ट सिचाई प्रणालिको बिकासलाई जोड दिइनेछ

३। सिचाई योजनहरुको मर्मत सम्भार तथा पुनस्थापनाको लागी सिचाई उपभोक्ता समुह परिचालनका साथै गाउँपालिका स्तरमा सिचाई बिकास कोषको स्थापना गरिनेछ।

### ३ .२. ५ रणनीति

१. प्राकृतिक सिंचाईका स्रोत र मुहानहरूको संरक्षण, संवर्द्धन र दिगो व्यवस्थापन गर्ने।
२. ग्रामीण र भिरालो क्षेत्रमा लिफ्ट तथा अन्य प्रविधिमा आधारित सिंचाई प्रणालीको प्रवर्द्धन गर्ने।

### ३ .२. नतिजा सुचक तथा मध्यमकालिन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| सिंचाई | मिटर | ४०० | ६०० | ७५० | ८७० | ९३० |
| हिमपोखरी सिचाई | संख्या | ८ | १५ | २० | २२ | २३ |

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४५५३ | ० | ४५५३ | ० | ० | ४५५३ | ० | ० |
| २०८१/८२ | ४८२९ | ० | ४८२९ | ० | ० | ४८२९ | ० | ० |
| २०८२/८३ | ५३०४ | ० | ५३०४ | ० | ० | ५३०४ | ० | ० |

### कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| **सिंचाई** | | | | | |
| १ | आरसिसि कुलोको निर्माण | सिचाईको पहुँच विस्तार | सालबसाली | ४५५३ | कृषि उत्पादकत्व वृद्धि भएको हुने |
| | **जम्मा** | | | **४५५३** | |

### ३.२.९ अनुमान तथा जोखिम

गाउँपालिकको को बार्षिक बजेट कार्यक्रममा सिचाईलाई प्राथमिकताका साथ तर्जुमा गरिएको छ । मौषम परिवर्तनका कारण बर्षायाममा पहिरो तथा हिउदमा अत्यन्तै चिसो हुनाले पनि सिचाइ हुन गाह्रो छ । माथिल्लो भेगमा भौगोलिका अब्स्थाको कारण सिचाई सुबिधाको पहुचँमा असुबिधा पुगेको छ । समय र अवस्थाको माग अनुरुप बर्षे पम्प, हिम पोखरिको अबधारणालाई पनि प्रयोगमा ल्याउन बृहत छलफल हुन थालेको छ ।

## ३.३ पशु विकास

### ३ १.३. पृष्ठभूमि

कर्णाली प्रदेश अर्न्तरगत जुम्ला जिल्लाका ८ वटा स्थानीय तह मध्ये एक तिला गाउँपालिका हो । यहाँ अधिकांश न्यून आयस्तर भएका बस्ती रहेका छन् । उनिहरूको कृषि कर्मबाट बाह्रैमहिना छाकटार्न नसकेपनि अझै कृषि पेशामा ७०% जनसंख्या संलग्न रहेका छन् । यहाँ लगानी पश्चात बिभिन्न कृषि तथा पशुपंछी पालन व्यवसायलाई संचालनमाल्याई न्यूनआय भएका कृषकहरूको जीवनस्तर सुधारमा टेवा पुग्ने देखिन्छ । बदलिँदो आहार व्यवहार र बढ्दो शहरीकरण एवम् बढ्दो पौष्टिक खाद्य प्रदार्थहरूको उपभोग आदि कारणले पशुजन्य प्रदार्थहरूको उपभोगमा क्रमिक रुपले वृद्धि भएको हुदाँ स्थानीय बजारमा यसको माग दिनानुदिन बढ्दो छ । पशुपालन व्यवसायबाट पशुजन्य प्रदार्थको आयात प्रतिस्थापन मात्र नभई क्षेत्रीय र विश्वबजार सँग प्रतिस्पर्धा गरी राष्ट्रिय आयमा वृद्धि गर्न सकिने प्रवल सम्भावना रहेको छ । पशुपालन व्यवसायलाई थप आधुनिकीकरण र व्यवस्थित तरिकाबाट संचालन पश्चात बजारको माग अनुसार पशुजन्य प्रदार्थको उत्पादन गरी उपभोक्ता समक्ष पुऱ्याउन सकेमा कृषकको जीवनस्तरमा सुधार भई आर्थिक उन्नति हुने देखिन्छ ।

### ३ २.३. समस्या तथा चुनौति

व्यवस्थित र व्यावसायिक रूपमा पशुपालन गर्ने कृषकलाई पशुसेवा सम्बन्धमा प्राविधिक सेवा तथा परामर्श र सहयोगको कमी रहेको छ । भौतिक पूर्वाधारको कमजोर अवस्था जसले गर्दा आधुनिक तरिकाले पशुपालन नगरी परम्परागत विधिबाट पशुपालन

गर्नुपर्ने, पशु उपचारकालागि सजिलै औषधी उपलब्ध नहुने र उपलब्ध भएका प्रविधि एवम् औषधीपनि महङ्गो हुने, पशुपालनको लागि सजिलै दाना तथा मिनरल जस्ता खनीज तत्वहरू उपलब्ध नहुनु, हिउँदे समयमा पशु आहाराको कमी हुने गरेको छ । नगरका वडाहरूमा सम्भाव्यताको आधारमा व्यावसायिक पशुपालन तथा पकेटक्षेत्रको विस्तार हुन सकेको छैन ।

### ३ ३.३.सोच

## "उन्नत पशुपालन व्यवसाय र सम्मानित व्यवसायी"

### ३ ४.३.उद्देश्य

पशु पालन व्यवसायलाई आधुनिक, प्रतिस्पर्धी र वातावरण मैत्री बनाई आन्तरिक मागको आपुर्ती, आयात प्रतिस्थापन गर्दै क्रमशः निर्यात प्रर्वद्धन गन

### ३.३ ५.रणनीति

१ । पशुपन्छिको नस्ल सुधार, कृत्रीम गर्भाधारण, पौष्टिक दाना आहाराको व्यबस्था, पशुपन्छी स्वास्थ्य सेवा एवम उत्पादित पशुजन्य उपज हरुको बजारिकरण पक्षलाई एकिकृत गरी सन्चालन गरिनेछ ।

२ । पशुपन्छिजन्य उत्पादन बृद्दिका लागी गुणस्तरीय पशु आहाराको उपलब्धता बढाउन डालेघाँस, भुइघाँस, दाना उत्पादन र उप्योग बढाउदै कृषिजन्य थप उत्पादनको सदुपायोग गर्ने निती लिईनेछ ।

### ३ ६.३. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| ईपिडेमिलोजिकल रिपोर्टीङ | संख्या | १ | १ | १ | १ | १ |
| कृत्रिम गर्भधान | वटा | २० | २५ | ३० | ३५ | ४२ |
| महामारी आकास्मिक रोग नियन्त्रण कार्यक्रम | वटा | ५००० | ८००० | १०००<br>० | ११००<br>० | १२००<br>० |
| औषधि तथा खोप खरिद | संख्या | २३० | ३५० | ६८० | ७५० | ८४० |

### ७.३.३ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २१८६ | १७४८ | ४३७ | ० | ० | २१८६ | ० | ० |
| २०८१/८२ | २३१४ | १८५१ | ४६३ | ० | ० | २३१४ | ० | ० |
| २०८२/८३ | २५४६ | २०३७ | ५०९ | ० | ० | २५४६ | ० | ० |

### ८.३ .२ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत ( रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | पशु विकास | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ईपिडेमिलोजिकल रिपोर्टीङ | रोग पहिचान गरि रिपोर्टीङ् गर्ने | सालबसाली | १२ | रोग पहिचान गर्ने |
| २ | कृत्रिम गर्भधान | लोकल जातका गाईहरुमा उन्नत जातको कृत्रिम गर्भधारण गर्ने | सालबसाली | १७८ | कृत्रिम गर्भधारण |
| ३ | महामारी आकास्मिक रोग नियन्त्रण कार्यक्रम | रोग नियन्त्रणका लागि खोप लगाउने | सालबसाली | १०० | रोग नियन्त्रणका लागि खोप लगाईने |
| ४ | कृषि तथा पशु सेवाका एक गाउँ एक प्राविधिकहरुको तलब भत्ता | प्रविधि हस्तान्तरण गर्ने | सालबसाली | ४७४ | गाउँ गाउँमा प्राविधिक सहयोग पुग्ने |
| | ईपिडेमिलोजिकल रिपोर्टीङ | रोग पहिचान गरि रिपोर्टीङ् गर्ने | सालबसाली | १२ | रोग पहिचान गर्ने |
| | जम्मा | | | २१८६ | |

### ३ ९.३.अनुमान तथा जोखिम

तिला गाउँपालिकामा प्रशस्त मात्रामा चरण क्षेत्र र अनुकुल हावापानी भएका कारण पशुपालन को प्रचुर सम्भावना छ । तर पोषिलो घाँस को पहिचान हुन नसक्दा, पशुपालन लाई ब्यबसायिकरण गर्न नसकिदा र दाना बनाउने प्रबिधी र सामाग्री को समयअनुसार माग को परिपुर्ती गर्न नसकिदा पशुपालन को अवस्थामा केहि जोखिम देखिएको छ ।

## ३.४ उद्योग तथा व्यापार

### ३ १.४.पृष्ठभूमि

स्थानीय अर्गानिक उत्पादन, प्रशोधन तथा निर्माण क्षेत्रसँग सम्बन्धित उद्योगहरू र थोक तथा खुद्रा व्यापारले यस क्षेत्रको अर्थतन्त्रलाई चलायमान बनाएको छस्थानीय कच्चा पदार्थलाई संकलन, प्रशोधन र बजारीकरण गर्ने उद्देश्य ले जडीबुटी उद्योग, स्याउ प्रशोधन मार्फत जाम, जेली, चानार पेय पदार्थ प्रशोधन गर्दै आएका छन् । स्थानीय उद्योग-व्यवसाय तथा व्यापार क्षेत्रले कृषिको प्रवर्द्धन र स्थानीय बजारबाट वस्तु तथा सामग्रीहरू निर्यात गर्दै आर्थिक आयआर्जनको मुख्य स्रोत बनेको छ । यस नगरका ग्रामिणस्तरमा पशुपालन व्यवसाय, जडीबुटी, सिमी जस्ता कच्चा पदार्थको उत्पादन, संकलन गरिन्छ भने बजार क्षेत्रमा संकलन भएको कच्चा पदार्थहरूको प्रशोधन गरी वितरण र निर्यात गरी नागरिकको आय आर्जनमा टेवा पुगेको छ ।

### ३ २.४.समस्या तथा चूनौति

यस गाउँपालिकामा संकलनहुने कच्चा पदार्थहरूलाई प्रशोधन गर्ने उद्योग स्थापनाका लागि सहज वातावरण नहुनु, लगानीकर्तालाई सरकारबाट प्रोत्साहनमा कमी, भौगोलिक विकटता, महंगो हवाई यातायात र स्थलगत रुपमा यातायात व्यवस्थित नहुनुले उद्योग सामग्रीहरू र दक्ष जनशक्ति ल्याउनमा कठीनाई रहेको छ । विद्युतको आपुर्ति सहज नहुनु, प्रर्याप्त लगानी कर्ताको कमीले उद्योग तथा व्यवसायको विस्तारको गतिलाई कमजोर तुल्याएका कारण गुणस्तरीय र प्रतिस्पर्धी वस्तु तथा सेवा उत्पादन हुन सकेको छैन । औद्योगिक क्षेत्रको विकासका लागि आवश्यक योजना तयार भएका छैन भने सरकारी तवरबाट उद्योग स्थापना र

सञ्चालनका लागि सहज वातावरण तयार हुन सकेको छैन । व्यवसाय दर्ता, सञ्चालन तथा कर प्रणालीमा अझै प्रक्रियागत जटिलता कायम रहेको छ । औद्योगिक फोहोर व्यवस्थापन चुनौतिपूर्ण हुँदै गएको छ

### ३ ३.४.सोच

## "अर्गानिक बस्तु उत्पादनशील उद्योग व्यवसाय, रोजागरी सृजना र आर्थिक सम्मृद्धि"

### ३ ४.४.उद्देश्य

१। गाउँपालिकामा प्राप्त स्रोत साधान र कच्चा पदार्थहरूको अवस्थालाई अध्ययन अनुसन्धान गरी साना तथा मझौला उद्योग व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गर्ने ।
२. निजी क्षेत्रलाई प्रोत्साहनगर्न सार्वजनिक निजी साझेदारीलाई थप प्रभावकारी बनाउने ।

### ३ ५.४.रणनीति

१. उधोग बाणिज्य सङ्घ, गैसस, निजि, सहकारी, समुदारी बिचको साझेदारी तथा सम्न्वयमा स्थानिय कच्चा पदार्थमा आधारित साना तथा लघु व्यवसाय बिकास कार्यक्रमहरु सन्चालन गरिनेछ

२. गाउँपालिकामा उधोग तथा व्यवसाय प्रबर्धन तथा परामर्श सेवा सन्चालान गरिनेछ ।

३. निजी क्षेत्रलाई प्रोत्साहन गर्न सार्वजनिक निजी साझेदारी अवधारणालाई प्रबर्धन गर्ने ।

### ३ ६.४.नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| आवश्यकता पहिचानका आधारमा पुनर्ताजकी एडभान्स सिप विकास तालिम कार्यक्रम | संख्या | ४ | ५ | ६ | ८ | १० |
| सम्भाव उत्पादनको उत्पादकत्व र बजार प्रतिस्तप्रर्धा वृद्धि गर्नका लागि पाँच जनाको समुहमा प्रविधि हस्तान्तरण | संख्या | ३ | ४ | ५ | ६ | ७ |
| उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | जना | ५० | ७० | ८० | ९० | १२० |

### ३ ७.४. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १३६६ | १३६६ | ० | ० | ० | १३६६ | ० | ० |
| २०८१/८२ | १४४६ | १४४६ | ० | ० | ० | १४४६ | ० | ० |
| २०८२/८३ | १५९१ | १५९१ | ० | ० | ० | १५९१ | ० | ० |

### ३ ८.४. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत ( रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|

| | उद्योग, व्यापार तथा व्यावसाय | | | | |
|---|---|---|---|---|---|
| | आवश्यकता पहिचानका आधारमा पुनर्ताजकी एडभान्स सिप विकास तालिम कार्यक्रम | क्षमता अभिबृद्धि गर्ने | सालबसाली | २५० | सिप सिक्ने |
| | सम्भाव उत्पादनको उत्पादकत्व र बजार प्रतिस्तप्रर्धा वृद्धि गर्नका लागि पाँच जनाको समुहमा प्रविधि हस्तान्तरण | प्रविधि हस्तान्तरण गर्ने | सालबसाली | १६० | प्रविधि हस्तान्तरण |
| | उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | नयाँ उद्यमी सिर्जना गर्नेल | सालबसाली | ९५६ | सिप सिक्ने |
| | जम्मा | | | १३६६ | |

### ३ ९.४. अनुमान तथा जोखिम

राज मार्गसँग जोडिएका कारण उधोग ब्यबसायको राम्रै सम्भावना देखिन्छ तिला गाउँपालिकमा । पाटन क्षेत्रमा पाईने विभिन्न किसिमका जडिबुटी र स्थानिय रुपमा उत्पादित स्याउ, सिमी र अन्य बालिहरुलाई प्रसोधन गरी बजारिकरण गर्न सके उधोग ब्यापार फस टाउने सम्भावना राम्रो देखिन्छ । माथिल्लो भेगमा कृषी सडक सम्म पनि बन्न नसक्दा उत्पादन भएका बस्तुको बजारिकरण हुन सकेको छैन । यसै समस्याको समाधान गर्न उद्योग ब्यापार प्रवर्द्धनका लागि पुर्वाधार, सीप तथा प्रविधिको विकास गर्ने लक्ष्य गाउँपालिकाले लिएको छ ।

## ३.५ पर्यटन विकास

### ३ १.५.पृष्ठभूमि

जुम्ला जिल्लाको तिला गाउँपालिका धार्मिक पर्यटकीय गन्तव्यका रुपमा परिचित क्षेत्र हो । यस गाउँपालिामा ऐतिहासिक त्रिवेणीधाम, नदैगुफा जस्ता धार्मिक र पर्यटकीय, प्राकृतिक र सांस्कृतिक क्षेत्रहरू रहेका छन् । गाउँपालिकामा क्षेत्री, ब्राह्मण, दलित, जनजाती लगायत विभिन्न जातीको बसोबास रहेको छ। सांस्कृतिक परम्परा अनुसार तिलापालिकामा त्रीवेणीधाममा भाद्र पुर्णिमा देखि पैठ लाग्ने गर्दछ । यसको महत्वलाई आत्मसाथ गर्दै कालिकोट, मुगु, दैलेख लगायतका जिल्लाबाट आन्तरिक पर्यटकहरू उल्लेख्य संख्यामा आउने गर्दछन ।

### ३ २..४.समस्या तथा चूनौति

पर्यटन क्षेत्रको विकासकालागि व्यवस्थित तथा प्रभावकारी कार्यक्रमहरू सञ्चालन हुन सकेका छैनन् । पर्यटकीय स्थलमा आवश्यक संरचना निर्माण र प्रचार प्रसार हुन सकेको छैन । महत्वपूर्ण पर्यटकीय क्षेत्र, सम्पदा र उपजलाई ध्यानदीई अत्यावश्यक पूर्वाधार तथा सेवा सुबिधा विकास र विस्तार लगायत पर्यटकीय विकास सम्बन्धी स्पष्ट योजना तर्जुमा हुनसकेको छैन । विद्यमान धार्मिक पर्यटकीय सम्पदा, विशेषता, सेवा सुबिधाको बारेमा सूचना र प्रचारको कमी रहेको छ ।

### ३ ३.५.सोच

## "धार्मिक पर्यटन संरक्षण, कला संस्कृतिको प्रवर्द्धन"

### ३ ४.५.उद्देश्य

१. धार्मिक पर्यटनको विकासकालागि उपयुक्त नीतिगत तथा संस्थागत संरचनाको स्थापना गर्ने ।
२. स्थानीय रैथाने कला, संस्कृति र परम्परालाई व्यावसायिकरण गर्न प्रवर्द्धनात्मक कार्यहरू गर्ने ।
३. पर्यटकीय क्षेत्रको व्यापक प्रचारप्रसार गरी आन्तरिक र वाह्य पर्यटकको संख्या वृद्धि गर्ने ।

### ३ ५.५.रणनीति

१ स्थानिय पर्यटकिय सम्पदा र स्थलहरुको पहिचान सँक्षरण, सेवा तथा सुविधा, बिकास र बिस्तार गरी पर्यटन बिकास र प्रबर्धन गरिनेछ ।
२ पर्यटकिय स्थलहरु सम्मको पहुँच बृद्दी र सहज बनाउन पैदल मार्ग र सडक बिस्तारका साथै स्तर उन्नती गर्दै लागिनेछ ।

### ३.५ ६.नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| व्यवस्थित पर्यटकीय स्थान तथा स्थल | संख्या | १ | १ | 0 | ३ | ४ |
| व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | 0 | 0 | 0 | 0 | १ |
| उपलब्ध पर्यटकीय सेवा र सुविधाको प्रकार | संख्या | १ | १ | 0 | १ | २ |
| पर्यटकीयस्तरको होटेल तथा रेष्टुरेण्ट | संख्या | 0 | 0 | १ | १ | १ |
| कृषि पर्यटन संचालन स्थान | संख्या | १ | २ | ४ | ६ | ६ |
| तालिम प्राप्त टुर गाइड | संख्या | २ | २ | ३ | ४ | ६ |
| व्यवस्थित वनभोज तथा पार्क | संख्या | १ | १ | १ | २ | २ |

### ३ ७.५.विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ११३८ | ३४१ | ० | ० | ० | ११३८ | ० | ० |
| २०८१/८२ | १२०५ | ३६२ | ० | ० | ० | १२०५ | ० | ० |
| २०८२/८३ | १३२६ | ३९८ | ० | ० | ० | १३२६ | ० | ० |

### ३ ८.५.कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत ( रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| पर्यटन विकास | | | | | |
| १ | पर्यटकिय क्षेत्रको संरक्षण तथा सम्बर्द्धन | धर्म तथा सस्कृतिको पर्बद्धन | सालबसाली | ११३८ | धर्म र सस्कृतिको प्रबर्द्धन |
| | जम्मा | | | ११३८ | |

### ३ ९.५.अनुमान तथा जोखिम

गाउँपालिकामा निजी क्षेत्र तथा नागरिक समाजको साझेदारीमा धार्मिक पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुन सक्नेछ। धार्मिका तथा सास्कृतिक रुपमा भरिपूर्ण तिला गाउँपालिकामा नदैगुफा, त्रीवेणिधाम,

रारादह, माईथाप्ला जस्ता पर्यटकिय क्षेत्र रहेका छन । साथै परम्परागत काष्ठ कला केन्द्रीत काठको पुल, परम्परागत नाच पर्यटन को आकर्षण का केन्द्र हुन सक्दछन । तर पर्यटनको पहुँचमा पूर्वधार नहुनु र सँरक्षण को अभावले पर्यटन जोखिममा रहेको छ ।

## ३.६ भूमि व्यवस्था, बैंक, वित्त तथा सहकारी

नेपालको संविधानमा व्यवस्था भएको सम्पतिको हक,खाद्य सुरक्षा र सम्प्रभुताको हक महिलाको हक र भुमिहिनको हक र दलित को हक कार्यान्वयन गर्त सन २०३० सम्ममा हासिल गरिसक्नु पर्ने दिगो विकासको लक्ष्य प्राप्त गर्न उपलब्ध सिमित भुमि तथा भुमि स्रोतको दिगो व्यवस्थापन गर्न आवश्यक रहेको छ । तिला गाउँपालिका खेतियोग्य जमिन कटानको समस्या विद्यामान रहेको ले आवश्यक तटबन्धनको व्यवस्थापन गरी भुक्षय जस्ता प्राकृतिक प्रकोपबाट कृषि भुमि सुरक्षित गर्न आवश्यक छ। सङ्घीयताको कार्यान्वयनसँगै सहकारीलाई स्थानीय तहको अधिकार सुचीमा राखेको छ । नगरक्षेत्र भित्र रहेको पुँजी संकलन गर्ने, लगानी गर्ने, रोजगारी प्रवर्द्धन गर्ने तथा सर्बैसाधारणको आयआर्जन गर्ने हेतुले यस चन्दननाथ गाउँपालिकालाई कार्यक्षेत्र बनाई ३५वटा सहकारी स्थापना भई संचालनमा रहेका छन् । सहकारीहरूले औपचारिक कारोबार, कर्जा सुविधा र बचतको प्रवृतिलाई प्रवर्द्धन गरेका छन् ।  बैंक, वित्तीय संस्था एवम् सहकारी मार्फत औपचारिक कारोबार, कर्जा सुबिधा र बचतको प्रवृति विस्तार हुँदै गएको छ ।

### ३ २..४.समस्या तथा चूनौति

मुलुकको आर्थिक विकासको संवाहकको रुपमा रहेको सहकारी क्षेत्रको बहुआयामिक समस्या तथा चुनौति रहेका छन् । विशेष गरी वित्तीय साक्षरताको कमी, धितो राख्ने सम्पत्तिको अभाब, आवश्यक प्रमाण पुर्‍याउन नसक्नु, झन्झटिलो कागजी प्रक्रिया र आवश्यक सहयोगका लागि सेवा केन्द्रको अभाब कारण अनौपचारिक क्षेत्रबाट कारोबार हुने गरेको छ । बैंकिङ तथा वित्तीय सस्थाका जटिल प्राविधिक विषय र सम्बन्धित प्रावधानको ज्ञान नहुँदा र दर्ता, कर चुक्ता, घरभाडा सम्झौताका साथै व्यावसायिक परियोजना प्रस्ताव जस्ता आधारभूत कागजात आफैंले तयार गर्न नसक्नु नै साना तथा लघु उद्यमकालागि सहज वित्तीय पहुँचमा बाधक बनेको
देखिन्छ ।

### ३ ३.६.सोच

दिगो विकासको अवधारणा अनुरुप भुमि व्यवस्थालाई तिलाको समृद्धिको आधार बनाउने ।

### ३ ४.६.उद्देश्य

१. सहकारीहरूलाई उत्पादनशील बनाउदै गरिबी निबारण गर्ने उद्देश्यले सबै प्रकारका सहकारीहरूलाई उत्पादन तथा स्वरोजगारका कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्ने ।
२. गाउँपालिकाका ग्रामिण स्तरमा वित्तिय साक्षरता मार्फत सहज पुहँचमा अभिवृद्धि गर्ने र सहकारीहरूको सस्थागत क्षमता विकास मार्फत उत्पादनमूलक, व्यावसायिक दक्षता अभिवृद्धि गर्ने ।
३.सहकारी क्षेत्रको अनुगमन र मुल्याङकनलाई प्रभाबकारी बनाउने ।
४.सहकारीहरूको पुँजी र लगानी व्यावसायिक कृषि र उत्पादन तथा प्रशोधन क्षेत्रमा परिचालन गर्न सहयोग गर्ने ।
५.स्थानीय तहमा स्थित बैंक तथा वित्तिय सस्थाहरूसँग सहुलियतपूर्ण कर्जा र अनुदान योजनाहरूको पहुँच वृद्धि गर्न समन्वय र सहजीकरण गर्ने ।

### ३ ५.६.रणनीति

१. प्रत्यक घरपरिवारको बैंक खाता खोल्न प्रोत्साहन मार्फत बैंकबाट कारोबार गरी सुशासन प्रबर्धनमा जोड दिईनेछ ।

२. सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा क्रियाशिल तुल्याउने ।

### ३ ६.५.नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| सहकारीको नेतृत्वमा महिला सहभागिता | प्रतिशत | २० | ३० | ४० | ५० | ६० |
| भुमि व्यवस्थापन र सहकारी सम्बन्धि कार्यक्रम | वटा | १ | २ | ३ | ४ | ५ |

### ३ ७.६.विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ११३८ | ९११ | २२८ | ० | ० | ११३८ | ० | ० |
| २०८१/८२ | १२०५ | ९६४ | २४१ | ० | ० | १२०५ | ० | ० |
| २०८२/८३ | १३२६ | १०६१ | २६५ | ० | ० | १३२६ | ० | ० |

### ३ ८.६.कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| **भूमी व्यवस्था तथा सहकारी** | | | | | |
| १ | भुमि व्यवस्थापन र सहकारी सम्बन्धि कार्यक्रम | सहकारीको लागि कोपोमिस प्रणाली द्धारा गराउने | सालबसाली | ११३८ | सहकारी सम्बन्धि लेखा तालिमको व्यवस्था |
| | जम्मा | | | ११३८ | |

### ३ ९.६.अनुमान तथा जोखिम

गाँउवासीहरुमा वित्तीय सेवा विस्तार भएको हुनेछ । वित्तीय संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशील हुनेछन् । वित्तीय संस्थाहरुको कर्जा बढ्न सक्ने जोखिम हुनेछ ।

## ३.७ श्रम, रोजगारी तथा गरिवी निवारण

### ३ १.७.पृष्ठभूमि

यस गाउँपालिकाका ७० प्रतिशत जनताहरू कृषि पेशामा आबद्ध भएका छन् । यस क्षेत्रको आर्थिक आयमा न्यून योगदान भएकोले यस क्षेत्रमा संलग्न जनशक्तिलाई बेरोजगार भनिएता पनि बढ्दो शहरीकरणले कृषि उत्पादनलाई बजार प्रदान गरी आयआर्जनमा टेवापुर्‍याएको छ । तिला गाउँपालिकामा गरिबीको रेखामुनी रहेको जनसंख्या प्रतिशत रहेका छ भने बहुआयामिक गरिबीमा रहेको जनसंख्या ३९ प्रतिशत रहेको छ । यस गाउपालिकामा स्वास्थ्य, शिक्षा, रोजगारी, हवाई यातायात जस्ता सेवा र अवसरका र बढ्दो शहरीकरणका कारण विभिन्न उद्योग, व्यवसायहरू सञ्चालनले थप रोगारीका लागि अवसर सृजना गरेको छ ।

### ३ २.७.समस्या तथा चूनौति

युवा जनशक्ति विदेश अध्ययन र रोजगारीका लागि पलायन हुने र स्थानीय उद्योग व्यवसाय अन्यत्रका श्रमिकमा भरपर्ने अवस्था रहेको छ । त्यसमा पनि स्थानीय अर्थतन्त्रको प्रमुख संवाहक अर्गानिक उत्पादन, संकलन र वितरण, धार्मिक पर्यटन जस्ता क्षेत्रका लागि चाहिने दक्ष जनशक्तिको अभावले चुनौति थपिदिएको छ । युवा जनशक्ति विदेश अध्ययन र रोजगारीकालागि पलायन हुने र स्थानीय उद्योग व्यवसाय अन्यत्रका श्रमिकमा भरपर्ने अवस्था रहेको छ । त्यसमा पनि स्थानीय अर्थतन्त्रको प्रमुख संवाहक अर्गानिक उत्पादन, संकलन र वितरण, धार्मिक पर्यटन जस्ता क्षेत्रका लागि चाहिने दक्ष जनशक्तिको अभावले चुनौति थपिदिएको छ ।

### ३ ३.७.सोच

**"उत्पादन, रोजगारीमा वृद्धि र गरिबीको अन्त्य"**

### ३ ४.७. उद्देश्य

१. युवा जनशक्तिलाई बजार माग अनुरूपका सीपमा आधारभूत तालिम र क्षमता विकास गर्नु ।

२. सरोकारवालासँगको सहकार्यमा स्थानीय श्रम बजारमा आवश्यक सीप, दक्षताको सम्बन्धी अध्ययन तथा श्रम बजारको व्यवस्थापन गर्नु .

### ३ ५.७. रणनीति

१ गरिबलाई लक्षित रोजगार तथा स्वरोजगारमूलक सीप विकास तालिम, उत्पादनमूलक कार्यक्रम तथा शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने ।

२. गरिब घरपरिवार पहिचान गरी सो सम्बन्धी विवरण अद्यावधिक गर्ने ।

३. प्राविधिक सीप र दक्षता भएका व्यक्तिहरूलाई सम्मानजनक पूर्ण रोजगरीकालागि स्थानीय सरकार र निजी क्षेत्रबीच समन्वय, सहकार्य र साझेदारी गर्ने ।

४. संघ तथा प्रदेश सरकारसँगको सहकार्यका स्थानीय श्रम बजारलाई मर्यादित र दिगो बनाउन नीतिगत र संस्थागत सुधार गर्ने ।

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना | संख्या | २१ | १८ | १८ | २० | २३ |
| सुचिकृत बेरोजगारी लाई रोजगार दिने | जना | २५० | ४५० | ४८० | ४९० | ५१० |
| युवा जनशक्तिको सीप अभिवृद्धि | जना | ५० | ८० | १५० | २५० | ४०० |

### ३ ७.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ९११ | ४५५ | ४५५ | ० | ० | ९११ | ० | ० |
| २०८१/८२ | ९६४ | ४८२ | ४८२ | ० | ० | ९६४ | ० | ० |
| २०८२/८३ | १०६१ | ५३० | ५३० | ० | ० | १०६१ | ० | ० |

### ३ ८.७.कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत ( रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| श्रम, रोजगारी र गरिबी निवारण | | | | | |
| १ | सुचिकृत बेरोजगार लाई रोजगारी दिने | रोजगार सृजना गर्ने | सालबसाली | ९११ | रोजगारी सृजना हुने |
| जम्मा | | | | ९११ | |

### ३ ९.७.अनुमान तथा जोखिम

गाउँपालिकामा गरी बिको रेखामुनी रहेको जनसंख्या बढी छ। प्रत्यक बर्ष विभिन्न योजना मार्फत त्यस्तो जनसमुदायलाई रोजगारिको अवसर प्रदान गरिदै आएको छ तिला गाउँपालिकले । तर पनि थप रोजगारी सृजना गर्ने कार्यक्रम तथा योजना बनाउन नसक्दा दक्ष कामदार पनि काम को खोजिमा बहिरन बाध्य भएका छन । गाउँपालिकामा गरिबी निवारण सम्वन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ । गरिबी निवारण नीति तथा कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ ।

## परिच्छेद ४ : सामाजिक विकास क्षेत्र

यस परिच्छेदमा स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उपक्षेत्रहरु समेटिएका छन् । प्रत्येक खण्डमा पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ४.१ शिक्षा, कला, भाषा तथा साहित्य

### ४ १.१.पृष्ठभूमि

आधारभूत पूर्वाधार तथा शिक्षकसहित यस गाउँपालिकामा २७ वटा विद्यालय, २५ बालविकास केन्द्र, ४ सामुदायिक केन्द्र र ३ वटा पुस्तकालय हरु संचालनमा रहेका छन् । कूल मध्ये ४० प्रतिशत विद्यालयहरुले विद्यालयहरुको सुधार योजना अद्यावधिक गरी विद्यालय शिक्षामा सुधारका प्रयास भएका छन् । प्यारामेडिकल कर्मचारी, आधारभूत उपकरण नेपाल सरकारबाट निर्धारित नर्मस् अनुसार स्वास्थ्य चौकी ५ र ४ वटा वर्थिङ सेन्टरबाट आधारभूत स्वास्थ्य सेवा प्रवाह भैरहेको छ । यस गाउँपालिका क्षेत्रमा ९८ जनसंख्यामा पाइपबाट वितरित खानेपानी सुविधा तथा ९४ प्रतिशत जनसंख्यामा चपी लगायत सरसफाईको सुविधा उपलब्ध रहेको छ ।
स्वास्थ्य, शिक्षा, तथा खानेपानी तथा सरसफाइमा पहुँच तथा सेवाको अवस्था छरिएर रहेको बस्ती, सडकको पहुच तथा स्रोतको व्यवस्थापन कमजोर हुँदा साक्षरता दर, प्राथमिक स्वस्थ्य सेवामा पहुच तथा स्वच्छ खानेपानीको उपलब्धता राष्ट्रिय औसत भन्दा कम रहेको छ । यस गाँउपालिकामा स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई सेवालाई सर्वसुलभ, परिणाममूखी, प्रभावकारी र जनमूखी बनाई लक्षित तथा सिमान्तकृत वर्गलाई मुलप्रवाहमा ल्याउनको लागी प्रमुख माध्यमको रुपमा रहेको सामाजिक विकाससँग सम्वन्धित कार्यक्रमलाई प्राथमिकतामा राख्न आवश्यक छ ।

### ४ २.१.समस्या तथा चूनौति

- बालविकास केन्द्रको अभाव
- पर्याप्त बालमैत्री तथा अपाङमैत्री भवनको कमी
- विद्यार्थी अनुपातमा शिक्षक दरवन्दीको कमी
- शिक्षक तथा प्रअको मिलान नभएको
- शिक्षक तथा विद्यार्थीको नियमितताको कमी
- शिक्षक तालिमको कक्षाकोठामा उपयोग नभएको
- शिक्षक तथा विद्यार्थीमा अनुशासनमा कमी
- सामुदायिक अध्ययन केन्द्रको प्रभावकारी परिचालनको कमी
- विद्यालयमा पुस्तकालय नभएको, सूचना प्रविधिको प्रयोग नभएको
- स्रोत कक्षा नभएको
- SIP अध्यावधिक तथा कार्यान्वय नभएको
- अपर्याप्त छात्रवृति, भर्नादर, उत्तीर्ण दर, टिकाउदर र शैक्षिक उपलव्धी दरमा कमी
- दिवा खाजा व्यवस्थापनमा कमी
- गैरसरकारी संस्थाका कार्यक्रमहरु विद्यालयको माग अनुसार नचलेको
- पालिक स्तरीय अतिरिक्त क्रियाकलाप नभएको
- सवै विद्यालयमा लेखाको कर्मचारी दरवन्दी र उचित तलव भत्ता नभएको
- छात्राछात्रहरुको छुट्टाछुट्टै शौचालय नहुनु र शौचालयमा साबुन पानीको अभाव

### ४ ३.१.सोच

## “सबै सुलभ र समान पहुँच, गुणस्तरीय र व्यावहारिक शिक्षा”

### ४ ४.१.उद्देश्य

१ सामुदायिक बिद्यालयको शैक्षिक गुणस्तर अभिवृद्दी गर्न निरन्तर अनुगमन तथा पृस्ठपोषण, शिक्षक विद्यार्थी नियमितता, आधुनिक शिक्षण प्रबिधिको उपयोग, सफल सिकाईको अनु सरण, बाल मैत्री तथा अपाङ्गमैत्री पूर्वधार, खानेपानी तथा शौचालयको

व्यबस्थापन, शिक्षक दरबन्दी मिलान कार्यलाई प्रभावकारी रुपमा अघी बढाई बिद्यालयहरुमा शिक्षकहरुको समतामुलक बितरण सुनिश्चित गरिनेछ ।

२ स्थानिय आवश्यकता अनुसारको उपायोगी सिप हस्तान्तरण गर्न स्थानिय पाठ्यक्रम तयार गरी सबै बिद्यालयमा कार्यान्वयनमा ल्याउने र कक्षाकोठा बाटै सिप हस्तान्तरण गर्न कक्षा सन्चालन गरिनेछ ।

३ स्थानिय स्तरको प्राविधिक शिक्षालयको ज्ञान, सिप उपयोग बिद्यालय शिक्षासँग जोड्ने निती लिइनेछ ।

### ४ ५.१.रणनीति

१. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा तथा नि:शुल्क माध्यमिक शिक्षाको प्रावधानलाई प्रभाबकारी रुपमा कार्यान्वयन गर्ने ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षाका अवसर विस्तार गर्दै युवा रोजगारी तथा उद्यमशीलता विकास गर्ने,
३. आर्थिक तथा सामाजिक रुपमा पछाडी परेको वर्ग तथा समुदायका बालबालिकाकोलागि उच्च शिक्षा सम्म पहुँच सुनिश्चित गर्ने ।

### ४ ६.१. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| विद्यालय वाहिर रहेका (५-१५ वर्ष) बालबालिका | प्रतिशत | ८ | ८ | ६ | ४ | ४ |
| प्रारम्भिक बाल कक्षामा अèययनरत ४-५ बर्ष सम्मका बालबालिका | प्रतिशत | ९० | ९० | ९२ | ९३ | ९४ |
| विषयगत क्षेत्रमा तालिम प्रप्त गर्ने शिक्षक | प्रतिशत | ५० | ५५ | ६५ | ७६ | ७८ |
| बालमैत्री सिकाइ विधि अवलम्बल गर्ने विद्यालय | प्रतिशत | ३० | ३५ | ४० | ४५ | ५० |
| वालमैत्री आधारभूत पूर्वाधार र सुविधा ( भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध | विद्यालय | २० | ३० | ४० | ५० | ६० |
| छात्रवृत्ती पाउने विद्यार्थी संख्या | प्रतिशत | ४० | ४५ | ५० | ५५ | ६० |
| वालक्लव गठन भएका विद्यालय | संख्या | ५ | ८ | १० | १० | १२ |
| महिला शिक्षकको अनुपात | संख्या | १५ | २० | २२ | २५ | ३० |
| व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएका | विद्यालय | ७ | ८ | १० | १२ | १३ |
| प्राविधिक विद्यालय | संख्या | २ | २ | ० | ० | १ |
| उच्च शिक्षा क्याम्पस | संख्या | २ | २ | ० | ० | १ |
| विद्यालय भर्नादर | प्रतिशत | ९५ | ९७ | ९८ | ९९ | १०० |
| प्रर्याप्त कक्षाकोठा भएको विद्यालय निर्माण | वटा | ६ | ६ | ४ | ४ | ३ |
| माध्यमिक परीक्षा उत्तिर्ण दर | प्रतिशत | ९६ | ९७ | ९७ | ९८ | ९८ |
| डिजिटल शिकाई हुने विद्यालय | वटा | ६ | ४ | २ | २ | ४ |
| स्थानिय पाठ्यक्रम निर्माण तथा लागु | वटा | ० | २९ | २९ | २९ | २९ |

### ४ ७.१.विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८०/८१ | १२९१७९ | १०९८०२ | १९३७७ | ० | ३४७६ | १२४६२९ | १०७४ | ० |
| २०८१/८२ | १६८४३० | १४३१६५ | २५२६४ | ० | ३८५४ | १६३३९४ | ११८२ | ० |
| २०८२/८३ | १८५५५७ | १५७७२३ | २७८३४ | ० | ४२७४ | १७९९८३ | १३०० | ० |

## ४ ८.१.कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत ( रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | **शिक्षा, कला, भाषा तथा साहित्य** | | | | |
| | राष्ट्रपति रनिङ्ग शिल्ड | खेलकुद सम्वन्धि जागरुक बनाउने | सालबसालि | १२३६ | जिल्ला प्रदेश तथा राष्ट्रिय खेलाडि उत्पादन हुनेछन |
| | सिटिइभिटी को मापदण्डबमोजिम प्राविधिक शिक्षा सञ्चालन अनुदान | | सालबसालि | २१०० | प्राविधिक धारका जनशक्ति उत्पादनमा बृद्धि आउने |
| | युवा प्रितभा पहिचान र प्रेत्साहन | युवाको प्रतिभा पहिचान गर्ने | सालबसालि | ७५० | युवाको प्रतिभा प्रस्फुटन भएको हुनेछ |

| | | | | | |
|---|---|---|---|---|---|
| | नमुना युवा सासद अभ्यास | संसदको अभ्यास गर्न सिकाउनु | सालबसालि | १३५० | प्रत्यक्ष रुपमा नमुना युवा संसदको अनुभव प्राप्त हुनेछ |
| | युवा परिचालन | सामाजिक सुधार | सालबसालि | ९०० | समाजिक क्रियाकलापमा युवाहरुको सकरात्मक सोचमा बृद्धि हुनेछ |
| | पा०पु अनुदान | निःशुल्क पाठ्यपुस्तक वितरण गर्नु | सालबसालि | १२०४८ | शैक्षिक सत्रको सुरुवातमै सबै विद्यार्थिको हातमा पाठ्यपुस्तक पुग्नेछ |
| | दिवाखाजा | विद्यालय टिकाउदर कायम गर्नु | सालबसालि | ३६९५१ | दैनिक रुपमा खाजको व्यवस्थापन बाट कक्षा छाडने दरमा न्यूनिकरण हुनेछ |
| | विद्यालय सञ्चालन अनुदान | | सालबसालि | ५७३९ | विद्यालयको दैनिक क्रियाकलमा सहजता आउनेछ |

| | | | | | |
|---|---|---|---|---|---|
| | शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा | अनौपचारिक तथा बैकल्पिक शिक्षाको स्थिति पत्ता लगाई साक्षरताका कक्षा संचालन गर्ने | सालबसालि | ३००० | साक्षर गाउँपालिका हुनेछ |
| | शैक्षिक गुस्तर प्रेत्साहन अनुदान | विद्यालयलाई प्रवधि मैत्री वनाउनु | सालबसालि | ४२३३ | शैक्षिक स्थितिमा सुधार हुनेछ |
| | संस्थागत क्षमता विकास परीक्षा संचालन एवम विदद्यार्थी मुल्ङ्कन | विद्यालय सँग सम्वन्धित विभिन्न तहको क्षमता विकास गर्नु | सालबसालि | २९१० | निर्देशिका अनुसारको उपलब्धि हाँसिलभएको हुनेछ |
| | स्यानिटरिप्याड | महिनावारि हुदा विद्यालय शिक्षा बाट बन्चित हुन बाट जोगाउनु | सालबसालि | ५६१३ | सबै किसोरीहरु निरन्तर विद्यालय आउनेछन |
| | छात्रवृति | छात्रा र दलितहरुलाई शिक्षामा जागरुक बनाउनु | सालबसालि | ८१४५ | छात्रा तथा दलितको विद्यालय छाड्ने दरमा कमि आउनु |
| | कोभिड १९ शैक्षिक क्षेती | माहामारी बाट हुने शैक्षिक क्षति कम गर्नु | सालबसालि | १२०० | कोभिड १९ जस्ता माहामरिको बेला सिकाईमा निरन्तरता आउनु |
| | सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापन | | सालबसालि | ९१७४ | विद्यालयको भौतिक पूर्वाधारमा सुधार हुनु |

| | | | | | |
|---|---|---|---|---|---|
| | श्री सरस्वती मा वि भवन निर्माण | विद्यालयको भौतिक पूर्वाधार मा सुधार गर्नु | सालबसालि | १५००० | विद्यालयको भौतिक पूर्वाधारमा सुधार हुनु |
| | श्री देउराली मा वि भवन निर्माण | विद्यालयको भौतिक पूर्वाधार मा सुधार गर्नु | सालबसालि | १५००० | विद्यालयको भौतिक पूर्वाधारमा सुधार हुनु |
| | श्री ज्योती मा वि भवन निर्माण | विद्यालयको भौतिक पूर्वाधार मा सुधार गर्नु | सालबसालि | १५००० | विद्यालयको भौतिक पूर्वाधारमा सुधार हुनु |
| | श्री देबिदेउराली आ वि भवन निर्माण | विद्यालयको भौतिक पूर्वाधार मा सुधार गर्नु | सालबसालि | १५००० | विद्यालयको भौतिक पूर्वाधारमा सुधार हुनु |
| | शिक्षकको क्षमता अभिबृद्धि तालिम संचालन | शिक्षकको क्षमता अभिबृद्धि गर्नु | सालबसालि | १६५४ | |
| | अतिरिक्त क्रियाकला संचालन | विद्यार्थिक चौतर्फि विकास गर्नु | सालबसालि | १८०० | अतिरिक्त क्रियाकलापमा जागरुक हुनु |
| | शिक्षा समिति तथा प्रधानाध्यापक बैठक | उद्देश्य प्राप्तिका लागि योजना बनाउने | सालबसालि | ११२८ | |
| | विद्यालय अनुगमन | कार्यमा गुण स्तर कायम गर्नु | सालबसालि | १३४५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्थानिय पाठ्यक्रम छपाई | स्थानिय पाठ्यक्रम निर्माण गरि लागु गर्नु | सालबसालि | २०१३ | पाठ्यक्रम निर्माण भई पठनपाठन भएको हुने |
| | पाठ्यक्रम प्रवोधिकरण तथा क्ष्भक्ष्व भर्ने तालिम संचालन | तथ्याङ्क लाई सजिलो र सहज रुपमा लागु गर्नु | सालबसालि | १४५७ | विद्यालयको तथ्याङ्कमा एकरुपता तथा सहजता आउनु |
| | कार्यालय संचालन तथा सवारिसाधन मर्मत | सहज तरिकाले कार्यालय संचालनमा सहयोग गर्नु | सालबसालि | ९९८ | दैनिक कार्यमा सहजता आउनु |
| | | जम्मा | | १२९१७९ | |

### ४ ९.१.अनुमान तथा जोखिम

गाउँपालिकबाट शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकूल परिमार्जन भएको हुनेछ। शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसरमा बृद्धि र नवीनतम प्रविधिको उपयोग भएको हुनेछ। शैक्षिक क्षेत्रमा लगानीको मात्रा प्रयाप्त बढाउनु पर्ने भएकोले राजनीतिक प्रतिवद्धता तथा यथेष्ट बजेट अभाव हुन सक्ने जोखिम देखिन्छ .

## ४.२ स्वास्थ्य तथा पोषण

### पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने मौलिका हकको व्यवस्था गरेको छ। देश विकासमा स्वास्थ्य र उत्पादनसिल नागरिक महत्वलाई दृष्टिगत गरि यस क्षेत्रमा लगानी बृद्धि मार्फत गुणस्तरिय तथा सर्वसुलभ स्वस्थ्य सेवामा समतामुलक पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो। तिला गाउँपालिकाले नागरिकलाई स्वच्छ बनाउन आधुनिक चिकित्सा,आयुर्वेद प्राकृतिक,होमियोपेथिक चिकित्सा क्षेत्र,स्वस्थ्य शुसासन र अनुसन्धानमा लगानी बढाउन आवश्यक देखिन्छ।

यस गाउँपालिकामा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसहित एक स्वास्थ्य शाखा र ५ स्वास्थ्य चौकी, ४ वडामा आधारभुत स्वास्थ्य केन्द्रहरूले गाउँपालिकास्तरको जनस्वास्थ्य सेवाको व्यवस्थापन हुँदै आएको छ। स्वास्थ्य शाखाले गाउँपालिकामा पहिले देखि नै सञ्चालन भई सङ्घीय व्यवस्थापछि हस्तान्तरण भई आएका सबै स्वास्थ्य संस्था तथा त्यहाँबाट प्रवाह हुने सेवाहरूको व्यवस्थापन गर्ने अवसर समेत गाउलाई प्राप्त भएको छ। गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको भौतिक व्यवस्थापन, औषधी तथा स्वास्थ्य सामग्रीहरूको आपूर्ति, स्वास्थ्यकर्मीहरूको परिचालन तथा सूचना व्यवस्थापन सम्बन्धी कार्यपनि शाखाले नै गर्ने गरेको छ। यसका अतिरिक्त गाउँ क्षेत्रमा सञ्चालित सरकारी, निजी तथा अन्य सबै किसिमका स्वास्थ्य संस्थाहरूको अनुगमन तथा मूल्यांकनका साथै निजीक्षेत्रका संस्थाहरूलाई स्थापना तथा सञ्चालन अनुमति दिने र उनीहरूको सेवाको गुणस्तर निर्धारण देखि अनुगमन गर्ने जिम्मेवारी पनि शाखालाई दिइएको छ। समग्रमा हेर्दा यस क्षेत्रमा स्वास्थ्य तथा पोषणको क्षेत्रमा गुणात्मक सुधार हुँदै
गएको छ।

### ४ २.२.समस्या तथा चूनौति

रुपमा रहेको छ। स्थानीय स्वास्थ्य संस्थामा मापदण्ड अनुसारको पूर्वाधार र औजार तथा उपकरण लगायत जनशक्ति व्यवस्थापन तथा क्षमता विकासको अवसरमा कमी रहेको छ।अस्पतालबाट निस्काशित हुने फोहोरको उचित व्यवस्थापन नभएकोर फोहोरलाई छुट्टाछुट्टै व्यवस्थापन हुन सकेको छैन ।स्वास्थ्य सेवामा विपन्नतथा सिमान्तकृत समुदायको पहुँच कमजोर रहेको छ। अस्पताल लगायतका स्वास्थ्य संस्थामा दरवन्दी अनुसारको दक्ष स्वास्थ्य जनशक्तिको कमी रहेकोछ । अस्पतालमा आधुनिक स्वास्थ्य उपकरणको कमी रहेको छ। परिवारनियोजनका आधुनिक साधन प्रयोगकर्ता दर न्यून रहेको छ। नियमित स्वास्थ्य परिक्षणको अभ्यास र स्वास्थ्य बीमाको अभ्यासमा कमी रहेको छ । वैकल्पिक स्वास्थ्य पद्धतिका योग तथा आयुर्वेदिक एवम् प्राकृतिक चिकित्सा आदि सम्बन्धमा जानकारी तथा अभ्यासमा कमी रहेको छ। कोभिड १९ लगायत महामारी तथा मौसमजन्य रोगको प्रकोप देखिने गरेको छ।

### ४ ३.२.सोच

## सबै वडामा सबल स्वस्थ्य प्रणालीको विकास र विस्तार गर्दै तिला बासीमा गुणस्तरिय स्वस्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने ।

### ४ ४.२.उद्देश्य

१ स्वास्थ्य सेवामा पहुँच बृद्दी गर्न थप स्वास्थ्य पूर्वधारको स्थापना, जनशक्ती तथा उपकरणको ब्यब्स्थापन घुम्ती शिविर सन्चालन र नियमित तथा गुणस्तरीय स्वास्थ्य सेवा को उपलब्धतलाई सुनिश्चित गरिनेछ।

२ सानो तथा गुणस्तरीय परिवारलाई प्रवर्धन गर्न जनसंख्या, प्रजनन स्वास्थ्य र शिशु तथा बाल स्वास्थ्य समबन्धी जनचेतना अभिवृद्दी गरिनेछ।

३ दक्ष स्वास्थ्य जनशक्ती योजना, उत्पादन, प्राप्ति, बिकास तथा उपयोग गरिनेछ।

### ४ ५.२.रणनीति

१. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक जनशक्ति व्यवस्थापन तथा सेवाप्रदायकहरूको क्षमता अभिवृद्धि गर्ने।
२. वडाहरूमा आधारभूत स्वास्थ्य सेवा केन्द्र प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्ने।
३. आर्थिक सामाजिक रुपमा पछाडी परेको वर्गका लागि स्थास्थ्य सेवामा पहुँच स्थापित गर्न विशेष व्यवस्था गर्ने।
४. स्वास्थ्य तथा पोषण क्षेत्रको प्रवर्द्धनका लागि अन्तर-सरकार, विकास साझेदार निकाय र निजी क्षेत्र बीच साझेदारी र सहकार्य गर्ने।

### ४ ६.२. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| प्रति एकलाख जीवित जन्ममा मातृ मृत्युदर | जना | ० | ० | ० | ० | ० |
| दक्ष प्रसूतिकर्मीको सहयोगमा गराइएको बच्चा जन्मको अनुपात | प्रतिशत | ७० | ६८ | १०० | १०० | १०० |
| पाँचवर्ष मुनिको बाल मृत्युदर ( प्रतिहजार जीवित जन्म) | जना | ० | ० | ० | ० | ० |
| नवजात शिशुको मृत्युदर (प्रतिहजार जीवित जन्म) | जना | ० | १ | ० | ० | ० |
| नयाँ एचआईभी संक्रमितहरूको संख्या ( प्रतिलाख) | जना | ० | ० | ० | ० | ० |
| क्षयरोग लाग्ने दर (प्रतिलाखमा) | जना | १ | १ | ० | ० | ० |
| वार्षिक रुपमा आत्महत्याबाट हुने मृत्यु | जना | १ | ३ | १ | ० | ० |
| परिवार नियोजनका साधन प्रयोग गर्ने प्रजनन उमेर (१५ देखि ४९ वर्ष उमेर)का महिलाको अनुपात | अनुपात | २५ | ३८ | ४५ | ५० | ६० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मापदण्डअनुसार चार पटक प्रसवपूर्व स्वास्थ्य/सेवा प्राप्त गर्ने महिला(जीवित जन्ममा) | प्रतिशत | ९० | ९० | १०० | १०० | १०० |
| हेपाटाइटिस बी खोपको तीन डोज प्राप्त गर्ने शिशुहरूको प्रतिशत | प्रतिशत | ९१ | १०० | १०० | १०० | १०० |
| उच्च रक्तचापको औषधि सेवन गर्ने १५ वर्ष माथिको जनसंख्या | प्रतिशत | ० | ० | ० | ० | ० |
| घरवाट स्वास्थ्य सँस्थामा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने घरपरिवार | प्रतिशत | ९० | ९० | ९२ | ९५ | ९८ |
| स्वास्थ्य बिमामा सहभागी घरपरिवार | प्रतिशत | ३० | २७ | ६० | ७५ | ८० |
| राष्ट्रिय कार्यक्रमहरूमा समावेश गरीएका सबै खोप प्राप्तगर्ने लक्षित जनसंख्याको अनुपात | प्रतिशत | ९१ | ९७ | १०० | १०० | १०० |
| कुल बजेटमा स्वास्थ्य क्षेत्रको बजेट | प्रतिशत | ९ | ७ | १० | १० | १२ |

## ४ ७.२. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ५४१३९ | ४६०१८ | ८१२१ | ० | ० | ५२९९१ | ११४८ | ० |
| २०८१/८२ | ५७३१९ | ४८७२१ | ८५९८ | ० | ० | ५६११४ | १२०५ | ० |
| २०८२/८३ | ६३०५९ | ५३६०० | ९४५९ | ० | ० | ६१७३३ | १३२६ | ० |

## ४ ८.२. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायानुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत ( रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| **स्वास्थ्य तथा पोषण** | | | | | |
| | सिविआईएमएसिआई कार्यक्रम संचालन | स्वास्थ्य कर्मिलाई दक्ष बनाउनु | सालबसालि | १०२० | बिरामि बालबालिकाले उचित उपचार पाउँछन |
| | टि वि कार्यक्रम संचालन | टिबि रोगको रोकथाम तथा न्युनिकरण गर्नु | सालबसालि | ६०० | समयमै क्षयरोगको निदानभई उपचार पाउँछन |
| | किशोरकिशोरी स्वास्थ्य सेवा | प्रजनन् स्वास्थ्य सम्वन्धि सचेत बनाउनु | सालबसालि | २४० | प्रजनन् स्वास्थ्य सम्वन्धि जानकारि पाई सुरक्षित हुनेछन |

| | | | | | |
|---|---|---|---|---|---|
| | औषधि खरिद | बिरामिलाई उपचार गर्नु | सालबसालि | ६५६१ | बिरामिहरुले नजिकैको स्वास्थ्य संस्था बाट उपचार पाउनेछन |
| | महिला स्वाथ्य संयमसेबिका | महिला स्वास्थ्य संयम सेविकालाई काफ्नो सेवा प्रवाहमा उत्प्रेरित गर्नु | सालबसालि | ४२०० | महिला स्वास्थ्य संयम सेबिकाले प्रभावकारी सेवा प्रवाह गर्नेछन |
| | परिवार योजना सेवा | जन्मान्तर र गर्भान्तरमा सहयोग गर्ने | सालबसालि | ९३ | आमा र बच्चाको स्वास्थ्यमा सुधार आई जनसंख्या बृद्धिदरमा कमिआउनेछ |
| | दश सैया अस्पताल निर्माण | स्थानिय स्तरमै स्वास्थ्य सेवा प्रवाह गर्नु | सालबसालि | १२३०० | पालिकमा अस्पतालको निर्माण भई न्युन आय तथा जटिल समस्याभएका विरामिहरुले सहजै  स्वास्थ्य सेवा प्राप्त गर्नेछन |
| | पालिका स्तरमा मासिक बैठक डाटा भेरिफिकेशन र समिक्षा | यथार्त तथ्याङ्क संकलन गर्नु | सालबसालि | ६०० | प्रत्येक स्वास्थ्य संस्थाको तथ्याङ्कमा एकरुपता आई हरेक कार्यको अभिलेखिकरण हुनेछ |
| | पोषण विशेष स्वास्थ्य क्षेत्रका कार्यक्रम संचालन | पोषण स्थितिमा सुधार ल्याउनु | सालबसालि | १८६९ | पालिका भरिको कुपोसित जनसंख्यामा कमि आउनेछ |
| | कोभिड १९ खोप तथा दादुरा रुबेला खोप अभियान संचालन | कोभिड र दादुरा रुबेला रोगलाई रोकथाम गर्न | सालबसालि | ७१७ | महामरि रोग बाट नागरिकहरु सुरक्षितहुन्छन |
| | विभिन्न दिवश मनाउने तथा स्वयम सेबिकालाई ल्क्ष्म सम्वन्धि अभिमुखिकरण | नसर्ने रोग सम्वन्धि जनचेतना फैलाउनु | सालबसालि | ३०० | समुदायमा हुने नसर्ने रोग सम्वन्धि जनचेतना पाई व्यबहारमा परिवर्तन आउनेछ |
| | नियमित खोप सेवा | बालबालिकालाई बिभिन्न सरुवा रोग बाट बचाउनु | सालबसालि | ७०५ | बालबालिकाहरुले सम्पूर्ण खोप लगाई बालबालिका स्वस्थहुनेछन |
| | प्रजनन् रुग्णता स्वास्थ्य सेवा | महिलामा हुने प्रजनन् समस्यालाई पत्ता लगाई उपचार गर्ने | सालबसालि | १३२ | प्रजनन् स्वाथ्यमा सुधार आउनेछ |
| | मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत न्यानो झोला निशुल्क गर्भ पतन गर्भवति उत्प्रेरणा | महिलाहरुलाई सुरक्षित गर्भधारण र सुत्केरी हुनकालागि उत्प्रेरणा जगाउनु | सालबसालि | ३८४९ | सँस्थागत सुत्केरी संख्यामा बृद्धि हुनुका साथै आमा र बच्चा सुरक्षित हुनेछन |

| | | | | | |
|---|---|---|---|---|---|
| | मातृ तथा नवजात शिशु कार्यक्रम संचालन | स्वास्थ्यकर्मिहरुको क्षमता अभिबृद्धि गर्नु | सालबसालि | ३२२५ | गुणस्तरिय स्वाथ्यसेवा प्रबाह हुनेछ |
| | स्वास्थ्य चौकिको न्युनतम सेवा मापदण्ड | स्वास्थ्य चौकि बाट प्रवाह गरिने सेवालई गुणस्तरिय बनाउने | सालबसालि | ९९९ | स्वास्थ्य चौकि बाट गुण स्तिरिय सेवा पाई नागरिकहरु सन्तुष्टि हुनेछन |
| | महिला स्वाथ्य संयमसेबिकाहरुलाई मासिक प्रतिवेदन गरे बापत यातायात तथा समिक्षा | उत्प्रेरण जगाएर ग्रामिण क्षेत्रमा स्वास्थ्य सेवा सर्व सुलब बनाउनु | सालबसालि | २९८० | स्वयंम सेबिकाले प्रत्यक्ष लाभ प्राप्त गर्ने |
| | स्वास्थ्य संस्थाकालागि प्रिन्टर खरिद | कार्यमा सहजता ल्याउनु | सालबसालि | ९८० | सम्पूर्ण काम समयमै सम्पन्न भएको हुने |
| | स्वास्थ्य संस्थाका लागि आवस्यक औजार तथा औषधि खरिद | गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउनु | सालबसालि | ९८८० | समुदाय स्वस्थ हुन्छ |
| | बर्थिङ्ग सेन्टर स्थापना तथा नरसिहलाई नाईट खाजा | स्वास्थ्यसेवाको पहुँच बृद्धि तथा कर्मचारीलाई प्रोत्साहन गर्ने | सालबसालि | ३९८० | कार्यमा उत्प्रेरित भएका हुने |
| | | | जम्मा | ५४१३९ | |

### ४ ९.२.अनुमान तथा जोखिम

स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापन जस्ता प्राविधिक पक्षमा सरोकारवालाबीच सहकार्य र साझेदारी हुन नसकेमा महामारीले जनस्वास्थ्य तथा गाउँपालिका बासीको सामाजिक तथा आर्थिक स्थिति क्षय गर्नसक्ने जोखिम रहन सक्दछ । भौगोलिक दृष्टिकोणले बिकट भएका कारण माथिल्लो बेल्टमा स्वास्थ्य सेवा को पहुँच पुर्याउन निकै असहज छ । भौतिक पूर्वधार जस्तै बाटो नहुनाले पनि तत्काल उपचार सम्भव हुन नसक्ने अवस्था निम्त्याको छ । स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन पुर्वाधार तथा भौतिक संरचना सवलीकरण भएको हुनेछ । दक्ष मानवीय श्रोत परिचालन भई सेवा विस्तार भएको हुनेछ ।

## ४.३ खानेपानी तथा सरसफाइ

### ४ १.३.पृष्ठभूमि

खानेपानी तथा सरसफाइमा पहुँच तथा सेवाको अवस्था छरिएर रहेको बस्ती, सडकको पहुच तथा स्रोतको व्यवस्थापन कमजोर हुँदा साक्षरता दर, प्राथमिक स्वस्थ्य सेवामा पहुच तथा स्वच्छ खानेपानीको उपलब्धता राष्ट्रिय पानी औसत भन्दा कम रहेको छ । यस गाँउपालिकामा स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई सेवालाई सर्वसुलभ, परिणाममूखी, प्रभावकारी र जनमूखी बनाई लक्षित तथा सिमान्तकृत वर्गलाई मुलप्रवाहमा ल्याउनको लागी प्रमुख माध्यमको रुपमा रहेको सामाजिक विकाससँग सम्वन्धित कार्यक्रमलाई प्राथमिकतामा राख्न आवश्यक छ ।
तसर्थ यस क्षेत्रको योजनामा शिक्षा, स्वास्थ्य, कला, संस्कृति, लक्षित वर्ग, लैंगिकता, खानेपानी, सरसफाई जस्ता सामाजिक विषय शिर्षकहरुमा विश्लेषण गरि संभावना, समस्या तथा गाँउवासीले चाहेको विकासको अवस्थालाई देहाय बमोजिको तालिकामा प्रस्तुत गरिएको छ ।

### ४ २.३.समस्या तथा चूनौति

- वडा नं. १ को रारागाउँ र वडा ३ को दानीवाडा, सार्कीवाडा र फोयलवाडा तथा वडा नं. २ का लर्नीमा खानेपानीको ज्यादै असुविधा रहेको
- वडा नं. ९ को तल्लो खोप्री, माथिल्ला खोप्री, मालापानी र रासा वस्तीमा
- वडा नं. ४ को नुवाकोट र साफुल्ली, ५ को डुग्री र वडा नं.

### ४ ३.३.सोच

## "स्वच्छ र गुणस्तरीय खानेपानी, व्यवस्थित वितरण प्रणाली"

### ४ ४.३.उद्देश्य

१ खानेपानी, सरसफाई र स्वच्छता अनुकुलन निती तथा कार्ययोजना तर्जुमा गरिनेछ।

२ खानेपानी तथा सरसफाईको क्षेत्रको दिगोपनाका लागी मर्मत सम्भार कोष व्यबस्था सहित उपभोक्ता समितिको भूमिकालाई कृयाशिल गराई अपनत्व अभिवृद्दी गरिनेछ।

### ४ ५.३.रणनीति

१. खानेपानी उपभोक्ता समितिहरूको क्षमता वृद्धिगरी गुणस्तरीय खानेपानी वितरण गर्ने ।
२. सबै वडाहरूमा खानेपानीको स्रोत तथा मुलहरूको संरक्षण र व्यवस्थापन गर्ने ।
३. बजारक्षेत्र तथा घना बस्ती भएका क्षेत्रमा एकीकृत ढल निकास प्रणाली र ढल प्रशोधन केन्द्र निर्माणका लागि अन्य सरोकारवाला निकायहरूसँग समन्वयमा काम गर्ने ।

### ४ ६.३. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| आधारभूत खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ६० | ७० | ८५ | ९० | ९५ |
| पक्की शौचालय भएका परिपरिवार | प्रतिशत | ८५ | ९० | ९५ | १०० | १०० |
| गुणस्तर परिक्षण गरिएको खानेपानी प्रयोग गर्ने परिवार | प्रतिशत | ५ | १५ | ३० | ४५ | ७० |
| सार्वजनिक शौचालय | संख्या | ० | १ | ० | २ | ३ |
| खानेपानी निर्माण | वटा | २५ | ३२ | ४० | ४५ | ५० |

### ४ ७.३.विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४५५३ | ० | ४५५३ | ० | ० | ४५५३ | ० | ० |
| २०८१/८२ | ४८२१ | ० | ४८२१ | ० | ० | ४८२१ | ० | ० |
| २०८२/८३ | ५३०४ | ० | ५३०४ | ० | ० | ५३०४ | ० | ० |

### ४ ८.३. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| **खानेपानी तथा सरसरफाई** | | | | | |
| | खानेपानी निर्माण | खानेपानीको पहुच विस्तार | सालबसाली | ४५०० | एक घर एक धारा विस्तार |
| | | | जम्मा | १९७३४० | |

### ४ ९.३.अनुमान तथा जोखिम

मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरे अनुसार बजेट सुनिश्चितता भई आयोजना संचालन तथा मर्मतसंभार र स्तरोन्नति भएमा खानेपानीको सेवा प्रवाहमा विस्तार तथा गुणस्तरमा सुधार आउने देखिन्छ । सुख्खा खडेरी जस्ता जलवायु परिवर्तबाट खानेपानीको स्रोत सुक्न सक्ने तथा फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण नियन्त्रण आदि बहुक्षेत्रगत विषय भएकोले खानेपानी तथा ससरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्न जोखिम पर्न सक्ने हुन्छ ।

## ४.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ४ १.४.पृष्ठभूमि

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिला बालबालिका तथा सामाजिक समावेशिकरण सहित समान वंशिय हक सुरक्षीत मातृत्व राज्यको सबै निकायामा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक साथै बालबालिकाको हक जस्त मौलिक हकको प्रत्याभुति गरेको छ । बालबालिकाको क्षमता वृद्धि,महिलाको सिप श्रम र श्रृजनालाई विकास प्रकृयामा लगाई अधिकतम् लाभ लिन तिला गाउँपालिकाले आवश्यक सासकिय प्रवन्ध मिलाउने छ ।

### ४ २.४. समस्या तथा चूनौति

भौगोलिक विकटता, शिक्षा, स्वास्थ्य र रोजगारीमा सहज पहुँचका कारण लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र सामाजिक न्यायका महिलाहरूको नेतृत्व पहुँचमा सन्तोषजनक छैन । संघ, प्रदेश र स्थानीय सरकारका प्राथमिकतामा आर्थिक, सामाजिक र राजनीति जस्ता क्षेत्रमा समावेशीता, महिला नेतृत्वको कल्पना गरियो तर अझै व्यवहारमा सन्तोषजनक उपस्थिति रहेको छैन । समाजमा लैङ्गिक हिंसा, बाल हिंसा, जेष्ठ नागरिक हिंसा, बाल श्रम शोषण, बाल विवाह, बहुविवाहका घटना विद्यमान छन् । लक्षित वर्गको आत्मनिर्भरताकालागि आर्थिक अवसरको कमी रहेको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण एवम् लैङ्गिक परीक्षणको अभ्यासमा कमी रहेको छ ।

### ४ ३.४.सोच

## महिलाको समान अर्थपूर्ण सहभागिता र बालबालिकाको गुणस्तरिय जिवन जिउन पाउने हकको सुनिश्चित गर्ने।

### ४ ४.४.उद्देश्य

१ महिला, आदिबासि, जनजाति, दलित, अल्पसंख्यक, बिपन्न बर्गलाई सकरात्मक विभेद र अर्थपुर्ण सहभागिता तथा लक्षित कार्यक्रमहरु गरिनेछ ।

२ सामजिक कुप्रथाको रुपमा रहेका छुवाछुत तथा छुईप्रथालाई उन्मुलन गरी सुसभ्य समाज स्थापनालाई सबै सरोकारवालाको साझा प्र यासबाट अभियानको रुपमा अगाडी बढाईनेछ ।

३ बिपन्न तथा लक्षित बर्गको लागी संस्थागत संरचना र क्षमता बिकास गरी महिला, दलित, बालबालिका, जेष्ठा नागरिक, अपाङ्गता भएका व्यक्तिका आवश्यक अवसर र सुविधाको सुनिश्चितता गरिनेछ ।

४ गाउँपालिकालाई बाल मैत्री गाउँपालिकाको रुपमा स्थापित गर्न सबै क्षेत्रमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ .

### ४ ५.४.रणनीति

१. महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् अपांगता भएका व्यक्तिहरूको आर्थिक, सामाजिक तथा जीवनोपयोगी अधिकार सुनिश्चित गर्दै सम्मानित जीवनको अधारशिला तयार गर्नु ।
२. कुनै पनि प्रकारका विभेद, हिंसा तथा कुप्रथा अन्त्य गर्न नीतिगत सुधार र व्यावहारिक प्रयत्न प्रभावकारी गर्नु ।
३. आर्थिक, सामाजिक र नेतृत्व तहमा समान अवसर सृजना गरी सशक्तिकरण गर्नु ।

### ४ ६ .४.नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| अपांगता कार्यक्रम | वटा | ३ | ४ | ५ | ५ | ५ |
| बालमैत्री घोषणा कार्यक्रम | वटा | ७ | १० | १२ | १२ | १२ |
| जनचेतनामुलक कार्यक्रम | वटा | २ | २ | २ | २ | २ |
| विपन्न महिला तथा किशोरीसँग उपाध्यक्ष कार्यक्रुम | वटा | ३ | ५ | ६ | ६ | ६ |
| विभिन्न दिवसिय कार्यक्रम | वटा | ५ | ५ | ५ | ५ | ५ |
| तथ्यांक संकलन | वटा | १ | १ | १ | १ | १ |
| जेष्ठ नागरिक कार्यक्रम | वटा | १ | २ | २ | २ | २ |
| दलित क्षमता विकास कार्यक्रम | वटा | २ | ३ | ३ | ३ | ३ |
| नीति योजना कार्यविधि निर्देशिका निर्माण | वटा | २ | ५ | १ | १ | १ |
| घटना दर्ता क्षमता विकास | वटा | १ | १ | १ | १ | १ |
| घटना दर्ता दिवस | वटा | ० | १ | १ | १ | १ |
| घटना दर्ता घुम्ति शिविर | वटा | ० | १ | १ | १ | १ |

### ४ ७.४. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २५०४ | २१२९ | ३७६ | ० | ० | १९३० | ५७४ | ० |
| २०८१/८२ | २६५१ | २२५४ | ३९८ | ० | ० | २०४९ | ६०३ | ० |
| २०८२/८३ | २९१७ | २४७९ | ४३८ | ० | ० | २२५४ | ६६३ | ० |

### ४७.कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| **महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | अपांगता सम्बन्धी सम्पुण आबश्यक कार्यक्रम संचालन | अपाङग भएका व्यक्ति हरुको जिवन स्तरमा परिवर्तन | सालबसाली | १०० | |
| | बालबालिका सम्बन्धी बलामैत्री घोषणा कार्यक्रम | हरेक क्षत्रमा बालबालिका सुहाउदो बातावरण बनाउने | सालबसाली | १५० | गाउँपालका भित्रका सम्पुर्ण वडा बालमैत्र हुने |
| | व्यावसायिक तथा आत्मनिर्भर बनाउनका लागि आर्थिक रुपमा विपन्न महिला किशोरी एकल विधवा महिलाहरु सँग उपाध्यक्ष कार्यकम | आर्थिक शसक्तिकरण गर्ने | सालबसाली | ४०४ | १५ जना महिलाको सीप बिकास भएको |
| | महिला तथा बालबालिका शाखा सँग सम्बीत विभिन्न दिवसिय कार्यकम सचालन | दिवस मनाउने | सालबसाली | १०० | |
| | खण्डिकृत तथ्याङक संकलन | कार्यक्रुम सञ्चालन गर्न सहज बनाउने | सालबसाली | १०० | गा पा को खण्डिकृत तथ्यांक बनेको |
| | जेष्ठ नागरिक सँग सम्बन्धीत कार्यक्रम | जेष्ठ नागरिकहरुको मनोबल उच्च बनाउने | सालबसाली | ५० | मनोबल उच्च भएको |
| | पिछडा दलित वर्गको लागि रोजगारी सृजना गर्ने सिपमुलक तालि तथा घुम्तिकोष परिचालन । | दलित बर्गको आयस्तर बढाउने | सालबसाली | १५० | दलित बर्ग आत्मनिर्भर भएका हुने |
| | महिला तथा बालकालिका शाखा समंग सम्बन्धित निति योजना कार्यविधि निर्देशिका निमाण | महिला बिकास सँग सम्बन्धित कार्यक्रुम सहज बनाउने | सालबसाली | १०० | आवश्यक निति योजना बनेका हुने |
| | महिला तथा बालबालिका शाखा सँग सम्बीत विभिन्न बिषयमा सचेतनामूल । जनचेतनामूलक कार्यकम सचालन तथा क्षमता विकास तालिम | समाजमा बिधमान बिकृति तथा कुप्रथाहरु न्यूनीकरण गर्ने | सालबसाली | ३५० | ४०० जना महिला तथा बालबालिका तथा अन्य मानिस सचेत भएका हुने |
| | घटना दर्ता सम्बन्धि कर्मचारीलाई क्षमता विकास कार्य्रम | व्यक्तिगत घटना दर्ता शत प्रतिशत पुग्ने | सालबसाली | ३०० | १०० प्रतिशत व्यक्तिगत घटना दर्ता भएको हुने |
| | घटना दर्ता विभिन्न दिवसिय कार्य्रम | घटना दर्ता सम्बन्धि दिवसिय कार्यक्रम संचालन गर्ने | सालबसाली | १५० | विभिन्न दिवसिय कार्यक्रम संचालन |
| | घटना दर्ता सम्बन्धि घुम्ति शिवर संचालन | व्यक्तिगत घटना दर्ता शत प्रतिशत पुग्ने | सालबसाली | २५० | १०० प्रतिशत व्यक्तिगत घटना दर्ता भएको हुने |
| | घटना दर्ता सम्बन्धि बस्ति स्तरमा जनचेतनामुकल कार्यक्रम | नागरिकलाई घटना दर्ता सम्बिध सुसुचित बनाउने | सालबसाली | ३०० | १०० प्रतिशत व्यक्तिगत घटना दर्ता भएको हुने |
| **जम्मा** | | | | २ ५०४ | |

## ४ ९.४.अनुमान तथा जोखिम

महिला बालबालिका तथा लक्षितबर्गका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरी व्यवहारिक कार्यक्रम लागू भएको हुनेछ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रम दीर्घकालीन रुपमा हरेक क्षेत्रसँग अन्तरसम्बन्धित रही कार्यान्वयन गर्नुपर्ने भएकोले सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा प्रतिवद्धता नभएमा अपेक्षित नतिजा प्राप्त गर्न कठिन हुने जोखिम रहन सक्दछ ।।

## ४.५ युवा तथा खेलकुद

### ४.५.१ पृष्ठभुमी

जुम्ला जिल्ला खेलकुद क्षेत्रमा राष्ट्रमा एक पहिचान स्थापित जिल्ला हो । धावकका रुपमा उत्कृष्टता पहिचानले खेल क्षेत्रमा यस जिल्लाको पहिचान कायम रहेको छ । खेलाडी राष्ट्रको पहिचानका एक आधार हुन् यसर्थ यस गाउँपालिकाले पनि युवाहरूको खेल प्रति वृद्धि विकासका लागि राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता आयोजना हुने गरेको छ ।। यसले गर्दा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा खेल क्षेत्रमा प्रतिस्पर्धाकालागि यस क्षेत्रबाट खेलाडी उत्पादन भएका छन् ॥ खेलाडीहरूकालागि नियमित अभ्यास, प्रतियोगिता गर्न सहज वातावरण सृजना भएको छ । गाउँमा नियमित अभ्यास र प्रतियोगीहरूको आयोजनाले युवाहरूलाई क्षमता विकासमा सहयोग गरेको छ ।

### ४ २.५.समस्या तथा चूनौति

- खेलमैदान र खेलकुद पूर्वाधारमा कमी रहेको
- खेलाडी प्रोत्साहनमा कमी रहेको
- युवा पलायन रहेको
- घट्ट लगायत पुरानो मौलिक प्रविधिको संरक्षणको कमी
- मध्यस्थकर्ता छनौटमा कमी
- प्रहरी चौकीमा जनशक्तिको कमी
- युवाहरुमा बैदेशिक रोजगारमा आकर्षण रहेका

### ४ ३.५. सोच

**"युवाका लागि व्यावसायिक खेलकुद, सीप, दक्षतामा उध्मशिलतामा विकास"**

### ४ ४.५.उद्देश्य

१. युवालाई उद्यमशील, सृजनशील र जिम्मेवार नागरिक बन्ने वातावरण निर्माण गर्नु ।

२. खेलकुदको विकास गर्नु,

३. युवा जनशक्तिलाई प्राविधिक शिक्षातर्फ आकर्षण गर्नु ।

### ४ ५.५. रणनीति

१. खेलकुदमा लागेका युवाहरूलाई सिर्जनशीलता, उद्यमशीलता र नेतृत्व क्षमता विकासका लागि नियमित कार्यक्रम सञ्चालन गर्ने ।
२. खेलकुदका लागि आवश्यक नीति, पुर्वाधार र भेदभावरहित संरचना तयार गर्ने ।
३. खेलकुदलाई व्यावसायिक, रोजगारसँग जोडेर विकास र प्रवर्द्धन गर्ने ।
४. खेलाडीको पहिचान, प्रोत्साहन व्यवस्था गर्ने ।

### ४६.५. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| रोजगारीमा नरहेका १५ देखि २४ उमेर समूहका युवाको अनुपात | प्रतिशत | ७० | ६० | ५० | ४० | ३० |
| प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त युवा तथा वयस्क (वार्षिक) | संख्या | ० | ० | १०० | २५० | ४०० |
| सक्रिय युवा परिषद तथा युवा संजाल | संख्या | ७ | ७ | ८ | ८ | ८ |

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| कभर्ड हल र स्तरीय खेलकुद मैदान | संख्या | १ | १ | २ | २ | २ |
| खेल प्रशिक्षणमा सहभागी युवा | संख्या | २०० | २५० | ४०० | ५०० | ७०० |
| आयोजना हुने खेलकुद प्रतियोगिता बार्षिक | पटक | १ | १ | २ | २ | २ |

### ४ ९.५. अनुमान तथा जोखिम

युवाहरुलाई प्राविधिक शिक्षा बारे जानकारी, खेलकुद तथा बौद्धिक कृयाकलाप सम्बन्धी कार्यक्रम मार्फत उनीहरुको श्रृजनशिलता तथा उद्यमशिलता प्रति आकर्षण बढेको हुनेछ । तर बजेटको यथोचित व्यवस्था, यससँग सम्बन्धित जनशक्ति व्यवस्थापन र युवाहरुलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल हुन नसक्ने जोखिम रहन सक्छ ।

# परिच्छेद ५ : पूर्वाधार विकास क्षेत्र

यस क्षेत्र अन्तर्गत आवास, भवन तथा शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार तथा विद्युतीय सुशासन लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ५.१ आवास, भवन तथा शहरी विकास

### ५ १.१. पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहको आवधिक योजनामा व्यवस्था भए बमोजिम स्थानीयस्तरमा व्यवस्थित, सुरक्षित तथा वातावरणमैत्री भवन तथा सहरी क्षेत्र विकास गर्न आवश्यक छ । गाउँपालिका क्षेत्रको समष्टिगत विकासका लागि पूर्वाधार विकास तथा भौतिक संरचा अग्रणी क्षेत्रको रुपमा रहेको हुन्छ । स्थानीय तहको विस्तृत स्वरुपको मध्यकालिन संरचनामा पूर्वाधार विकास क्षेत्र अन्तर्गत अन्तरसम्बन्ध विकास गर्ने तथा नागरिक, स्थान र उद्देश्यलाई जोड्ने पूर्वाधारहरु मूलतः बाटोघाटो, पुलपुलेसा, आवास, भवन तथा वस्ती विकास, विद्युत तथा वैकल्पिक उर्जा र सूचना, संचार र प्रविधि जस्ता विषयहरु पर्दछन् । यस तिला गाउँपालिका क्षेत्र भित्र कर्णाली राजमार्गको करिब ११ किमि कालोपत्रे सडक पर्दछ । कर्णाली राजमार्ग देखी गाउँपालिकाको एक स्थानहरुमा गरी १० कि.मि सडक निर्माण भएको र अन्य स्थानहरुमा कच्ची सडक निर्माणाधिन रहेका छन् । यसका साथै कर्णाली राजमार्ग देखि गाउँपालिकाको अन्य स्थानलाई जोड्न तिला नदी १ पक्की पुल निर्माणधिन रहेको छ भने थप एक स्थानमा पक्की पुल तत्काल निर्माण गर्न आवश्यक देखिन्छ ।
यस गाउँपालिकाको कर्णाली राजमार्ग क्षेत्र र अन्य २ स्थानमा दैनिक १२ वटा सार्वजनिक सवारी साधनहरु संचालन रहेका छन् । साथै कर्णाली राजमार्ग भएर लामो तथा छोटोदुरीका सार्वजनिक यातायात सञ्चालन भैरहेका छन् । सडक तथा पुल वाहेक लघु जल विद्युत आयोजना, वैकल्पिक उर्जा प्रवर्धन तथा जनता आवास कार्यक्रम तथा सञ्चारका पूर्वाधारहरूको विकास र विस्तार हुँदै छन् । यस गाउँपालिकाको ९ वटाहरु मध्ये ४ वटा वडाहरू हालसम्म पनि सडक संजालमा जोडिन सकेका छैनन् फलस्वरुप उक्त क्षेत्रका जनताहरु आधारभूत सेवा तथा सुविधा पहुँचबाट समेत बञ्चित रहेका छन् । सडक पुगि नसकेका र यातायात सञ्चालन नभएका स्थानहरूमा घोडेटो तथा गोरेटो बाटो प्रयोग भइरहेको छ । अझै पनि यि स्थानहरूमा घोडा, खच्चडलाई सामान ढुवानी गर्ने साधनको रुपमा प्रयोग गननगरिन्छ ।
तिला गाउँपालिकाको सडक तथा पुल, झोलुंगे पुल, आवास, भवन तथा वस्ती विकास, विद्युत तथा वैकल्पिक उर्जा, सूचना तथा सञ्चार लगायत स्थानीय तहको लागि उपलब्ध पूर्वाधार विकास अधिकार क्षेत्रको संभावना, समस्या तथा अबलम्बन गर्नु रणनीति देहायबमोजिको तालिकामा प्रस्तुत गरिएको छ ।

### ५ २.१. समस्या तथा चूनौति

गाउँपालिका क्षेत्रमा व्यवस्थित बसपार्क र पार्किङ स्थल र यातायातको सहज व्यवस्थापन हुन सकेको छैन। गाउँपालिकाको प्राय सबै क्षेत्रमा नाली, शौचालय, फोहोरमैला व्यवस्थापन, बजार, अन्य पूर्वाधार र सुविधाको कमी रहेको छ । राष्ट्रिय भूउपयोग नीति २०७२ अनुसार भूउपयोग योजना र क्षेत्र निर्धारण गरी सो अनुसार बस्ती विकास र भवन तथा भौतिक विकास योजना तर्जुमा र पूर्वाधार विकास तथा संरचना निर्माण, औद्योगिक र ग्रिनवेल्टको लागि नीतिगत, कानूनी, प्रक्रियागत र प्राविधिक ढाँचा तयार हुन सकेको छैन ।

### ५ ३.१. सोच

## आवास, भौतिक सुविधा, बजार तथा अन्तरआवद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउने

### ५.१. ४ उद्देश्य

१. विद्यमान भवन निर्माण मापदण्डलाई समयसापेक्ष परिमार्जन तथा त्यसको कार्यान्वयन गरी भवन निर्माण तथा बस्ती विकासलाई व्यवस्थित तथा सुरक्षित गर्नु ।

२. सडक, ढल, पार्क, मनोरञ्जल स्थल जस्ता आधारभूत शहरी पूर्वाधारहरुको व्यवस्थापन गर्नु ।

### ५ ५.१.रणनीति

१. न्यूनतम पूर्वाधार सहितको एकीकृत वस्ती विकास गर्ने,
२. सुरक्षित आवास तथा भवनहरू निर्माण गर्ने,
३ गाउँपालिकाको शहर एवं बजार उन्मुख क्षेत्रमा भौतिक योजना सहित बजारको पूवार्धार विकास गर्ने।
४ व्यवस्थित बस्ती विकास गर्नु।

### ५ ६.१. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| मापदण्ड र भूकम्प प्रतिरोधी प्रबिधि अनुसार बनेका आवासीय भवन | प्रतिशत | ५० | ५५ | ६० | ७० | ८० |
| भवन निर्माण | वटा | १ | २ | ४ | ६ | ८ |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | ४० | ५० | ६० | ७० | ८० |
| लैङ्गिकमैत्री तथा अपांगमैत्री सार्वजनिक भवनहरु | प्रतिशत | २० | २५ | ३५ | ४० | ५२ |

### ५ ७.१. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २००३४ | ० | २००३४ | ० | ० | १७१६५ | २८७० | ० |
| २०८१/८२ | २१२१२ | ० | २१२१२ | ० | ० | १८१९८ | ३०१३ | ० |
| २०८२/८३ | २३३३६ | ० | २३३३६ | ० | ० | २००२१ | ३३१४ | ० |

### ५ ८.१.कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| आवास, भवन तथा शहरी विकास | | | | | |
| | भवन निर्माण | पक्की भवन निर्माण गर्ने | सालबसाली | द्दण्घद्ध | सुविधा सम्पन्न भवन निर्माण भएको हुने |
| | जम्मा | | | २००३४ | |

### ५ ९.१.अनुमान तथा जोखिम

गाउँपालिकामा आवाशीय तथा व्यवसायिक भवनको मापदण्ड तयार भै यसको कार्यान्वयनबाट भूउपयोग, आवास, वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ। शहरीकरणका कारण फोहोरमैलाको विसर्जन अव्यवस्थित हुने र वातावरणीय प्रदुषण वृद्धि हुने जोखिम हुन सक्छ। जनचेतनाको स्तर न्यून रहेको र विगत देखिनै प्रभावकारी कार्यान्वयनमा आउन नसकेको कारण बस्ती विकास तथा भवन निर्माण समबन्धी मापदण्डको कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ।

## ५.२ सडक, पुल तथा यातायात

### ५ १.२.पृष्ठभूमि

गाउँपालिका क्षेत्रको समष्टिगत विकासका लागि पूर्वाधार विकास तथा भौतिक संरचा अग्रणी क्षेत्रको रुपमा रहेको हुन्छ। स्थानीय तहको विस्तृत स्वरुपको आवधिक योजनामा पूर्वाधार विकास क्षेत्र अन्तर्गत अन्तरसम्बन्ध विकास गर्ने तथा नागरिक, स्थान र उद्देश्यलाई जोड्ने पूर्वाधारहरु मूलतः बाटोघाटो, पुलपुलेसा, आवास, भवन तथा वस्ती विकास, विद्युत तथा वैकल्पिक उर्जा र

सूचना, संचार र प्रविधि जस्ता विषयहरु पर्दछन् । यस तिला गाउँपालिका क्षेत्र भित्र कर्णाली राजमार्गको करिब ११ किमि कालोपत्रे सडक पर्दछ । कर्णाली राजमार्ग देखी गाउँपालिकाको एक स्थानहरुमा गरी १० कि.मि सडक निर्माण भएको र अन्य स्थानहरुमा कच्ची सडक निर्माणाधिन रहेका छन् । यसका साथै कर्णाली राजमार्ग देखि गाउँपालिकाको अन्य स्थानलाई जोड्न तिला नदी १ पक्की पुल निर्माणधिन रहेको छ भने थप एक स्थानमा पक्की पुल तत्काल निर्माण गर्न आवश्यक देखिन्छ । यस गाउँपालिकाको कर्णाली राजमार्ग क्षेत्र र अन्य २ स्थानमा दैनिक १२ वटा सार्वजनिक सवारी साधनहरु संचालन रहेका छन् । साथै कर्णाली राजमार्ग भएर लामो तथा छोटोदुरीका सार्वजनिक यातायात सञ्चालन भैरहेका छन् । सडक तथा पुल वाहेक लघु जल विद्युत आयोजना, वैकल्पिक उर्जा प्रवर्धन तथा जनता आवास कार्यक्रम तथा सञ्चारका पूर्वाधारहरूको विकास र विस्तार हुँदै छन् । यस गाउँपालिकाको ९ वटाहरु मध्ये ४ वटा वडाहरू हालसम्म पनि सडक संजालमा जोडिन सकेका छैनन् फलस्वरुप उक्त क्षेत्रका जनताहरु आधारभूत सेवा तथा सुविधा पहुँचबाट समेत बञ्चित रहेका छन् । सडक पुगि नसकेका र यातायात सञ्चालन नभएका स्थानहरूमा घोडेटो तथा गोरेटो बाटो प्रयोग भइरहेको छ । अझै पनि यि स्थानहरूमा घोडा, खच्चडलाई सामान ढुवानी गर्ने साधनको रुपमा प्रयोग गननगरिन्छ ।
तिला गाउँपालिकाको सडक तथा पुल, झोलुंगे पुल, आवास, भवन तथा वस्ती विकास, विद्युत तथा वैकल्पिक उर्जा, सूचना तथा सञ्चार लगायत स्थानीय तहको लागि उपलब्ध पूर्वाधार विकास अधिकार क्षेत्रको संभावना, समस्या तथा अबलम्बन गर्नु रणनीति देहायबमोजिको तालिकामा प्रस्तुत गरिएको छ ।

### ५ २.२. समस्या तथा चूनौति

सडक सञ्जालको विस्तार सबै बस्तीहरू सम्म विस्तार भएता पनि सडकको लगतकट्टा नहुनु मुख्य चुनौति रहेको छ । निर्माण गरिएका सडकहरूको चौडाई कम भएकाले एम्वुलेन्स, दमकल सञ्चालनकालागि समस्या भएको देखिन्छ । ग्रामिण स्तरमा कृषि प्रयोजनका लागि बनाईएका सडकहरूको गुणस्तरीयता अत्यन्त कमजोर रहेको छ । अधिकांश सडकमा हिँउदमा धुलो र वर्षामा हिलो हुने गरेको देखिन्छ । पक्की सडक रहेका क्षेत्रमा नियमित मर्मत सम्भार नहुने र कालो पत्रे गरेको छोटो समयमै सडक बिग्रने प्रवृति रहेको छ । सडक निर्माणसँगै सहायक संरचनाका रुपमा नाली तथा सडकपेटी निर्माणको अभ्यासमा कमी रहेको छ । सडक अधिकार क्षेत्रको अतिक्रमण, बाटोमा निर्माण सामाग्री थुपार्नु लगायतका कारणले समेत सवारी साधन तथा पैदलयात्रीहरूलाई विभिन्न खालका समस्या हुने गरेको छ ।

### ५ ३.२.सोच

## “सुरक्षित यातायात, गुरुयोजना तयार गरी तथा दिगो सडक पूर्वाधार ”

### ५ ४.२.उद्देश्य

१ गाउँपालिकाको सबै वडा जोड्ने सडकको विस्तार गर्नु

२ भौतिक पूर्वधारको सहयोगले जनमानिसको जिबनमा आधारभुत आवश्यक्ता को परिपुर्ती भएको हुनेछ ।

### ५ ५.२.रणनीति

१. गाउँपालिका यातायात सेवा सुरक्षित, दिगो र व्यवस्थित बनाउनका लागि निजी, सार्वजनिक साझेदारी गर्ने,
२. सडक गुरुयोजना तयार गरी सडक सञ्जालको विकास, विस्तार र स्तरोन्नति गर्ने ।
३. सडक विकासमा अन्तर स्थानीय तह, सङ्घीय तथा प्रदेश सरकारसँग सहकार्य समन्वय गर्ने ।

### ५ ६.२.नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| १२ महिना सञ्चालन हुने सडकको २ किमि वरपर बसोबास गर्ने जनसंख्याको अनुपात | प्रतिशत | ३० | ३५ | ४० | ६० | ७५ |
| सडक घनत्व (किमि, वर्गकिमि) | कि.मि. | २० | १८ | २२ | २५ | ३५ |
| कंक्रिट सडक | कि.मि. | ० | ० | ० | ३ | ५ |
| कालोपत्रे सडक | कि.मि. | १८ | १८ | २५ | २५ | ३० |
| ग्राभेल सडक | कि.मि. | ५ | ३० | ५० | ७० | ६० |
| कच्ची सडक | कि.मि. | ११० | ११० | ११६ | १४० | १७० |
| कुल सडक लम्बाई | कि.मि. | १२५ | १२५ | १५० | १७० | २५० |

### ५ ७.२.विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ७१९४२ | ० | ७१९४२ | ० | ० | ३०६१९ | ४१३२३ | ० |
| २०८१/८२ | ७६१६९ | ० | ७६१६९ | ० | ० | ३२७७९ | ४३३८९ | ० |
| २०८२/८३ | ८३७९६ | ० | ८३७९६ | ० | ० | ३६०६७ | ४७७२८ | ० |

### ५२. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत ( रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| **सडक, पुल तथा यातायात** | | | | | |
| | कृषि ग्रामिण सडक निर्माण तथा स्तरउन्नति | यातायातमा पहुच विस्तार गर्ने | सालबसाली | ४५७८ | चार वडाहरुलाई जोड्ने |
| | सडक तथा पुल निर्माण र मर्मतसंभार अन्य साल- बसाली कार्यक्रम | सेवा तथा सुविधामा पहुच बढाउनु | सालबसाली | ६७३६४ | वार्षिक थप सडक निर्माण तथा स्तरोन्नति भएको हुनेछ । |
| जम्मा | | | | ७१९४२ | |

### ५ ९.२.अनुमान तथा जोखिम

तीन तहको सरकारबीच नीति, कार्यक्रमको अन्तरसम्बन्ध, समन्वय र सहकार्यमा आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुन सक्नेछ। गाउँपालिकाले विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, वहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना तथा कार्यक्रम कार्यान्वयन गरेको हुनेछ। सडक पुर्वाधार विशिष्ट आयोजना हुने भएकोले दक्ष प्राविधिकबाट विस्तृत संभाव्यता तथा वातावरणीय अध्ययन हुन नसकेमा तथा आयोजना प्रभावकारी व्यवस्थापन गर्न नसकिने जोखिम रहन्छ।

## ५.३ जलस्रोत, विद्युत तथा उर्जा

### ५ १.३.पृष्ठभूमि

मुलुकको विकास र समृद्धिको लागि जलस्रोतको प्रयोगलाई बहुउपयोग प्रवर्द्धन गर्न आवश्यक छ। जलस्रोतको समुचित व्यवस्थापन र विकास मार्फत नै जलविद्युत सिचाई खानेपानी पुर्वधारको विकासलाई अगाडी बढाउन सकिन्छ। जलस्रोतको समुचित विकास तथा उपयोगलाई नेपाल सरकार,कर्णाली प्रदेश र तिला गाउँपालिका विच सक्रियता सहकार्य र समन्वयको आवश्यकता रहेको छ।

### ५ २.३.समस्या तथा चूनौति

बढ्दो जलवायू परिवर्तन साथै अधिकमात्रामा भएको वनजंगल फडानी र वातावरणीय प्रभाव मुल्यांकन नगरी विकास निर्माणकार्यले गर्दा मूलहरू दिनानुदिन सुक्दै गइरहेको छ। जसले तत्कालका लागि धैरै समस्या निम्त्याएता पनि दीर्घकालीन रुपमा खानेपानी र विद्युत आपूर्तिका लागि ठुलो चुनौतिको रुपमा रहेका छन्। तिला गाउँपालिकामा रहेका नदी भेरीखोला, गोरुखोला र तिला नदीमा विद्युत क्षमता बढी रहेता पनि निम्न आर्थिक समस्याका कारण विद्युत सोँचे जस्तो मात्रामा उत्पादन नभई अधिकांस वडामा विद्युत वितरण कार्य चुनौतिको रुपमा रहेका छ।

### ५ ३.३.सोच

## जलस्रोतको सम्वयत्मको विकास र बहुआयामिक तथा समन्वयीक उपयोगबाट तिलाको आर्थिक समृद्धि हासिल गर्न ।

### ५ ४.३.उद्देश्य

१. तिला गाउँपलिकाको प्रत्यक वडाको प्रत्यक बस्तिमा राष्ट्रीय प्रशारण लाईन जडान गरी सर्वसुलभ रुपमा जनमानिसको पहुँचमा बृद्दी गर्ने ।
२. विद्युत तथा वैकल्पिक उर्जा वितरण प्रणाली सुदृढीकरण गर्दै विद्युत् खपत बढाउने र खनिज इन्धनमाथिको निर्भरता कम गर्ने।

### ५ ५.३.रणनीति

१. पर्याप्त विद्युत उत्पादन गर्न सरोकारवाला निकायसँग साझेदारीका लागि पहल गर्ने ।
२. विद्युत जडान गर्न नसक्ने अति विपन्न घरधुरीलाई अनुदानमा विद्युत जडान गर्ने ।
३. रात्रिकालीन सौर्य सडक वत्ती जडान गर्ने ।
४. जलस्रोतका मुहान तथा जलाधार क्षेत्र संरक्षण र संवर्द्धनमा समुदायको क्षमता विकास गरी परिचालन गर्ने ।

### ५ ६.३.नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| विद्युत्मा पहुँच भएका जनसंख्याको अनुपात | प्रतिशत | ६० | ७० | ७५ | ८० | ९० |
| खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | ९० | ९५ | ८० | ७५ | ७० |
| खाना पकाउन र पानी तताउन एलपी ग्यास प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २० | १० | १५ | २५ | ३० |
| खाना पकाउन र पानी तताउन विद्युत प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ० | ० | ५ | १० | १५ |
| विद्युत्बाट चल्ने सवारीसाधन | प्रतिशत | ० | ० | ० | ० | ०.०१ |

### ५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ९१०७ | ० | ९१०७ | ० | ० | ९१०७ | ० | ० |
| २०८१/८२ | ९६४२ | ० | ९६४२ | ० | ० | ९६४२ | ० | ० |
| २०८२/८३ | १०६०७ | ० | १०६०७ | ० | ० | १०६०७ | ० | ० |

### ५ ८.३.कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत ( रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | राष्ट्रीय प्रशारण लाईन बिस्तार | सर्वसाधारणलाई बिधुतको पहुँच | सालबसाली | ३९६० | बिधुतिय उपकरण को प्रयोग गरी जनजिबन सहज बनाउने |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | लधु जलविद्युत मर्मत /सम्भार | बत्तिको पहुच विस्तार | सालबसाली | ५१४७ | विद्युतिय उपकरणहरुको प्रयोग हुने |
| | जम्मा | | | ८२५० | |

### ६ ९.३.अनुमान तथा जोखिम

बिधुत तथा वैकल्पिक उर्जाको प्रयोगबाट उद्यम, ब्यवसाय सहज वृद्धि गर्न सकिने । विद्युत तथा वैकल्पिक उर्जाको संरचनाबाट सावधानी अपनाउन नसकेमा दुर्घटनाको जोखिम रहन सक्छ ।

## ५.४ सूचना तथा सञ्चार

### ५ १.४.पृष्ठभूमि

गाउँपालिकामा अनलाईन पत्रपत्रिका, ल्याण्डलाइन फोन, मोवाइल, टेलिभिजन तथा इन्टरनेट सुविधा उपलब्ध रहेको छ। पछिल्लो समय विद्युतीय सूचना प्रविधिको विस्तार तथा उपयोगमा तिब्र वृद्धि भएको छ । मोबाइल तथा टेलिफोनमा प्रत्यक्ष पहुँच हुने जनसंख्या ९० प्रतिशत रहेको छ । प्रति १०० जनामा इन्टरनेट घनत्व ६० प्रतिशत रहेको छ । सार्वजनिक कार्यालय, होटेल, र ब्यक्तिगत रुपमा निजी आवासमा ईन्टरनेट प्रयोग कर्ताको वृद्धि भईरहेको छ भने नगरका ग्रामिण क्षेत्रमा मोबाइल डाटा तथा अन्य प्रविधिबाट समेत इन्टरनेटको सेवा लिने अभ्यास रहेको देखिन्छ। गाउँकार्यपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र केही विद्यालयमा इन्टरनेट सुबिधा उपलब्ध रहेको यस क्षेत्रमा गाउँकार्यपालिका कार्यालयबाट हुने सेवा प्रबाहलाई सूचना प्रविधिसँग आवद्ध गर्ने अभ्यास वृद्धिहुँदै गएको छ ।

### ५ २.४.समस्या तथा चूनौति

सूचना प्रविधिको उपयोग सही तथा सृजनशिल क्षेत्रमा भन्दा अन्यत्र बढी हुँदै गएको छ । मोवाइल तथा टेलिफोन, टेलिभिजन तथा इन्टरनेट सुविधामा सबै नगरवासीको प्रत्यक्ष पहुँच हुन सकेको छैन । विपन्न वर्गका लागि आधुनिक सूचना प्रविधिका उपयोग कठिन रहेको छ। शिक्षा, स्वास्थ्य, व्यवसाय, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको व्यवहारिक उपयोगमा कमी रहेको छ । सबै विद्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्र र वडा कार्यालयमा इन्टरनेट सुबिधा उपलब्ध हुन सकेको छैन र उपलब्ध भएका केन्द्र र कार्यालयमा सेवाको गुणस्तर कमजोर रहेको छ। विद्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयहरूमा पावर व्याकअप सहित सूचना प्रविधिमा आधारित सेवा सुचारु हुन सकेको छैन ।

### ५.४ .३. सोच

## “सहज र सर्बसुलभ सुचना, प्रविधिको आधारमा सेवा प्रवाह”

### ५ ४.४.उद्देश्य

१ .गाउँपालिकको जनप्रतीनिधि, कर्मचारी र नागारिक समाजलाई सुचना प्रविधिबारे क्षमता अभिवृद्दी गर्ने निती लिईनेछ।

२ .गाउँपालिकाबाट प्रावहित हुने सेवाअ सुबिधालाई सुचना तथा संचार प्रविधिमा आधरित गरिनेछ ।

३ .राष्ट्रीय तथा जिल्लास्त रमा रहेका बिधुतिय तथा छापा संचार माध्यमसङ्ग सहकार्य गरिनेछ ।

### ५ ५.४.रणनीति

१. गाउँपालिकाका सबै वडाहरूमा सुचना प्रविधिको सञ्जाल विस्तार गरी डिजिटल नगरका रुपमा विकास गर्ने ।
२. सूचना तथा सञ्चार प्रविधिको अत्यधिक प्रयोग गर्दै नगरबाट प्रवाहहुने सबैप्रकारका सेवालाई अनलाईनमा रुपान्तरण गर्ने ।
३. गाउँपालिकामा एक सूचना केन्द्र स्थापना गरी एकिकृत रुपमा स्थानीय तथ्याङ्कको व्यवस्थापन गर्ने ।

### ५ ६.४.नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| इन्टरनेट सेवा उपलब्ध घर परिवार | प्रतिशत | २ | ४ | १० | ३० | ५० |

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | प्रतिशत | ४५ | ५५ | ६० | ७२ | ९५ |
| डिजिटल सुचना बोर्ड | वटा | ० | ० | १ | ० | ० |
| लाइब्रेरी स्थापना | वटा | ० | ० | १ | ५ | ४ |

## ५ ७.४.विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ६८३ | ६८३ | ० | ० | ० | ६८३ | ० | ० |
| २०८१/८२ | ७२३ | ७२३ | ० | ० | ० | ७२३ | ० | ० |
| २०८२/८३ | ७९६ | ७९६ | ० | ० | ० | ७९६ | ० | ० |

## ५ ८.४.कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | डिजिटल सुचना वोड | गाउँपालिकाका सुचना सन्देश नागरिकले सहज पहुच हुने | सालबसाली | ५०० | गाउँपालिकाका सुचना सन्देश सहज रुपमा जागरिकले हेर्न पाउने |
| | लाईब्रेरी स्थापना गर्ने | कर्मचारी तथा नागरिक हरुले ज्ञान प्राप्त गर्ने | सालबसाली | १८३ | गाउँपालिकामा लाईब्रेरी स्थापना भएको हुने |
| जम्मा | | | | ६८३ | |

## ५ ९.४.अनुमान तथा जोखिम

सुचना प्रविधिको उपयोगबाट सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सकिनेछ। प्रविधि खर्चिलो र दक्ष मानविय श्रोतको आवश्यक पर्ने भएको तथा साइवर सुरक्षाको दृष्टिकोणले सुचना तथा दस्तावेजहरु असुरक्षित हुने तथा अनधिकृत प्रसारण तथा सम्प्रेषण हुने जोखिम रहन सक्छ।

# परिच्छेद ६ : वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

यस परिच्छेद अन्तर्गत वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ६.१ वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण

### ६ १.१.पृष्ठभूमि

यस गाउँपालिकाको क्षेत्र वन, जैविक विविधता, जलाधार तथा वातावरणका दृष्टिकोणले अत्यन्त संभावनायुक्त रहेको छ। यहाँ १९६ हेक्टर वन क्षेत्र र ९३४ हेक्टर चरन क्षेत्र रहेको छ। गाउँपालिकामा रहेको वन क्षेत्रको २९ वटा सामुदायिक र ३१ वटा कबुलियती वनको समुदायले व्यवस्थापन गरिरहेका छन्। वन क्षेत्रबाट बार्षिक ९.८ मेट्रिक टन जडिबुटी उत्पादन तथा संकलन भई ४९ लाख २६ हजार राजस्व संकलन हुने गरेको छ। गाउँपालिका क्षेत्रमा बाढी तथा पहिरो जस्ता जल उत्पन्न प्रकोप मानवीय तथा भौतिक क्षतिको अवस्था कम देखिन्छ। नेपालको मध्यपहाडी क्षेत्रको अध्ययन अनुसार यस क्षेत्रमा जलवायु उत्पन्न विपदहरुमा प्रमुख रुपमा खडेरी, बाढी, पहिरो, रोग किटाणुको महामारी, हुरी बतास, असिना आदी रहेका छन् । यस मध्ये खडेरीको प्रभाव सवभन्दा बढी, दोश्रो र तेश्रोमा बाढी तथा पहिरो छ भने प्रभावका हिसावले बनडडेलो सातौं स्थानमा देखिएको छ।

दीगो वनको वैज्ञानिक व्यवस्थापनबाट वनको हैसियतमा सुधार आउनुका साथै वन पैदावारको आपूर्ति सहज हुनसक्ने, जलाधार व्यवस्थापन कार्यक्रमहरुबाट विकासका पूर्वाधारहरूको संरक्षण तथा भूमिको संरक्षण गरी कृषि उत्पादनमा बृद्धि गर्न सकिन्छ। यसका साथै भूसंरक्षण कार्यक्रमबाट विपद न्यूनिकरणमा समेत टेवा पुग्नेछ। दीगो वन व्यवस्थापनको माध्यमबाट वन पैदावारको आपूर्ति सुनिश्चित हुने, वनपैदावारमा आधारित उद्योगहरूको लागि कच्चा पदार्थ उपलब्ध भई वन उद्यमको विकासमार्फत स्थानीय रोजगारी तथा जिविकोपार्जन सुधार गर्न सकिने संभावनाहरू छन् । साथै वन व्यवस्थापनबाट वातावरणीय सेवा भुक्तानीको लाभ समेत लिन सकिने संभावना रहेको देखिन्छ।

### ६ २.१.समस्या तथा चूनौति

यस गाउँपालिकामा बढ्दो जनसंख्या, शहरीकरणका कारण वन जंगललाई सडा(बारी)को रुपमा प्रयोग गर्ने कार्य तिव्र भएको छ । वनजंगल फडानी गरेर पाखो बारी तयार पारिनु, काठ दाउराको प्रयोगका लागि रुख विरुवा काट्नु, घर निमार्ण गर्दा काठदाउराको अत्याधिक प्रयोग हुनु, वन जंगलमा आगलागी लगायतका समस्याबाट वन दिन प्रतिदिन विनाश हुने क्रममा रहेको छ। आगलागीबाट वर्षेनी वन जलेर नोक्सान हुनेक्रम रोकिएको छैन। जथाभावी काठ दाउराको रुपमा वन जंगलको प्रयोगका कारण वन विनाश भई रहेको छ। वन, हरियाली र जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापनमा यथोचित ध्यान पुग्न सकेको छैन । वातवरणीय स्वच्छता, प्राकृतिक स्रोत र साधनको समुचित उपयोग र संरक्षण हुन सकेको छैन । जलवायु परिवर्तनका कारण केही कमजोर क्षेत्रमा पहिरो जस्ता प्राकृतिक प्रकोपको प्रतिकूल असर परेकोछ भने स्थानीयवासीहरू वनको जैविक विविधता तथा पर्यावरणीय प्रणालीको बारेमा सचेत हुन सकेका छैनन् ।

### ६ . ३.१.सोच

"व्यवस्थित वन, जलाधार तथा पर्यावरणको संरक्षण"

### ६ ४.१.उद्देश्य

१. वन तथा वातावरणको संरक्षण संवर्द्धन न एवम् प्राकृतिक श्रोतको दीगो उपयोग गर्नु ।
२. गाउँपालिका क्षेत्रमा हरियाली प्रवर्द्धन गरी वातावरणीय स्वच्छता कायम गर्नु ।

### ६ ५.१.रणनीति

१ जलवायू अनुकुलनका विषयमा सचेतना र वन पैदावारको प्रयोग र संरक्षणमा जोड दिनु,

२ वन, वातावरण, ताल तथा प्राकृतिक स्रोत व्यवस्थपान नीति नियम तर्जुमा गरी कार्यान्वयन गर्नु,

### ६ ६.१.नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| पार्क तथा उद्यान | संख्या | १ | ० | १ | २ | ५ |
| बृक्षरोपण गरिएको संख्या | संख्या | ४०० | ६०० | १०००० | १२००० | १५००० |
| नदी नियन्त्रणका लागि गरिएको बाँध तथा स्परको लम्बाई | रनिङ्ग मिटर | ७०० | १५०० | २००० | ४००० | ६००० |

### ६ ७.१. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ३४१५ | ३४१ | ३०७३ | ० | ० | १६९३ | १७२२ | ० |
| २०८१/८२ | ३६१६ | ३६२ | ३२५४ | ० | ० | १८०८ | १८०८ | ० |
| २०८२/८३ | ३९७८ | ३९८ | ३५८० | ० | ० | १९८९ | १९८९ | ० |

### ६ ८.१.कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| **वन, हरियाली तथा जैविक विविधता** | | | | | |
| १ | बन पार्क हरियाली भुसंरक्षण | जलवायु परिवर्तन प्रवर्द्धन | सालबसाली | ३४१५ | भु संरक्षण तथा जलवायु परिवर्तन प्रबर्द्धन |
| जम्मा | | | | ३४१५ | |

### ६ ९.१.अनुमान तथा जोखिम

बृक्षारोपण कार्यक्रमले हुन सक्ने प्राकृतिक प्रकोपबाट सुरक्षित हुनुका साथै जलबायु परिवर्तन लाई पनि न्युनिकरण गर्दछ । सार्वजनिक निजी साझेदारीमा ग्रामीण तथा शहरी क्षेत्रमा खुला स्थानमा बृक्षरोपण तथा निजी तथा व्यवसायिक बागवानी विस्तार गरी वातावरणमा सुधार तथा आयआर्जन समेत बृद्धि गर्न सकिनेछ । सार्वजनिक स्थलमा गरिएका बृक्षरोपण तथा हरियाली क्षेत्रको प्रभावकारी संरक्षण र प्रवर्द्धन हुन नसके अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६ १.२.पृष्ठभूमि

तिला गाउँपालिकामा हालसम्म स्थानियले घरबाट निस्कने फोहोरमैला आफनै तरिकाले विर्सजन गर्ने गरेका छन् । बजार क्षेत्र तथा बाहिरका बस्तीमा स्थानीयस्तर मै फोहोरमैला व्यवस्थापनको अभ्यास रहेको छ । सडक वरपरका क्षेत्रमा निस्कने प्लास्टिकजन्य फोहरमैला स्वयम् व्यवसाय सञ्चालकबाट व्यवस्थापन गरिएको छ। गाउँपालिकाले फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गरी यसको नियमन कार्यलाई प्राथमिकता दिनुपर्नेछ ।

### ६ २.२. समस्या तथा चूनौति

गाउँपालिकाका लागि ठूलो समस्या भनेको फोहोर उत्पादन हुने घरपरिवारको संख्या बढ्दै जानु र ल्यान्डफिल्ड साइटको दिगो व्यवस्थापन गर्न नसक्नु हो जनचेतनाको कमी, ल्याण्डफिल साइटका लागि उपयुक्त जग्गा र पूर्वाधार विकास र दिगो सञ्चालनका लागि स्रोतको कमी आदि यस क्षेत्रका मुख्य चुनौतिका रूपमा रहेका छन् ।

६३.२. **सोच**

## वातावरण व्यवस्थापन-जलबायु परिवर्तन अनुकुलन

६४.२. **उद्देश्य**

१. वातावरणिय चेतना, वातावरण मैत्री संरचना निर्माण, एक घर एक बगैचा र सावधानी जगाउने कार्यक्रम सन्चालन गरिनेछ

२. स्थानिय जलवायु अनुकुलन कार्ययोजना तर्जुमा गरी जलवायु परिवर्तन अनुकुलतामा समुदायलाई परिचालन गर्न निती लिइनेछ ।

६ ५.२.**रणनीति**

१. फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गर्ने र कार्यान्वयन गर्ने ।

२. आधुनिक प्रविधिको प्रयोग गरी फोहोरमैला प्रशोधन सम्बन्धी प्रक्रियाबारे आम नागरिकलाई सहभागि गराउने ।

३. फोहोरमैला प्रशोधन र पुनःप्रयोगजन्य सामग्री उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।

४ .हरित उत्थानशील तथा समावेशी विकास (Green Resilient and Inclusive Development) को अवधारणालाई शुरु गराउन पहल गरिनेछ ।

## ६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

६ १.३.**पृष्ठभूमि**

तिला गाउँपालिका बहु-प्रकोपको दृष्टिले अत्यन्त जोखिममा रहेको छ । यस गाउँपालिकामा आगलागी, वाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि, खडेरी, लागयतका प्राकृतिक तथा मानविय प्रकोपका घटना दिन प्रतिदिन बढ्दै गएको देखिन्छ । पालिकाभित्र मुख्य डाँडाहरूमा सडक बाटो खन्नु, वन जंगलको विनाश हुनु, सचेतनाको कमी, लापरवाहीपूर्ण व्यवहारका कारण प्रकोपबाट प्रभावितहरूको संख्या बढ्दै गइ रहेको छ । विपद्को समयमा गरिने खोज तथा उद्धार र विपद् पश्चात् हुने पुनः निर्माण तथा पुनः स्थापनका कार्यलाई जोड दिन विपद् जोखिम न्यूनिकरण तर्फ गाउँपालिका अग्रसर रहेको छ ।

६ २.३.**समस्या तथा चूनौति**

योजना तर्जुमा गर्दा भौतिक विकासलाई बढी प्राथमिकता दिएको देखिन्छ तर विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यलाई मूलधारमा ल्याउने सकिएको छैन । नगरमा विपद् जोखिम न्यूनिकरणमा भन्दा विपद् व्यवस्थापनमा जोड दिईनु पनि अर्को समस्या रहेको छ । अधिकांश ग्रामिण बस्ती रहेका र बस्ती सम्म सजिलै दमकल जाने बाटो नहुदाँ पनि आगलागी नियन्त्रणमा समस्या रहेको छ । विपद् जोखिम व्यवस्थापनको लागि आवश्यक खोज तथा उद्धार सामग्री प्रयाप्त नहुनु, सचेतनाको कमी र पुराना घरहरू भत्किने जोखिम रहेको देखिन्छ । भुकम्पीय जोखिम उच्च रहेका कारण बन्ने घरहरू भुकम्प प्रतिरोधी वनाई कुनै पनि विपद् पुर्व तयारीकोलागि आपत्तकालिन प्रतिकार्य योजना तयारीमा कमी रहेको छ । विपद् जोखिम सम्बन्धी सूचना संकलन तथा सञ्चार प्रणालीको कमी तथा योजना र रणनीतिहरूमा विपद् जोखिम सूचनाको एकीकरण नहुनुका कारण केही हदसम्म विपद् जोखिम व्यवस्थापनमा संस्थागत तयारीको कमी देखिन्छ । वातावरण संरक्षण, वृक्षारोपण, तटवन्ध, नदी नियन्त्रण कार्यक्रम प्रभाबकारी कार्यान्वयन नहुनु, विपद् जोखिम व्यवस्थापन र जलवायू अनुकुलनका कार्यक्रमहरू स्थानीय, बस्तीस्तरबाट योजना छनौटको अभ्यास नहुनु यस सम्वन्धित नीति नियमहरूको प्रभाबकारी कार्यान्वयनमा कमी रहेको देखिन्छ । पूर्व मनसुन र मनसुनको समयमा मनसुनी वर्षाले नियमित रूपमा असिना, हावाहुरी, बाढी, पहिरो, उच्च हिमपात जस्ता समस्या सिर्जना गर्ने गरेको छ । नगरका विभिन्न क्षेत्रमा सडक निर्माणका लागि डोजरको जथाभावी प्रयोगले भूक्षय भई खेतीबारी र बन क्षेत्रमा पुग्ने समस्या बढदै गएको छ ।

६ ३.३.**सोच**

## “प्रकोप व्यवस्थापनमा पूर्वतयारी, प्रतिकार्य र रोकथामका लागि सक्षम गाउँ”

६ ४.३.**उद्देश्य**

१. प्रभावकारी विपद् व्यवस्थापन गरी विपद्जन्य क्षति न्यूनीकरण गर्नु ।

२. जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्व चेतावनी प्रणाली अवलम्वन गर्नु ।

३. स्थानीय विपद तथा जलवायु उत्थानशील योजना निर्माण गरी लागु गर्नु ।

### ६ ५.३.रणनीति

१. गाउँपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरी आवश्यक व्यवस्थापन गर्ने ।
२. विपद्बाट हुने क्षति कम गर्न तथा विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रकोप नक्शांकन, जोखिम आँकलन तथा पूर्वतयारी गर्ने ।
३. विपद् जोखिम न्यूनिकरण र जलवायू अनुकुलनका कार्यक्रमहरू तयार गरी सञ्चालन गर्ने ।

### ६ ६.३. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| विपद्बाट भएको मानवीय क्षति (विगत ३ वर्षको) घाइते समेत | संख्या | ० | ५ | ० | ० | ० |
| विपद्बाट वार्षिक क्षती (जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ती) | रु. करोड | १ | ३ | २ | १ | ०.५ |
| सुरक्षित खुल्ला स्थान र आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | १५ | १० | १७ | १९ | २० |
| विपद् व्यवस्थापन कोष रकम | रु. हजार | १००० | ५००० | २५०० | ३५०० | ४००० |
| कोभिड १९ विरुद्धको दुई मात्रा खोप प्राप्त गर्ने जनसंख्या | प्रतिशत | ९० | ९५ | १०० | १०० | १०० |

### ६ ७.३. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४५५३ | १८२१ | २७३२ | ० | ० | १६८४ | २८७० | ० |
| २०८१/८२ | ४८२१ | १९२८ | २८९२ | ० | ० | १८०८ | ३०१३ | ० |
| २०८२/८३ | ५३०४ | २१२१ | ३१८२ | ० | ० | १९८९ | ३३१४ | ० |

### ६८.३. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद जोखिम व्यावस्थापन | प्राकृतिक प्रकोपबाट संरक्षण तथा पुनस्थापना | सालबसाली | ४५५३ | उत्थानसिल समुदायको निर्माण |
| २ | विपद व्यबस्थापन कोष स्थापना,आपतकालिन उद्धारकर्ता निर्माण कार्यक्रम | आपतकालिन उद्धारकर्ता, राहत र पुर्नस्थापना गर्नु | सालबसाली | २६४० | विपद न्युनिकरण पहल भएको हुने छ । |
| ३ | विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलन सालबसाली कार्यक्रम | विपद् जोखिम न्यूनिकरण र उत्थानशीलता अभिवृद्धि गर्नु | सालबसाली | १६५० | विपदबाट हुने क्षतिमा वार्षिक ३३ प्रतिशत कमी गर्ने । |

| | | |
|---|---|---|
| जम्मा | ६६०० | |

### ६ ९.३. अनुमान तथा जोखिम

गाउँपालिकले विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने र आवश्यक मानवीय श्रोत परिचालन गरी विपद न्यूनीकरणको लक्ष्य हासिल गर्न सक्ने अनुमान गरिएको छ । मानवीय कारणले हुने विपद बढ्दो अवस्थामा रहेकोले यसको प्रतिकार्य तथा पुनर्लाभमा श्रोत तथा समयको लगानी बढाउनु पर्ने हुन्छ । बाढी र ढुवान लगायत प्रकोपबाट जुनसुकै बेला जस्तोसुकै विपद पर्न सक्ने जोखिम रहन्छ ।

# परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्रमा नीति, कानून, न्याय तथा सुशासन, संगठन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उपक्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

## ७.१ नीति, कानून, न्याय तथा सुशासन

### ७ १.१.पृष्ठभूमि

नेपालको संविधानको व्यवस्थापन अनुसार यस गाउँपालिकाले नीति, कानून, संरचनामा स्थानीय सरकारको अभ्यास गरेको छ। स्थानीय विकास प्रक्रिया, सेवा प्रवाह र प्रशासनलाई चुस्त, पारदर्शी र जवाफदेही बनाउन ऐन , कार्यविधि , नियमावली , निर्देशिका , आचारसंहिता , नीति र मापदण्ड स्थानीय कानूनहरू तर्जुमा गरी राजपत्रमा प्रकाशन गरिएको छ। गाउँपालिकाले शिक्षा ऐन, कृषि व्यवसाय प्रवर्द्धन ऐन, कार्यसम्पादन नियमावली, न्यायिक समितिको उजुरी कार्यविधि सम्बन्धमा बनेको ऐन, विपद्व्य व्यवस्थापन ऐन, बजार अनुगमन लगायतका क्षेत्रमा कानूनहरू तर्जुमा गरी कार्यान्वयन गरेको छ। गाउँपालिकामा न्यायिक समिति गठन भई कार्य सम्पादन गर्दै आएको छ। ९ वडा स्तरीय मेलमिलाप केन्द्रहरू स्थापना भएका छन् र तालीम प्राप्त मेलमिलापकर्ताबाट विवादको समाधान गरिदै आएको छ।

### ७ २.१.समस्या तथा चूनौति

गाउँपालिकाको प्रशासकीय भवन सम्पन्न भईरहेको छ तर पनि कार्यालयको काम सञ्चालन गर्नुपर्ने वाध्यता रहेको छ। सबै वडामा व्यवस्थित वडा कार्यालय निर्माण भइ सकेको छैन। स्थानीय तहमा कार्यक्रम बजेट प्रणाली लागु हुन नसक्दा विषयगत क्षेत्र तथा उप-क्षेत्रगत रुपमा कार्यक्रम तर्जुमा हुन सकेको छैन। मापदण्ड अनुसार योजना अनुशासनको अभ्यास संस्थागत गर्न आवश्यक छ। श्रोत, साधन तथा दक्ष जनशक्तिको तयार गरी सुशासन, विकास तथा समृद्धिका लक्ष्य हासिल गर्ने सम्भावना रहेको छ।

### ७ ३.१.सोच

“स्वच्छ, निश्पक्ष प्रशासन र पारदर्शी जवाफदेही सेवा प्रवाह”

### ७ ४.१.उद्देश्य

१. स्थानीय सेवा सुविधामा नागरिकको समतामूलक पहुँच सुनिश्चित गर्दै सुशासन कायम गर्नु।

२. सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, पारदर्शी र न्यायोचित बनाउनु।

### ७ ५.१.रणनीति

१. गाउँपालिकामा तर्जुमा हुने नीति, कानून, निर्णयलाई सहभागीतात्मक रुपमा तर्जुमा गर्ने
२. सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारीरुपमा कार्य सम्पादन गर्ने,
३. न्यायमा नागरिकको पहुँचका लागि सरलीकृत र स्तरीय न्यायिक सम्पादन गर्ने,

### ७ ६.१.नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ५ | १ | २० | ३० | ४५ |
| स्वीकृत नीति, कानून र कार्यविधि | संख्या | ४० | ५२ | ५५ | ६० | ६६ |
| १. नीति | विषय | २० | २१ | २५ | ३० | ३२ |
| २. ऐन | विषय | ३ | १ | ४ | ५ | ७ |
| ३. नियम तथा विनियम | विषय | २ | १ | ३ | ५ | ७ |
| ४. निर्देशिका, कार्यविधि र मापदण्ड | विषय | १६ | २९ | ३० | ३४ | ३७ |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | ३ | ३ | ४ | ५ | ५ |

### ७ ७.१.विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १८२१ | १८२१ | ० | ० | ० | १८२१ | ० | ० |
| २०८१/८२ | १९२८ | १९२८ | ० | ० | ० | १९२८ | ० | ० |
| २०८२/८३ | २१२१ | २१२१ | ० | ० | ० | २१२१ | ० | ० |

### ७ ८.१.कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | निति तथा कार्यक्रम पुस्तक प्रकाशन | गाउँपालिका निति तथा कार्यक्रम प्रकाशन हुने | सालबसालि | २०० | निति तथा कार्यक्रको ३५० थान पुस्तक प्रकाशन हुने |
| | गाउँपालिकाको कार्यविधि, ऐन, नियमावलि, निर्देशिका, प्रकाशन | गाउँपालिका को काम काज गर्न सहयोग हुने | सालबसालि | ७०० | ऐन ,नियम ,कार्यविधि, निर्देशिका, प्रकाशन हुने |
| | न्याय तर्फ परामर्श सेवा | गा पा मा कानूनी सल्लाहाकार | सालबसालि | १३२ | गाउँपालिकाबाट आएका मुद्बाको बिषयमा सहजिकरण |
| | वडा नं १ देखी वडा न् ९ सम्मका मेलमिलापकर्ताहरुलाई ४८ घण्टा चेतनामुलक तथा अभिमुखीकरण कार्यक्रम | वडा नं १ देखी ९ सम्मका मुद्बाको मेलमिलाप गर्ने | सालबसालि | ७८९ | वडा नं १ देखि वडा नं ९ सम्मका मेलमिलापकर्तारुहरु मुद्बाको मेलमिलापमा ठुलो भुमिका रहेको |
| जम्मा | | | | १८२१ | |

### ७ ९.१.अनुमान तथा जोखिम

न्यायिक समिति तथा मेलमिलाप केन्द्रको माध्यमबाट साना विवादहरु सजिलै छोटो समयमा कम खर्चिलो तरिकाबाट समाधान भएको हुने छ । विवादको वैकल्पिक समाधानको उपाएलाई नागरिकले रोजेर सेवा छरितो रुपमा प्राप्त गर्नेछन् । न्यायिक समितिको कार्यबोझ र विवादको जटिलताको कारण समयमा मेलमिलाप वा निरुपणबाट विवाद समाधान नहुने जोखिम रहन सक्छ ।

## ७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह

### ७ १.२.पृष्ठभूमि

तिला गाउँपालिकाले नयाँ निर्मित भवनबाट गाउँपालिकाको सेवा प्रवाह गरिहरहेको छ भने ३ वटा वडा कार्यालयको आफ्नै भवनबाट र अन्य ६ वटा वडा कार्यालयले भाडामा कार्यलय सञ्चालन गरी सेवा प्रवाह गरिरहेका छन् । यस नगरमा जम्मा ९ वडा रहेका छन् । स्वीकृत संगठन संरचना अनुसार गाउँरपालिकामा १७ वटा विभिन्न शाखाहरू रहेकाछन् जसमा ४२ जना कर्मचारी संलग्न भई सेवा प्रवाह गरिहेका छन् भने ९ वडामा ३३ जना कर्मचारी संलग्न भ२ वडा कार्यालयबाट सेवा प्रवाह भईरहेको छ । गाउँपालिकाको कार्यसम्पादनमा सहजताका लागि कम्प्युटर सफ्टवेयर प्रणालीहरू स्थापना गरी गाउँपालिका र वडामा समेत प्रयोगमा ल्याइएको छ ।

### ७ २.२.समस्या तथा चूनौति

गाउँपालिकाको योजनावद्ध विकासका लागि एकिकृत गाउँ विकास योजना, राजस्व सुधार कार्ययोजना तर्जुमा, दिगो विकास लक्ष्य स्थानीयकरण खाका आधारमा योजना तर्जुमा गर्ने अभ्यास रहेको छ । नगरको विकासका लागि तर्जुमा गरिएका समिति, उपसमितिहरूको गतिशिलताका लागि लिखित कार्य जिम्मेवारी प्रदान गरी सक्रिय रहेका छन् । नगरको क्षमता विकास विश्लेषण गरी सोको आधारमा योजना र कार्यान्वयन गरी सेवा र सुविधा गुणस्तरीय र कार्य सम्पादन नतिजामुखी बनाउने अवसर सृजना गरेको छ ।

### ७ ३.२.सोच

## “सक्षम र जवाफदेही प्रशासन, सूचना प्रविधिमा आधाारित सेवा प्रवाह”

### ७ ४.२.उद्देश्य

१. स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संसाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु ।

### ७ ५.२.रणनीति

१. गाउँपालिका र वडामा रहेको जनशक्तिको क्षमता विकास गरी सेवामा विशिष्टीकरण गर्ने ।
२. सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सेवा प्रवाह गर्ने ।
३. कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्यसम्पादनलाई व्यवस्थित गर्ने ।

### ७. ६.२ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| गाउँपालिका मा कार्यरत मानव संशाधन | संख्या | १४३ | १४७ | १५० | १५० | १५० |
| गाउँपालिकामा कार्यरत प्राविधिक जनशक्ति | संख्या | २० | २२ | २५ | २५ | २५ |
| गाउँपालिका तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | २० | ३० | ४० | ५५ | ६५ |
| मासिक रूपमा वडाको आम्दानी र खर्च सार्वजनिक गर्ने वडाहरू | प्रतिशत | ० | ० | ३० | ५५ | ६५ |

### ७ ७.२. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १६३९१८ | १६३९१८ | ० | ० | ० | १६३९१८ | ० | ० |
| २०८१/८२ | १७३५४९ | १७३५४९ | ० | ० | ० | १७३५४९ | ० | ० |
| २०८२/८३ | १९०९२७ | १९०९२७ | ० | ० | ० | १९०९२७ | ० | ० |

### ७ ८.२. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा | स्थानीय सेवा, संगठन, मानव संशाधन र | सालबसाली | २९७००० | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू भई |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रवाह सुदृढीकरण कार्यक्रम | कार्यसम्पादनमा अभिवृद्धि गर्नु | | | सेवा प्रवाहको स्तरमा ५० प्रतिशतले सुधार हुनेछ। |
| | पारिश्रमिक कर्मचारी | मानव संसाधन व्यावस्थापन गर्ने | सालबसाली | २०५०० | श्रमको सम्मान भएको |
